



राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, पुल्चोक, ललितपुर, नेपाल
पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
हटलाईन: ००९७७-१-५०१००००
फोन: ००९७७-१-५०१००१५, फ्याक्स: ०९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org वेब: www.nhrcnepal.org
Follous us on www.facebook.com/NepalNHRC Twitter: @NepalNHRC


## क्षेत्रिय कार्यालयहरू


राष्ट्रिय मानव अधिकार आयोग
बरगाछी, विराटनगर, मोरङ, नेपाल
फोन: [illegible]
फ्याक्स: [illegible]
ईमेल: nhrcbrt@nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
जनकपुरधाम, धनुषा, नेपाल
फोन: [illegible]
फ्याक्स: [illegible]
ईमेल: nhrcjnk@nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
जनप्रिय मार्ग, पोखरा, कास्की नेपाल
फोन: [illegible]
फ्याक्स: [illegible]
ईमेल: nhrcpkr@nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
खजुरा, नेपालगञ्ज, बाँके, नेपाल
फोन: [illegible]
फ्याक्स: [illegible]
ईमेल: nhrcnpj@nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
उत्तर बेहडी, धनगढी, कैलाली नेपाल
फोन: [illegible]
फ्याक्स: [illegible]
ईमेल: nhrcdhn@nhrcnepal.org


## उप-क्षेत्रिय कार्यालयहरू


राष्ट्रिय मानव अधिकार आयोग
दिक्तेल, खोटाङ, नेपाल
फोन/फ्याक्स: ००९७७ (०)३६ ४२०२८४
ईमेल: nhrckht@nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
बुटवल, रुपन्देही, नेपाल
फोन: ००९७७ (०)७१ ५४६९११
ईमेल: nhrcbtl@nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
जुम्ला बजार, जुम्ला, नेपाल
फोन/फ्याक्स: ००९७७ (०)८७ ५२०७०६
ईमेल: nhrcjum@nhrcnepal.org


# स्व. दयाराम परियार स्मारिका



आफ्नो कार्यक्षेत्रमा कार्यरत रहँदा रहँदै २०६२ चैत्र १५ गते वीरगति प्राप्त गर्नु भएका राष्ट्रिय मानव अधिकार आयोगका कर्मठ मानव अधिकार सहायक स्व. दयाराम परियार

राष्ट्रिय मानव अधिकार आयोग










आफ्नो कार्यक्षेत्रमा कार्यरत रहँदा रहँदै २०६२ चैत्र १५ गते वीरगति प्राप्त गर्नु भएका राष्ट्रिय मानव अधिकार आयोगका कर्मठ कर्मचारी स्व. दयाराम परियारको पार्थिव शरीरलाई श्रद्धाञ्जली दिँदै परिवारजन र विभिन्न महानुभावहरू (इन्सेटमा स्व. परियार)



# स्व. दयाराम परियार स्मारिका

सबैका लागि मर्यादा, समानता तथा न्याय

## राष्ट्रिय मानव अधिकार आयोग
### हरिहर भवन, ललितपुर

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष**
माननीय अनूप राज शर्मा

**सदस्यहरू**
माननीय प्रकाश वस्ती
माननीय सुदिप पाठक
माननीय मोहना अन्सारी
माननीय गोविन्द शर्मा पौड्याल

**का.मु.सचिव**
वेदप्रसाद भट्टराई

**स्मारिका तयारी समिति**

सूर्यबहादुर देउजा, प्रमुख, संवर्द्धन तथा वकालत महाशाखा - संयोजक
यज्ञप्रसाद अधिकारी, प्रमुख, अनुसन्धान महाशाखा - सदस्य
डा.टीकाराम पोखरेल, प्रमुख, नीति अनुसन्धान तथा योजना महाशाखा - सदस्य
सरिता ज्ञवाली, प्रमुख, लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा - सदस्य
घनश्याम भण्डारी, प्रमुख, प्रशासन महाशाखा - सदस्य
हरिप्रसाद ज्ञवाली, संवर्द्धन तथा वकालत महाशाखा - सदस्य-सचिव

**सम्पादन**
सूर्यबहादुर देउजा
डा. टीकाराम पोखरेल

**डिजाइन तथा लेआउट**
सुबोध पोखरेल

मुद्रक :

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

प्रकाशन मिति : चैत्र, २०७२
संस्करण : प्रथम, ५०० प्रति
प्रकाशन नं. : २०१ (के. का.)

**सर्वाधिकार ©राष्ट्रिय मानव अधिकार आयोग**
**हरिहर भवन, ललितपुर, नेपाल ।**

आयोगको पूर्व स्वीकृतिविना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ ।

*यस स्मारिकामा प्रकाशित लेखहरू लेखकका निजी विचार हुन् । त्यसलाई आयोगको आधिकारिक धारणा मानिने छैन ।*

# प्रकाशकीय

राष्ट्रिय मानव अधिकार आयोगको तत्कालीन सम्पर्क कार्यालय जनकपुरमा कार्यरत मानव अधिकार सहायक **दयाराम परियार**को हत्या भएको दस वर्ष पूरा भएको छ । देशमा चलेको दस वर्षे सशस्त्र द्वन्द्वका क्रममा धेरै सर्वसाधारण र अधिकारकर्मीहरूले ज्यान गुमाउनु पर्‍यो । त्यही शृङ्खलामा आयोगका आफ्नै कर्मचारी दयाराम परियार पनि परे ।

आयोगले मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि कार्य गर्दै आएको छ । अधिकारकर्मीको सुरक्षाका लागि मानव अधिकार रक्षक निर्देशिका समेत बनाई लागु गरेको छ । तर, अधिकारकर्मीकै सुरक्षाका लागि वकालत गर्दै आएको आयोगका आफ्नै कर्मचारीको सुरक्षाकर्मीको गोलीबाट हत्या हुनु भनेको अत्यन्त दुखद पक्ष हो । तथापि, यस किसिमको दुखद परिस्थितिका बाबजुद पनि आयोग अधिकारकर्मीको सुरक्षामा विचलित नभई लागिरहनेछ ।

दयाराम परियारको हत्या भए पश्चात् आयोगले घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गरेको छ तर अझै पनि दोषीलाई कारबाही भएको छैन । मृतकको आत्माको शान्ति र देशमा दण्डहीनताको स्थितिको अन्त्य गर्न दोषीलाई कारबाही गर्नुको विकल्प छैन । त्यसैले आयोगको सिफारिस अक्षरशः कार्यान्वयनका लागि आयोगले निरन्तर पहल गरिरहेको छ । आयोगको यो प्रयासमा सहयोग गर्न नागरिक समाज र मानव अधिकार समुदायसँग आयोग आग्रह गर्दछ ।

सशस्त्र द्वन्द्वको विश्रामपछि देशमा दण्डहीनताको अन्त्य हुने आशा नागरिकहरूमा थियो तर त्यस्तो भएन । लोकतान्त्रिक राज्यमा अझै पनि दण्डहीनताले प्रश्रय पाइरहनु सुखद होइन । पीडित अझै पीडित हुने र दोषीहरू एकपछि अर्को गर्दै उम्कँदै जाने हो भने अन्ततः त्यसले नेपालको मानव अधिकारको अवस्थाका बारेमा अन्तर्राष्ट्रिय समुदायमा समेत सकारात्मक सन्देश जाँदैन । अहिले नयाँ संविधान जारी भई कार्यान्वयको चरणमा छ । संविधान कार्यान्वयनको चरणमा दण्डहीनताको संस्कृतिको अन्त्य हुने आशा सबैले गरेका छन् । त्यो आशा निराशामा नबदिलियोस् भन्ने आयोगको अपेक्षा छ ।

स्वर्गीय दयाराम परियारका परिवारले पाउनुपर्ने न्याय अझै पाएका छैनन् । अहिले पनि उनीहरू आँखामा आँसु र हृदयमा वेदनाका व्यथाहरू लिएर न्यायका लागि राज्यका विभिन्न निकायहरू गुहारिरहेका छन् । यस्तो अवस्थामा स्वर्गीय परियारको आत्माले शान्ति पाओस् र दोषीलाई कारबाहीका लागि थप दबाब पुगोस् भन्ने उद्देश्यले आयोगले यो स्मारिका प्रकाशन गरेको छ । यस प्रकाशनमा लेख रचना उपलब्ध गराउने लेखक, प्रकाशन तयारी समिति तथा सम्पानदमा संलग्न सबै कर्मचारीहरूलाई आयोग धन्यवाद ज्ञापन गर्दछ ।

साथै, स्व. दयाराम परियारका सम्पूर्ण आफन्त एवम् परिवारजनहरूप्रति आयोग हार्दिक समवेदना व्यक्त गर्दै स्वर्गीय परियारप्रति श्रद्धाञ्जली अर्पण गर्दछ ।

राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर

# मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी स्व.दयाराम परियारको मृत्यु भएको आज दसौँ वर्षको अवसर पारेर ***स्व.दयाराम परियार स्मारिका*** प्रकाशन भइरहेको छ। यसले समेटेका लेख, रचना तथा जानकारीमूलक सामग्रीहरूले आम मानव समुदाय तथा सरोकारवाला निकायहरू सबैलाई मानव अधिकार रक्षकको चुनौती र सुरक्षाका सम्बन्धमा सञ्चेतना अभिवृद्धि गर्नमा उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

मानव अधिकारको संरक्षण र संवर्द्धनको जिम्मेवारी बहनका क्रममा कार्यस्थलमा खटिएका आयोगका कर्मचारी सशस्त्र द्वन्द्वको सिकार बन्न पुगे । प्रहरी निरीक्षकको कमान्डमा आएको टोलीबाट लापरबाहीपूर्ण ढङ्गबाट चलाइएको गोली लागी २०६२ साल चैत्र ११ गते उपचारका क्रममा उनको मृत्यु भएको थियो। आयोगले घटनाको अनुसन्धान गरी पीडित परिवारलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीका लागि २०६२ साल चैत्र २० गते नेपाल सरकारलाई सिफारिस गरेको करिब दस बर्ष व्यतीत भइसकेको छ तथापि दोषीलाई कारबाही भएको छैन । राज्यको आफ्नै निकायको कर्मचारीको प्रहरी लापरबाहीबाट मृत्यु भएको घटना समेतमा दोषीलाई कारबाही गर्न नसक्नु लज्जास्पद अवस्था हो । यसले दण्डहीनता अन्त्य गर्ने राज्यको अठोटको खिल्ली उडाएको छ । सरकारले आयोगका निर्णय कार्यान्वयनमा सदैव कठिनाइ महसुस गरेको देखिन्छ भने दयाराम परियारको मृत्युको घटनामा पीडितलाई क्षतिपूर्ति प्रदान गरिए तापनि दोषीलाई कारबाही हुन नसकेको अवस्था छ। सरकारले आयोग गठन गर्ने तर त्यसको सिफारिस कार्यान्वयन नगर्ने अवस्था रहनु हुँदैन । सशस्त्र द्वन्द्वका घटनाहरूलाई सम्बोधन गर्ने सम्बन्धमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगको गठन भएको छ तथापि ती आयोगले पनि पर्याप्त र अपेक्षित सहयोग नपाएको अवस्था छ । यी क्रियाकलापले निश्चय नै मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मान हुन सक्दैन। यसको प्रभाव सदैव मुलुकमा दण्डहीनताको संस्कारले प्रोत्साहन पाइरहने देखिन्छ। विश्वको सामु नेपाल सरकारले मानव अधिकारको सम्बन्धमा गरेको प्रतिबद्धतामाथि ठुलो प्रश्नचिन्ह उभिएको छ।

विगतको एक दशक लामो सशस्त्र द्वन्द्व र केही महिना अघिसम्म तराईमा चर्केको आन्दोलन समेतमा मानव अधिकार रक्षकहरूको अवस्था विविध दृष्टिकोणबाट चुनौतीपूर्ण रहेको छ । आयोग आफैंले समेत विविध चुनौतीको समय समयमा सामना गर्दै मानव अधिकार संरक्षण, संवर्द्धनका लागि आफ्नो जिम्मेवारी बहन गर्दै आएको छ । आफ्नै कर्मचारीको मृत्युको घटनामा न्यायका लागि लड्नुपर्ने अवस्थादेखि सम्पूर्ण मानव समुदायको मर्यादा, स्वतन्त्रता, समानताका आधारमा आफ्ना हक अधिकार उपयोग गर्न पाउने वातावरण निर्माण गर्ने हाम्रा दायित्वहरूमा निरन्तर प्रयासरत रहनेछौँ । मानव अधिकारको संरक्षण, संवर्द्धन र यसको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षबाट इमानदार प्रयत्न एवम् प्रतिबद्धता आवश्यक छ र यस अभियानमा सरकार, नागरिक समाज, पत्रकार एवम् सम्पूर्ण सरोकारवालाहरू सबैको योगदानको अपेक्षा गर्दछु।

अनूप राज शर्मा<br>
अध्यक्ष<br>
राष्ट्रिय मानव अधिकार आयोग

# विषय-सूची

| शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| १. स्मृतिमा अधिकारकर्मी दयाराम -प्रकाशचन्द्र परियार | १ |
| २. मानव अधिकार संस्कृति निर्माणमा मानव अधिकार रक्षकका भूमिका र चुनौतीहरू -गोविन्द शर्मा पौड्याल | ६ |
| ३. मानव अधिकार रक्षकको सुरक्षामा नागरिक समाजको भूमिका -चरण प्रसाई | १६ |
| ४. दयाराम सम्मान प्राप्तिको सुखद क्षण -शारदा चन्द | २१ |
| ५. संस्मरणको चौतारीमा दयाराम परियार -श्यामसुन्दर शशी | २८ |
| ६. दयाराम घटनाको अनुसन्धानलाई फर्केर हेर्दा -माधव गौतम | ३३ |
| ७. अधिकारकर्मी सहिदलाई खुलापत्र-भानुभक्त आचार्य | ३५ |
| ८. दयाराम परियारको मृत्यु र न्यायका लागि आयोगले गरेका प्रयासहरू - यज्ञप्रसाद अधिकारी | ३९ |
| ९. दयाको अधिकार - डा.टीकाराम पोखरेल र हरिप्रसाद ज्ञवाली | ४४ |
| १०. महिला मानव अधिकार रक्षक र चुनौतीहरू - सरिता ज्ञवाली | ५१ |
| ११. दयाजी ! न्याय प्राप्ति अवश्य हुनेछ - श्यामबाबु काफ्ले | ६३ |
| १२. मानव अधिकार आयोग र स्व.दयाराम परियार मानव अधिकार स्मृति सम्मान- घनश्याम भण्डारी | ७० |
| १३. संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र र मानव अधिकार रक्षकको अवस्था - पवनकुमार भट्ट | ७७ |
| १४. दयारामको स्वास्थ्य उपचार र अन्तिम बिदाइ : एक संस्मरण - वासुदेव बजगाई | ८९ |
| १५. मेरो रगतले बाँच्न नसकेका दयाराम - श्रीराम अधिकारी | ९४ |
| १६. दयारामसँगै गोली लागी मारिएका रामचन्द्र यादवका परिवारको पीडा - श्यामसुन्दर शशी | ९६ |
| १७. Protection of Human Rights Defenders: Challenges and Opportunities - Surya Deuja | 98 |
| १८. राज्यको दृष्टिमा मानव अधिकार ऐच्छिक विषय भएको छ - टेकनाथ बराल | १०८ |
| १९. स्व. दयाराम परियारसम्बन्धित केही तस्वीरहरू | ११३ |
| २०. स्व. दयाराम परियार सम्बन्धित समाचारहरू | ११५ |

# स्मृतिमा अधिकारकर्मी दयाराम



✍ *प्रकाशचन्द्र परियार*

व्यक्तिलाई सामान्य रूपमा उसको नाम, गाउँ र ठाउँको परिचयबाटै चिन्ने चलन पुरानो हो । बाबुको घर कता पर्‍यो नि ? के थरी नि ? जस्ता परम्परागत सोधनीहरू आज पनि गाउँठाउँमा नभएका होइनन् । तर, पारिवारिक निकट सदस्य जसको परिचय सहिद भइसकेको छ, जसलाई अधिकारकर्मी, मानव अधिकार रक्षक जस्ता उपमा लाग्छ र जो भौतिक रूपमा हामीसँग छैनन् तर दण्डहीनताको वकालत आध्यात्मिक संसारबाट गरिरहेका छन् उनीबारे कलम चलाउन म आफैलाई निकै सकस परिरहेको छ । पिर, सकस र पारिवारिक पीडालाई थाती राख्दै उनको परिचय, योगदान र असामयिक अवसानको सरल बेलीविस्तार लाउन मैले यो पृष्ठभूमि बाँधेको हुँ ।

पारिवारिक रूपमा दयाराम मेरा भाइ हुन्; जसको जन्म २०४० फागुन ५ गते सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका तरहरामा भएको हो । पिता लालबहादुर परियार र आमा अम्बिकादेवी परियारको कोखबाट जन्मिएका परियारको बाल्यकाल सुनसरीको तरहरामै बितेको थियो । दयारामले तरहराको जनसहयोग माविबाट एसएलसी प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन् । उच्च शिक्षा महेन्द्र बहुमुखी धरानबाट सुरु गरेका दयारामले स्नातक तहको अध्ययन भने नेपाल कमर्स क्याम्पस मीन भवनबाट पूरा गरेका थिए ।

अध्ययनकै सिलसिलामा उनले राष्ट्रिय मानव अधिकार आयोगले आह्वान गरेको मानव अधिकार सहायक पदमा नाम निकालेका हुन् । आफ्नो प्रारम्भिक सेवा हरिहर भवन पुल्चोकबाट सुरु गरेका परियारले राष्ट्रिय मानव अधिकार आयोगको





तत्कालीन सम्पर्क कार्यालय हालको क्षेत्रीय कार्यालय जनकपुरमा कार्य गर्ने जिम्मेवारी पाएका थिए । उनले २०६२ माघबाट जनकपुर सम्पर्क कार्यालयमा काम सुरु गरेका हुन् । जनकपुरका स्थायी बासिन्दा समेत रहेका न्यायाधीश रामनगिना सिंह, जो पछि राष्ट्रिय मानव अधिकार आयोगका सदस्य पनि हुनुभयो उहाँकै शब्दमा-“दयाराम जोसिला र केही गरौँ भन्ने स्वभावका युवा थिए, मेरो गृह जिल्ला भएकाले पनि मैले दयारामको जनकपुर कार्यालयको कामलाई नजिकबाट नियालिरहेको थिएँ । उनीसँग केही भिजन थियो; तौरतरिका थियो र कार्यालयलाई आकर्षक बनाएर राखेका थिए । मानव अधिकारका शाश्वत भनाइहरू कार्यालयमा सजाएर राखेको मलाई मन पर्‍यो ।” त्यति वेला उनको फुर्तिलो र रचनात्मक काम गराइलाई सम्झँदै पूर्व सदस्य सिंह अगाडि भन्नु हुन्छ “दुर्भाग्यवश तिन महिना पनि बित्दा नबित्दै जनकपुरको जनकचोकमा प्रहरीको गोली लागेर उनी घाइते भएको समाचारले हामीलाई मर्माहत बनायो ।”

मुलुकमा राजाको प्रत्यक्ष शासन चलिरहेको थियो । जनअधिकारलाई लत्याउँदै शाही शासनमा मज्जा लिइरहेको दरबार विरुद्ध बिस्तारै दलहरू सङ्गठित विद्रोहमा उत्रिन लागेका थिए । प्रमुख सात दलले शाही शासन विरुद्ध जनआन्दोलन छेडिरहँदा त्यसको पहिलो निसाना नेपालको प्रेस जगत् र अधिकारकर्मीहरू थिए । आन्दोलनको अनुगमन गर्नु पर्ने दायित्व मानव अधिकारकर्मीहरूसँग थियो भने त्यसको समाचार सङ्कलनको कठिन काम प्रेस जगत्को । राजधानी केन्द्रित आन्दोलन चर्किरहेका वेला २०६२ चैत ११ गते साँझ कान्तिपुर टेलिभिजनका मेरा मित्र गोविन्द चालिसे मार्फत एउटा समाचार आयो- “तपाईंको भाइ जनकपुरमा काम गर्ने होइन, आज साझ जनकपुरको जनकचोकमा प्रहरीको गोली लागी एकजनाको घटनास्थलमै मृत्यु भएको र तपाईंको भाइ घाइते भएको खबर आएको छ । गोली लागेको समाचार छ । उनी घाइते छन् । उपचार जारी छ ।”

भाइ घाइते र स्थानीय रामचन्द्र यादवको घटनास्थलमै मृत्यु भएको समाचार बिस्तारै मिडियाहरूमा सार्वजनिक हुन थाल्यो । काठमाडौँमा मानव अधिकार आयोगका तत्कालीन पदाधिकारी तथा कर्मचारीहरूसँग सम्पर्क चलिरह्यो । कोखामा गोली लागेको र उनको उपचार जनकपुरमा सम्भव नहुने खबरसँगै आयोगले हेलिकप्टरबाट काठमाडौँ ल्याउने पहल गरिरहेको तर राती भएका कारण कठिन भएको जानकारी  मैले पाइरहेको थिएँ । जुनसुकै अवस्थाबाट भए पनि राजधानी

पुर्‍याउन पाए उचित उपचार हुने प्रार्थनासँगै त्यसका लागि अनुनय विनय चलिरहेको थियो भने आयोगबाट पनि पहल चलि नै रहेको थियो ।

दुर्भाग्यवश त्यस दिन हेलिकप्टर जनकपुर आउन सकेन । घाइतेलाई काठमाडौँभन्दा नजिक र आधुनिक अस्पताल विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लाने कि भन्ने कुरा पनि उठिरहेको थियो । जनकपुरस्थित कान्तिपुरकर्मी श्यामसुन्दर शशीसँगको मेरो वार्ता पनि चलि नै रहेको थियो । जनकपुरमा हाम्रा आफन्त इष्टमित्र भन्नु नै शशीजी थिए । दुर्भाग्य, दयारामकै कार्यालयका कार्यालय प्रमुख गोली काण्डपछि बेखबर रहे । सहकर्मीप्रतिको दायित्व त के मानवताका हिसाबले निभाउनुपर्ने न्यूनतम कर्तव्यबाट समेत उनी च्यूत भएको हामीले पाएका थियौँ । हामीलाई सम्पर्क गर्ने कुरा त टाढाको भइहाल्यो उनी हाम्रो सम्पर्कमा समेत आएका थिएनन् । त्यस दिन म बिदाका कारण सुनसरीको तरहरामै थिएँ । भोलि बिहानै जनकपुर जाने र काठमाडौँबाट आएको हेलिकप्टरमै भाइलाई लिएर काठमाडौँ जाने योजनाका साथ हामी भगवान्सँग प्रार्थना गर्दै थप समाचार, उपचार र आयोग तथा शशीजी लगायतसँग निरन्तर सम्पर्कमै बस्यौँ । भोलि बिहानै विराटनगरस्थित कान्तिपुर पब्लिकेसन्सको पत्रिका बोक्ने गाडीबाट हामी जनकपुरतर्फ लाग्यौँ । बाटामा पत्रिका छोड्दै हाम्रो हतारको गन्तव्य जनकपुर साँच्चै किलोमिटरका हिसाबले नजिक भए पनि प्रतीक्षाका हिसाबले निकै टाढा भयो । काठमाडौँबाट सेनाको हेलिकप्टर जनकपुर आइसक्दा पनि हामी भने त्यहाँ पुग्न सकिरहेका थिएनौँ । हामीले हेलिकप्टरलाई रोकाउनु भन्दा पनि तुरुन्तै लगेर काठमाडौँमा थप उपचार गराउनु बेस भन्दै हामीलाई नकुर्न भन्यौँ ।

पिताजीसँगको यो सल्लाहपछि भाइलाई राजधानीको त्रि.वि. शिक्षण अस्पताल लगेर उपचार सुरु गरियो । हामी भने करिब १२ बजेको सीता एयरबाट राजधानी आयौँ । राजधानीमा मेरी बहिनी सावित्रा, रत्नबहादुर वाग्चन्द, जीवन परियारहरू लगायतले अस्पतालमा थप उपचारको व्यवस्था मिलाइ सकेका थिए । हामी राजधानी आइपुग्दा दयारामको कोखामा गडेको गोलीको शल्यक्रिया भइसकेको थियो । हामीले उनीसँग बोल्न पनि पाएका थिएनौँ । शल्यक्रियाअघि उसले बुबा कति वेला आउनु हुन्छ भनेर सोधिरहेको कुरा बहिनीले सम्झाएकी थिइन् । शल्यक्रिया सफल भएको डाक्टरले बताएसँगै एक प्रकारको पीडामा मलम लगाएझैँ भएको थियो ।

आइसियू कक्षमा जारी उनको उपचारमा कुनै कसर बाँकी नराख्ने थप उपचारका लागि भारतमा समेत लान सकिने कुरा चलिरहेका वेला दयारामको स्वास्थ्य जटिल





बन्दै गएको डाक्टरहरूले बताउन थालेका थिए । तर, उपचारकै क्रममा इन्फेक्सन भएकाले केही जटिल समस्या सिर्जना भयो भनिरहेका वेला चैत्र १५ गते बिहान दयारामले सहादत प्राप्त गरेको कुरा चिकित्सकले घोषणा गरे, अनि सुरु भयो मानव अधिकार क्षेत्रकै पहिलो सहिदका रूपमा दयारामको सहादतको समाचार विश्वमै फैलिनेक्रम । त्रि.वि. शिक्षण अस्पतालमा अधिकारकर्मी, पत्रकार, शुभेच्छुकहरूको ठुलो भिड बढ्दै गयो । समवेदना प्रकट गर्न घटनाबारे थप जान्न र सहयोग सद्भावको हात बढाउन शुभेच्छुकहरूको ठुलो जमघट चलिरह्यो । दयारामको शवको पोस्टमार्टमपछि मानव अधिकार आयोगको कार्यालय पुल्चोक परिसरमा पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जली प्रकट गर्ने कार्यक्रम तय भयो । पार्थिव शरीरमा माल्यार्पण गर्दै आयोगका तत्कालीन अध्यक्ष नयनबहादुर खत्रीले प्रहरीको उत्तेजना र गोली चलाउनुपर्ने कुनै कारणै विना भएको घटनाको निन्दा गर्दै दोषीमाथि कारबाहीको माग गर्नु भएको थियो । सोही दिन आर्यघाटमा एक श्रद्धाञ्जली सभाको आयोजना गरी दयारामको दाह संस्कार गरिएको थियो । श्रद्धाञ्जली समारोहमा बार एसोसिएसन, पत्रकार माहासङ्घ, अधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधि र तथा ठुलो सङ्ख्यामा शुभेच्छुक र सर्वसाधारणको सहभागिता थियो ।

घटनापछि आयोगले जनकपुर गोली काण्डमा प्रहरी निरीक्षक प्रकाशराज शर्मा नेतृत्वका चार जना प्रहरीलाई दोषी ठहर गरी फौजदारी अभियोगमा मुद्दा चलाउन सरकारलाई निर्देशन दिएको थियो । दयारामको सहादतसँगै शाही शासन विरुद्ध आन्दोलन चर्कँदै गयो । दयारामले सहादत प्राप्त गरेको छब्बिसौँ दिनमा शाही शासनको अन्त्य भयो । दुर्भाग्य, आजसम्म दोषीलाई कारबाही हुन सकेको छैन ।

कारबाहीको माग गर्दै हाम्रो परिवार सर्वोच्च अदालतसम्म पुग्यो । अदालतले अग्राधिकारसँगै सरकारका नाममा कारण देखाऊ आदेश समेत जारी गर्‍यो । तर, त्यसको बेवास्ता गर्दै प्रहरी प्रशासन र सरकारले दण्डहीनतालाई प्रश्रय दिइरहेका छन् । मानव अधिकार आयोगले घटनाको एक दशक पुगिसक्दा पनि आफ्नै आयोगका मानव अधिकार रक्षकको हत्याबारे सङ्गिन समीक्षा गरेर किन दोषीलाई कारबाही हुन सकेन ? हामी कहाँ चुक्यौँ ? यसले दण्डहीनतालाई कसरी मलजल गरिरहेको छ भन्नेबारे हेक्का राखेको छ कि छैन ? आयोगमाथि यो प्रश्न आजपर्यन्त छ । अझ आयोगले दयारामको स्मृतिलाई ताजा राख्न, सामान्य प्रचलनलाई समेत

पछ्याउन नसकेको हो कि भन्ने परिवारको प्रश्नलाई सम्बोधन गर्न सकिरहेको छैन । शाही कालमा प्रहरी गोली लागी हत्या गरिएका आफ्ना कर्मचारीलाई सहिदको सम्मान दिलाउन आयोग चुकिरहेको छ। चाहे हुलाक टिकट प्रकाशन गरेर होस् या राष्ट्रिय पुरस्कारको स्थापना गरी उनलाई सदा स्मरणीय बनाउने कामलाई दशक पुगिसक्दा पनि संस्थागत गर्न नसक्नुलाई आयोग नेतृत्वले साधारण उत्तर दिएर कदापि पन्छन मिल्दैन तर अहिलेसम्म त्यस्तै भइरहेको छ।

खास गरेर मानव अधिकार क्षेत्रमै एउटा अपूरणीय क्षति व्यहोर्नु परेको कुरामा दुईमत छैन भने त्यसलाई चिरस्थायी बनाउन राज्यलाई प्रत्यक्ष परोक्ष दबाब, अनुरोध तथा लबिङ अत्यावश्यक छ। दयाराम परियार स्मृति सम्मान सुरु गरेर भने आयोगले राम्रो काम गरेको छ । सम्मानलाई पुरस्कारमा ढाल्दै थप नयाँ नयाँ कार्यक्रम तथा स्मृतिजन्य गतिविधि बढाउन आयोगलाई परिवारका तर्फबाट गरिएको आग्रहलाई पुनः दोहोर्‍याउन चाहन्छु।

दयाराम परियार गोलीकाण्डको अनुसन्धान भइसकेको प्रसङ्गमा सरकारलाई ताकेताको दबाबले मात्रै नपुग्ने भएकाले वैकल्पिक उपाय अपनाएर पनि कारबाही गराउन अग्रपहल हुनु जरुरी छ । दण्डहीनताले मुलुकलाई अगाडि बढाउँदैन बरु अधिकारकर्मी, मानव अधिकार रक्षक र प्रेस स्वतन्त्रता अभियन्ताहरूलाई कमजोर बनाउछ। त्यसले समग्रमा विधिको शासनलाई कमजोर बनाउँदै बलको शासनलाई अगाडि बढाउँछ भन्ने सत्यलाई पनि आत्मसात् गर्नु जरुरी छ।

प्रसङ्ग वा सन्दर्भ दयाराम परियारको संस्मरण भए पनि दयाराम नेपालको मानव अधिकार र लोकतान्त्रिक आन्दोलनका एक जना सहिद भएकाले पनि उनीप्रतिको न्यायको दायित्व मानव अधिकार आयोग, सरकार, राज्य, मानव अधिकार समुदाय र नागरिक समाजसँग उत्तिकै छ, त्यसलाई लिपिबद्ध गर्नु नै आजको आवश्यकता हो।

भावपूर्ण श्रद्धाञ्जली दया ! हामी सम्झिरहनेछौं, न्यायका लागि लडिरहनेछौं ।

*.(लेखक पत्रकार तथा स्वर्गीय दयाराम परियारका दाजु हुन् )*





# मानव अधिकार संस्कृति निर्माणमा मानव अधिकार रक्षकहरूको भूमिका र चुनौतीहरू



*✍ गोविन्द शर्मा पौड्याल*

## १. परिचय

मानिसले जन्मसिद्ध रूपमा प्राप्त गर्ने अधिकारहरू नै मानव अधिकारका विषयहरू हुन्। मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै मानव अधिकार संस्कृतिको विकास गर्ने प्रमुख दायित्व राज्यको हो । राज्यले सो कार्य गरे नगरेको निगरानी राख्ने मानव अधिकार रक्षकहरूको महत्त्वपूर्ण कार्य हो । मानव अधिकार रक्षकहरूको परिभाषा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार रक्षकहरूको घोषणा पत्र, १९९८ ले गरेको छ। उक्त घोषणा पत्रले उनीहरूको काम, कर्तव्य र अधिकारका बारेमा पनि प्रस्ट गरेको छ । घोषणा पत्रले एक्लै वा एकअर्कासँग मिलेर शान्तिपूर्ण रूपमा मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि कार्य गर्ने "व्यक्ति वा समूह वा संस्थालाई मानव अधिकार रक्षक भनेको छ।" राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२ बमोजिम आयोगबाट जारी मानव अधिकार रक्षक सम्बन्धी मार्ग निर्देशिका, २०६९ को नियम १ (च) मा "व्यक्तिगत रूपमा, समूहमा वा संस्थागत रूपमा मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान तथा पालना सम्बन्धी काममा संलग्न व्यक्तिलाई मानव अधिकार रक्षक सम्झनुपर्ने उल्लेख गरेको छ। सो शब्दले पूर्णकालीन वा आंशिक रूपमा वैतनिक वा अवैतनिक रूपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँछ" भनी उल्लेख गरेको छ । यी परिभाषाहरूले मानव अधिकारको संरक्षण, प्रवर्द्धन वा वकालतका माध्यमबाट मानव अधिकार संस्कृतिको विकासमा कुनै न कुनै किसिमले योगदान पुर्‍याउने व्यक्ति वा समूहहरू नै मानव अधिकार रक्षक भएको बुझ्न सकिन्छ।

## २. मानव अधिकार रक्षकका अधिकारहरू

मानव अधिकार रक्षकहरू पनि मानव भएका कारण मानव अधिकारका दस्तावेजहरूले प्रत्याभूति गरेका सबै अधिकार उनीहरूका पनि अधिकार हुन् । तर, उनीहरूले अरूको अधिकारका निमित्त पनि काम गर्नेहुँदा उनीहरूका अधिकारलाई राज्यले विशेष महत्त्व दिनु आवश्यक हुन्छ । यस सम्बन्धमा घोषणा पत्रले एक्लै वा अरूसँग मिलेर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकार सम्बन्धी काम गर्ने, मानव अधिकारसँग सम्बन्धित सूचना प्राप्त गर्ने, संस्था बनाउने, संस्थामा सहभागी हुने, शान्तिपूर्ण रूपमा भेला हुने तथा मानव अधिकार हनन विरुद्ध शान्तिपूर्ण कार्यक्रमहरूको सञ्चालन गर्ने, मानव अधिकार हननका विषयमा आलोचना गर्ने र सुधारका लागि सुझाव दिने तथा मानव अधिकार संरक्षणका लागि कानुनी परामर्श र सहायता दिने, मानव अधिकारसँग सम्बन्धित नयाँ सोचहरूको विकास र वकालत गर्ने तथा मानव अधिकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वका बारेमा सार्वजनिक सुनुवाइ र बहस गर्ने, मानव अधिकार हननका विषयमा उजुरी गर्ने तथा मानव अधिकार संरक्षणका लागि सरकारी निकायहरूसँग संवाद गर्ने लगायतका अधिकारहरू उल्लेख गरेको छ ।

## ३. मानव अधिकार रक्षकका कामहरू

सबैका निम्ति सबै मानव अधिकारको अवधारणामा आधारित भई मानव अधिकार रक्षकहरूले कार्य गर्नु पर्दछ । उसले वर्ग, लिङ्ग, उमेर, जातजाति, भाषा, धर्म वा भौगोलिक र सामाजिक अवस्थितिका मानिसहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारको प्रत्याभूतिका निमित्त कार्य गर्दछ । शान्तिपूर्ण अवस्था होस् वा सशस्त्र द्वन्द्व वा प्राकृतिक प्रकोप वा अन्य कुनै प्रकारका विपद्को अवस्था पनि मानव अधिकार रक्षकहरूले पीडितहरूको मानव अधिकारको प्रत्याभूतिका लागि गर्ने कार्य उनीहरूको दायित्व अन्तर्गत पर्दछ । यसरी गरिने कार्यहरू प्रकृति र पहुँचका आधारमा स्थानीय, राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्तरमा पनि गर्न सकिन्छ ।

पीडितहरूलाई सहयोग गर्न मानव अधिकार सम्बन्धी सूचनाहरूको सङ्कलन गर्ने र त्यसलाई सिफारिस वा प्रकाशन वा अन्य कुनै तरिकाबाट प्रायोग गरी मानव अधिकारको अवस्थामा परिवर्तन ल्याउनका निमित्त नै मानव अधिकार रक्षकहरूले कार्य गर्दछन् । राष्ट्रका निकायहरूलाई जवाफदेही बनाउन र दण्डहीनताको अन्त्य





गर्न मानव अधिकार अनुगमन, अनुसन्धान एवम् वकालत गर्नु पनि मानव अधिकार रक्षकहरूको कर्तव्य हो । यस्तै राज्यका निकायहरूले गरेका मानव अधिकार हननका कार्यहरूर मानव अधिकारको क्षेत्रमा निभाउनु पर्ने दायित्व पूरा नगरेको कुरामा त्यस्ता निकायहरूको आलोचना र राज्यबाट गरिने असल शासन र मानव अधिकारमुखी नीतिहरूमा सहयोग पु¥याउनु पनि उनीहरूको कर्तव्य हो । मानव अधिकारका विभिन्न विषयहरूमा जनचेतना अभिवृद्धि गर्ने, मानव अधिकार शिक्षाको प्रवर्द्धन गर्ने तथा क्षमता विकास गर्ने कुरामा योगदान पु¥याउनु मानव अधिकार रक्षकहरूको अर्को महत्वपूर्ण कार्य हो ।

समाजले  मानव अधिकार रक्षकहरूलाई मानव अधिकार प्रत्याभूतिका सन्दर्भमा कर्तव्य वाहकका रूपमा लिँदै अधिकारको प्रत्याभूतिमा पनि उनीहरूकै भूमिका रहने भनी राखेकोभन्दा केही फरक रूपमा उनीहरूले अधिकार वाहक र कर्तव्य वाहकका बिचमा पुलको कार्य गर्ने हुन् । उनीहरूले अधिकार वाहकहरूलाई आफ्नो अधिकारका बारेमा सचेत गराउँदै कर्तव्य वाहकहरूलाई आफ्नो कर्तव्य पालना गर्न अभिप्रेरित गर्ने गर्दछन् ।

## ४. नेपालमा मानव अधिकार रक्षकका अवसर र भूमिका

नेपालको सामाजिक संरचनामा वर्गीय, जातीय तथा लैङ्गिक विभेद व्यापक रूपमा रहेको पाइन्छ ।  दशक लामो सशस्त्र द्वन्द्व, त्यसपछिको सङ्क्रमण कालीन अवस्था र न्यायको पर्खाइमा बसेका हजारौं पीडितहरूको मानव अधिकार संरक्षण कार्य चुनौतीपूर्ण अवस्थामा रहनुले मानव अधिकार रक्षकले अझै धेरै  काम गर्न बाँकी छ । मानव अधिकारका आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक पाँचवटै अधिकारका हरेक पक्षहरूमा आम नागरिकहरूको पहुँच अनिवार्य छ । यसका लागि मानव अधिकार रक्षकहरूले सहजकर्ताको भूमिका निर्वाह गर्नु जरुरी छ । मानव अधिकार रक्षकहरूले कर्तव्य वाहक र अधिकार वाहककाबिचमा पुलको काम गरी मानव अधिकार संरक्षणमा सहजकर्ताको भूमिका निर्वाह गर्न सक्दछन् । सशस्त्र द्वन्द्व तथा अस्थिर राजनीतिक अवस्था, संविधान निर्माणका क्रममा भएका जनजाति तथा क्षेत्रीय आन्दोलन, वर्तमान संविधानको प्रारम्भिक मस्यौदा निर्माण र संविधान घोषणा पश्चात् मधेस केन्द्रित आन्दोलन र भूपरिवेष्टित मुलुक नेपालको भारतसँगको नाकामा भएको अवरोध तथा राजमार्ग केन्द्रित आन्दोलनका कारण सिर्जित मानवीय सङ्कट र निरन्तरको राजनीतिक अस्थिरताका कारण मुलुकमा नागरिक तथा राजनीतिक अधिकारहरू बढी मात्रामा हनन भइरहेको कारण नेपाली

मानव अधिकार रक्षकहरू बढी मात्रामा यसै विषयमा केन्द्रित भएको र आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारहरू अझै पनि ओझेलमा परेको पाइन्छ । यस कारण जनताका खाद्य, आवास, स्वास्थ्य, शिक्षा र रोजगारीको अधिकार जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई समेत मानव अधिकारका महत्वपूर्ण मुद्दाका रूपमा लिएर अगाडि बढ्नु अहिलेको आवश्यकता हो । साथै, २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प पश्चात् प्राकृतिक प्रकोप प्रभावितहरूको अधिकार संरक्षणमा समेत मानव अधिकार रक्षकहरूले भूमिका निर्वाह गर्नु अत्यावश्यक छ ।

सशस्त्र द्वन्द्वमा पीडित भएका व्यक्तिहरूलाई सङ्क्रमण कालीन न्यायका संयन्त्रहरू मार्फत न्याय, परिपूरण र आत्मसम्मानको अभिवृद्धि गर्दै समाजमा मेलमिलापको वातावरण कायम गरी द्वन्द्वका तुसहरूलाई मेटाई दिगो शान्ति कायम गर्न मानव अधिकार रक्षकहरूको भूमिका अपरिहार्य छ । मानव अधिकारमैत्री संविधान निर्माणका लागि मानव अधिकार रक्षकहरूले गर्दै आएको वकालतको कारण नै अधिकारमुखी संविधान बन्न सकेको हो । संविधानको प्रभावकारी कार्यान्वयनमा पनि मानव अधिकार रक्षकहरू त्यत्तिकै लागि पर्नुपर्ने आवश्यकता छ ।

***यस क्रममा राष्ट्रिय मानव अधिकार आयोगले आफ्ना कर्तव्यनिष्ठ कर्मचारी दयाराम परियारलाई गोली हानी मार्ने प्रहरी कर्मचारीलाई कारबाही गर्न गरेको सिफारिस बमोजिम दोषीलाई आजसम्म पनि सरकारले कानुनी कारबाही गरेको छैन । वर्तमान आयोगले यस घटना र आयोगका सिफारिस कार्यान्वयन नभएका सबै घटनाहरूलाई गम्भीरताका साथ लिई यस सम्बन्धमा संवैधानिक क्षेत्राधिकार प्रयोग गर्ने तयारी गरिरहेको छ ।***

समाजमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, बालबालिका, ज्येष्ठ नागरिक, तेस्रोलिङ्गी, अल्पसङ्ख्यक तथा अन्य पिछडिएको क्षेत्र र भेदभावमा परेका समुदायहरूमा आर्थिक, सामाजिक तथा सांस्कृतिक र नागरिक तथा राजनीतिक अधिकारहरूको उपभोगमा पहुँच वृद्धिका निमित्त सशक्तीकरण, वकालत तथा जनचेतनामूलक कार्यक्रमहरूको सञ्चालन गर्नु उत्तिकै आवश्यक छ जुन कुरा राज्यका निकाय तथा मानव अधिकार रक्षकहरूको सहकार्यबाट मात्र सम्भव हुन सक्दछ ।

नेपालको मानव अधिकारको अर्को समस्या सुशासन तथा जवाफदेही शासन पद्धतिको अभाव हो । भ्रष्टाचारले नागरिकका आर्थिक तथा सामाजिक





अधिकारहरू कुण्ठित भइरहेको देखिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदन अनुसार पनि नेपाल विश्वका अत्यधिक भ्रष्टाचार हुने मुलुकहरूमध्येमा पर्दछ । भ्रष्टाचार सम्बन्धी अनुसूची २०१५ मा नेपाल १२६औं स्थानमा रहेको थियो । मानव अधिकार रक्षकहरूले सुशासन स्थापना गर्न तथा भ्रष्टाचारको न्यूनीकरणका निमित्त थप वकालत र पैरवी गर्नु पर्ने आवश्यकता छ । मानव अधिकारमुखी विकास पद्धतिबाट नै आम नागरिकहरूको आर्थिक सामाजिक अधिकारहरूको उपभोग सुनिश्चित गर्न सकिने भएका कारण राज्यका निकायहरूलाई खास गरी राज्यका विषयगत निकायहरू र स्थानीय निकायहरूका विकासका योजनाहरूमा मानव अधिकारमुखी विकास पद्धतिलाई समावेश गराउन मानव अधिकार रक्षकहरूको भूमिका अपरिहार्य छ । नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना लगायतका मानव अधिकार सम्बन्धी कार्ययोजनाहरूको कार्यान्वयन, विश्वव्यापी आवधिक समीक्षाका सिफारिसहरू लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन जस्ता विषयहरूको अनुगमन गरी राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका प्रतिबद्धताहरूको कार्यान्वयनको अनुगमन गरी उसको दायित्वका बारेमा सचेत गराउने कुरामा समेत मानव अधिकार रक्षकहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।

## ५. नेपालमा मानव अधिकार रक्षकहरूको अवस्था

नेपालमा मानव अधिकार रक्षकहरूको अवस्था सम्बन्धी तथ्यहरूलाई विश्लेषण गर्दा विशेष समय, स्थान र अवस्था एवम् पहिचान अनुसार फरक फरक पाउन सकिन्छ । मानव अधिकार रक्षकहरूको अवस्थाको विश्लेषण गर्दा कम्तीमा सशस्त्र द्वन्द्व र यसपछिको सङ्क्रमण कालीन अवस्था, संविधान निर्माणका क्रममा भएका जनजाति र मधेस केन्द्रित आन्दोलनका बारेमा चर्चा गर्नु आवश्यक हुन्छ ।

विगतको एक दशक लामो सशस्त्र द्वन्द्वको समयमा मानव अधिकार रक्षकहरूको अवस्था विविध दृष्टिकोणबाट अत्यन्त चुनौतीपूर्ण रहेको थियो । अन्य नागरिकहरू जस्तै मानव अधिकार रक्षकहरूले बलपूर्वक बेपत्ता, अपहरण, हत्या, यातना तथा अमानवीय एवम् अपमानजनक व्यवहारबाट पीडित हुनु परेको थियो । मानव अधिकारको क्षेत्रमा काम गरेको र मानव अधिकारका मुद्दाहरू उठाएको वा लेखेको आधारमा नै उनीहरूमाथि राज्य तथा गैरराज्य पक्ष दुबैको आक्रमण खप्नु परेको थियो । सशस्त्र द्वन्द्वको समयमा बलपूर्वक बेपत्ता पारिएका पत्रकार, कानुन व्यवसायी एवम् अन्य मानव अधिकार रक्षकहरूको अवस्था हालसम्म पनि

सार्वजनिक भएको छैन । हत्या भएका मानव अधिकार रक्षकहरूका परिवारहरूले अझैसम्म न्याय पाउन सकेका छैनन् । सशस्त्र द्वन्द्वको समाप्ति भएको सात वर्ष बितिसक्दा पनि न्याय नपाएका मानव अधिकार रक्षक लगायत मानव अधिकार हननका पीडितहरू कठिन अवस्थाको सामना गर्दै न्यायका निमित्त लडिरहेका छन् । विस्तृत शान्ति सम्झौता, २०६३ तथा नेपालको अन्तरिम संविधान, २०६३ को मूल मान्यताले सत्य निरूपण तथा मेलमिलाप आयोग र उच्चस्तरीय बेपत्ता छानबिन आयोग गठन गर्ने भनी भएको व्यवस्था कार्यान्वयनमा भएको ढिलाइ, गठनपछिका ती संयन्त्रहरूको कार्यगत शिथिलताले पनि पीडित मानव अधिकार रक्षकहरूको सुधारको अवस्था चिन्ताको विषय भइरहेको छ । राजनीतिक दलहरूले दोषीहरूलाई पूर्ण रूपमा उन्मुक्ति दिने उपायहरूको खोजी गरिरहेको सन्दर्भमा ती संयन्त्रहरूबाट वास्तविक रूपमा पीडितलाई न्याय दिलाउने कार्यमा मानव अधिकार रक्षक सक्रिय हुनु पर्ने अवस्था विद्‌यमान रहेको छ ।

तत्कालीन राजाको प्रत्यक्ष शासन अवधिमा भएको जनआन्दोलन २०६२/०६३ मा मानव अधिकार रक्षकहरूले ठुलो चुनौतीको सामना गर्नु परेको थियो । अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, शान्तिपूर्वक भेला हुने अधिकार लगायतका आधारभूत स्वतन्त्रताहरूलाई सङ्कटकालको नाममा कुण्ठित गरिएको थियो । पत्रकार लगायतका मानव अधिकार रक्षहरूलाई थुनछेक गर्ने, आक्रमण गर्ने र यातना दिने कार्य व्यापक मात्रामा भएको थियो । सो समयमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूलाई समेत देशभित्र र बाहिर आवत जावत गर्न रोक लगाइएको थियो । मानव अधिकार, आधारभूत स्वतन्त्रता, लोकतन्त्र, शान्ति र विधिको शासनको पक्षमा वकालत गर्ने ठुलो सङ्ख्याका मानव अधिकार रक्षकहरूलाई थुनछेक गर्ने, आवत जावतमा रोक लगाउने जस्ता कार्यहरू व्यापक मात्रामा भएको थियो ।

दोस्रो जनआन्दोलनको सफताल र सशस्त्र द्वन्द्वको समाप्तिपछि राज्यका निकायहरूबाट मानव अधिकार रक्षकहरूमाथि हुने आक्रमणका घटनाहरूमा कमी आएको भए पनि सङ्क्रमण कालीन अवस्थामा राज्यका संयन्त्रहरू अन्त्यन्त कमजोर भई दण्डहीनताको अवस्था विद्‌यमान रहँदा मानव अधिकार रक्षकहरूको सुरक्षाको सवाल चुनौतीपूर्ण नै रह्यो । खास गरी मानव अधिकार रक्षकहरूमाथि सुरक्षाकर्मी, राज्यका अधिकारीहरू, राजनीतिक दल तथा तिनका भातृ सङ्गठनका





कार्यकर्ताहरूबाट हुँदै आएका हिंसाका घटनाहरूले मानव अधिकार रक्षकहरूको सुरक्षाको अवस्था अझै पनि चुनौतीपूर्ण छ ।

विशेष गरी मानव अधिकार रक्षकहरूले हत्या, यातना, बेपत्ता, गैरकानुनी थुना र यौन हिंसा लगायतका घटनाहरूबाट पीडितहरूको मानव अधिकारका मुद्‌दा, भष्टाचार र जवाफदेहिताका विषयमा अभिव्यक्ति दिँदा मानव अधिकार रक्षकहरूले बढी मात्रामा जोखिको सामना गर्नु परेको पाइन्छ । यस्तो अवस्थामा पीडकहरूले धम्की दिने, झुठा आरोप लगाउने, बदनाम गराउने र कतिपय अवस्थामा भौतिक आक्रमण गर्ने लगायतका कार्यहरू गरिएका तथ्यहरू प्रशस्तै पाइन्छन् ।

सशस्त्र द्वन्द्वपछि नेपालको दक्षिण तराई र पुर्बी पहाडमा क्रियाशील सशस्त्र समूहहरूले धम्की दिने, अपहरण गर्ने, फिरौति माग्ने र हत्या नै गर्नेसम्मका क्रियाकलापहरूबाट ती क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरूले सुरक्षाको दृष्टिकोणबाट चुनौतीपूर्ण अवस्थाको सामना गर्नु परेको थियो ।यसबाट केही मानव अधिकार रक्षकहरू विस्थापित समेत भएको पाइएको छ । साना हातहतियारको बिगबिगीले मानव अधिकार रक्षकहरूको सुरक्षामा समेत चुनौती थपिदिएको छ ।

संविधानसभाबाट नेपालको संविधान, २०७२ जारी अघि र पछि नेपालको खास गरी तराई-मधेस क्षेत्रमा जारी आन्दोलनमा मानव अधिकार रक्षकहरूलाई लक्षित गरी विशेष गरी आन्दोलनकारीहरूबाट धम्की, दुर्व्यवहार, सवारी साधन र सञ्चार गृहमाथि तोडफोडका घटनाहरू भएका छन् । यसक्रममा आयोगको जुम्ला उपक्षेत्रीय कार्यालयका कर्मचारीमाथि आन्दोलनरत पक्षबाट भएको हातपात, जनकपुरमा आयोगका कर्मचारी तथा मानव अधिकार रक्षकहरूमाथि प्रहरीबाट भएको दुर्व्यवहार, सर्लाहीको नवलपुरमा मधेस केन्द्रित दलहरूको आन्दोलनको अनुगमनको क्रममा खटिएका आयोगका कर्मचारीहरूलाई दुर्व्यवहार गरी सवारी साधनमा आगजनी गरिएको घटनाले पत्रकार तथा आन्दोलनकारीले स्वतन्त्र रूपमा काम गर्ने अधिकार कुण्ठित हुन पुगेको देखिन्छ ।

मानव अधिकार रक्षकहरूले व्यहोर्नु परेको अन्य अवरोधहरूमा राज्यका निकायहरूबाट सहज रूपमा सूचना उपलब्ध नगराउने तथा उनीहरूले उठाएका मानव अधिकारका सवालहरूमा पर्याप्त सुनुवाइ नहुने कुराहरू रहेका छन् । देशमा विद्‌यमान दण्डहीनताको कहाली लाग्दो अवस्थाले मानव अधिकार रक्षकहरूलाई थप चुनौती सृजना गरेको छ ।

महिला, अपाङ्गता भएका, दलित, अल्पसङ्ख्यक तथा तेस्रो लिङ्गी समुदायका मानव अधिकार रक्षकहरूका थप चुनौतीहरू रहेका छन् । उनीहरूलाई अपमानित गर्ने, भेदभाव गर्ने एवम् उनीहरूका आवाजहरूलाई कम महत्त्व दिने जस्ता कुराहरूले यस्ता जोखिमपूर्ण समुदायका मानव अधिकार रक्षकहरूले काममा प्रशस्त मात्रामा अवरोधहरूको सामना गर्नु परिरहेको अवस्था छ ।

मानव अधिकार रक्षकहरू आफैले पनि व्यावसायिक दक्षता, स्रोत साधनको अभाव, परनिर्भरता र निष्पक्षता कायम राख्न नसक्ने अवस्था जस्ता कुराहरूले पनि त्यतिकै मात्रामा चुनौतीहरू थपिएको पाइन्छ । यस बाहेक पीडितहरूले मानव अधिकार रक्षकहरूप्रति राखेको अनपेक्षित अपेक्षा र त्यसलाई पूरा गर्न नसकिने अवस्थाले पनि चुनौतीलाई थपिदिएको छ । मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरू र व्यक्तिहरूबिच समन्वय एवम् सहकार्यको कमी तथा कतिपय अवस्थामा अस्वस्थ प्रतिस्पर्धालाई पनि मानव अधिकार रक्षकहरूको चुनौतीका रूपमा लिन सकिन्छ । तराई मधेस आन्दोलनका क्रममा मानव अधिकार रक्षकहरूको भूमिका पनि निष्पक्ष नभई विरोधाभासपूर्ण हुन गएको पाइएकाले मानव अधिकार रक्षकहरूले पनि सावधानी अपनाई निष्पक्ष भूमिका निर्वाह गर्नु पर्दछ ।

नेपालमा मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी छुट्टै संयन्त्र स्थापना गरिएको छैन । राज्यका विभिन्न निकायहरू, राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य मानव अधिकार सम्बन्धी संस्थाहरूले मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण तथा क्षमता विकास सम्बन्धी कार्यहरू गरिरहेका छन् । अदालतहरूबाट पनि मानव अधिकार रक्षकहरूको अधिकार संरक्षणमा केही पहल भएको पाइन्छ । अयोगले जारी गरेको मानव अधिकार रक्षकहरूको मार्ग निर्देशिका २०६९ मा मानव अधिकार रक्षकहरूको आचार संहिता अनुगमन गर्नका लागि एउटा समिति गठन हुने कुरा उल्लेख छ तर हालसम्म यस्तो संयन्त्रको गठन हुन सकेको छैन । मानव अधिकार रक्षकहरू सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र, १९९८ लाई कार्यान्वयन गर्ने उद्देश्यका साथ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायतका मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूको पहलमा मानव अधिकार रक्षकहरू सम्बन्धी विधेयक मस्यौदा भएको छ तर उक्त कानुन हालसम्म लागु भएको छैन ।

संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्मा नेपालको मानव अधिकार अवस्थाको विश्वव्यापी आवधिक समीक्षा सन् २०११ र २०१५ मा भएको थियो । ती





समीक्षाको क्रममा नेपालमा मानव अधिकार रक्षकहरूको सुरक्षा अवस्था निकै चुनौतीपूर्ण रहेको भन्ने विषयमा छलफल भएको थियो । ती समीक्षाहरूले नेपालका मानव अधिकार रक्षकहरूको सुरक्षाका लागि विशेष संयन्त्र बनाउन गरेको सिफारिसमा नेपाल सरकारले सिफारिस कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको थियो तर कार्यान्वयन अवस्था सन्तोषजनक छैन । मानव अधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्र सङ्घमा विशेष समाधिक्षकले नेपालको औपचारिक भ्रमण गर्ने प्रयास गरे पनि नेपाल सरकाले सहयोग नगरेको कारण यो पनि सफल हुन सकेको छैन । यस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको पहललाई राज्यले सकारात्मक रूपमा लिई सिफारिसहरू कार्यान्वयन गर्ने र आवश्यक समन्वय र सकहार्य गर्नु पर्नेमा सो हुन नसक्दा मानव अधिकार रक्षकहरूको अधिकार संरक्षणमा चुनौतीहरू थपिएका छन् ।

## ६. निष्कर्ष

मानव अधिकार संस्कृतिको विकास गर्न मानव अधिकार रक्षकहरूको भूमिका महत्त्वपूर्ण छ । मानव अधिकार रक्षकहरूको सक्रियताबाट नै मानव अधिकारको प्रवर्द्धन र संरक्षण हुने निश्चित छ । नेपालका मानव अधिकार रक्षकहरूले सशस्त्र द्वन्द्व, विभिन्न आन्दोलनहरू, सङ्क्रमण कालीन अवस्था, मेधस केन्द्रित आन्दोलन लगायत जोखिमपूर्ण परिस्थितिमा पीडितहरूको मानव अधिकार संरक्षणमा खेलेको भूमिका प्रशंसनीय छ । मानव अधिकार रक्षकहरूको आफ्नै अधिकारको अवस्था भने सन्तोषजनक नभइरहेको अवस्थामा उनीहरूले खेलेको भूमिकाको सकारात्मक मूल्याङ्कन आवश्यक छ ।  आफ्नो काम गर्दाको अवस्थामा सबै क्षेत्र, वर्ग वा समूहका मानव अधिकार रक्षकहरूले सबैभन्दा बढी व्यहोर्ने हिंसा भनेको धम्की र दुर्व्यवहार देखिएको छ । आरोपित पीडकहरू, सुरक्षाकर्मी लगायत राज्यका निकायहरू, सशस्त्र द्वन्द्वरत पक्षहरूएवम् राजनीतिक दल वा तिनका भातृ सङ्गठनका कार्यकर्ताहरूबाट मानव अधिकार रक्षकहरूमाथि हुने धम्की र दुर्वव्यवहारका घटनाहरू निरन्तर रूपमा हुँदै आएको पाइन्छ । पछिल्लो समयमा मानव अधिकार रक्षकहरू राजनीतिक दलका कार्यकर्ताबाट असुरक्षित हुने अवस्था बढ्दै गएको तराई मधेसमा भएका आन्दोलनबाट देखिएको छ । हत्या, बेपत्ता, यातना, अमानवीय एवम् अपमानजनक व्यवहार, कुटपिट, अपहरण, गैरकानुनी थुना, झुट्टा लाञ्छना जस्ता कुराहरू मानव अधिकार रक्षकहरूले निरन्तर रूपमा भोग्दै आएका अन्य समस्याहरू हुन् । मुलुकमा विद्यमान दण्डहीनताको संस्कृति नै मानव अधिकार रक्षकहरूको सबैभन्दा ठुलो चुनौती हो ।

मानव अधिकार रक्षहरूले आफ्नो व्यावसायिक दक्षताको अभिवृद्धि गर्दै मानव अधिकार संरक्षण तथा प्रवर्द्धनको कार्यलाई अझ प्रभावकारी बनानुपर्ने आवश्यकता रहेको छ । जसरी आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा राजनीतिक अधिकारहरू एकअर्कासँग अन्तरसम्बन्धित छन् त्यसै गरी मानव अधिकार रक्षकहरूले यी सबै अधिकारहरूको महत्त्वलाई आत्मसात् गरी आम नागरिकहरूलाई सबै अधिकारहरूको प्रत्याभूति गराउने उद्देश्यका साथ काम गर्नु आवश्यक देखिछ । खास गरी ओझेलमा परेका आर्थिक तथा सामजिक अधिकारहरूका लागि पैरवी गर्नु पर्ने आवश्यकता छ । राज्यलाई मानव अधिकारप्रति जवाफदेही बनाउनका निमित्त मानव अधिकार रक्षकहरूले सत्ययुक्त प्रमाणमा आधारित वकालतका क्रियाकलापहरूलाई अझ बढी सशक्त बनाउनु पर्ने आवश्यकता रहेको छ ।

जोखिम र खतराको अवस्थामा रहेका मानव अधिकार रक्षकहरूको तुरुन्त उद्धार गर्नु सुरक्षा निकाय तथा सम्बन्धित सबैको प्राथमिक कर्तव्य हो । मानव अधिकार रक्षकहरूको सुरक्षालाई राज्यले प्राथमिकतामा राख्नु पर्दछ र उनीहरूको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हो । मानव अधिकार रक्षकहरूलाई कानुन बमोजिम आवश्यक सूचनाहरू उपलब्ध गराउनु राज्य तथा अन्य निकायहरूको कर्तव्य हो । मानव अधिकार रक्षकहरूले पनि मानव अधिकारका स्थापित मूल्य र मान्यता बमोजिम राजनीतिक वा व्यक्तिगत स्वार्थभन्दा माथि उठेर कार्य गर्न सकेमा मानव अधिकार संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान पुग्न सक्दछ ।

*(लेखक राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य हुनु हुन्छ ।)*





# मानव अधिकार रक्षकको सुरक्षामा नागरिक समाजको भूमिका



✍ *चरण प्रसाई*

नेपालमा मानव अधिकार र लोकतन्त्रको संरक्षण, सम्मान र संवर्द्धनका लागि नागरिक समाजको भूमिका महत्त्वपूर्ण रहँदै आएको छ । त्यसमाथि मानव अधिकार रक्षक यही समाजको एक प्रमुख अङ्ग पनि हो । यिनको सुरक्षालाई लिएर वेलाबखत प्रश्न उठ्ने गरेका छन् । मानव अधिकार रक्षक नै असुरक्षित र कमजोर भएमा यसको प्रत्यक्ष असर आम नागरिक समेतमा पर्न जानु स्वाभाविकै हो । यसबाट मुलुकमा लोकतन्त्र तथा मानव अधिकारको स्थिति खस्कँदै जानेछ । निरङ्कुश विचार र शक्तिले टाउको उठाउने अवसर पाउने छन् । साथै, मानव अधिकार रक्षकको ज्यान जोखिममा परेका उदाहरणहरू समेत छन् ।

दयाराम परियार एक होनहार युवा तथा मानव अधिकार रक्षक, अनुगमनका क्रममा प्रहरीको गोलीबाट २०६५ चैत्र १५ गते मृत्यु भयो । मधेसमा आन्दोलन चलिरहेको वेला तत्कालीन मानव अधिकारको स्थिति अनुगमन गर्न जनकपुर बजार क्षेत्रमा उनी कार्यरत थिए । उनलाई प्रहरीले चलाएको गोली लाग्यो; घाइते भए; उपचारका लागि काठमाडौं ल्याइयो तर बाँच्न सकेनन् । गोली चलाउने जिम्मेवार निकाय तथा सुरक्षाकर्मीको पहिचान भएको छ । दोषीमाथि न्यायिक कारबाहीको सिफारिस राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई गरेको छ । तर, विडम्बना हालसम्म आरोपितमध्ये कसैलाई न्यायको दायरामा ल्याइएको छैन । स्वयम् आयोगका कर्मचारीको हत्या हुँदा पनि उसको सिफारिस कार्यान्वयन भएको छैन । यो एक तितो यथार्थ हो । यसबाट आयोगको प्रभावकारितामा समेत प्रश्न उठेको छ ।

आजभन्दा चौध वर्षअघि अर्थात् २०५८ साल माघ ३ गते, एक अत्यन्त लोकप्रिय र प्रभावशाली शिक्षक एवम् मानव अधिकार रक्षक मुक्तिनाथ अधिकारीको माओवादीले दुराडाँडा, लमजुङमा हत्या गरे । उनी एम्नेस्टी नेपाल लमजुङ शिक्षक समूह ७९ का संयोजक थिए । पङ्क्तिकार एम्नेस्टीको केन्द्रीय अध्यक्ष भएका नाताले यसक्षेत्रमा

उनीसँग काम गर्ने मौका पाएको थियो । हत्या हुनुअघि विद्यालय कक्षा कोठामा उनी पढाउँदै थिए । त्यही बखत माओवादी एक दस्ता आयो । जबरजस्ती कक्षा कोठामा प्रवेश गऱ्यो र उनलाई नियन्त्रणमा लियो । त्यसपछि केही क्षणको दुरीमा लगेर उनको बर्बरतापूर्वक हत्या भयो । यो व्यक्ति हत्या प्रकरणको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक निन्दा भयो । उक्त घटनामा संलग्न व्यक्तिहरूको पहिचान भएको छ । यसको उजुरी लमजुङ प्रहरीमा परेको छ तर द्वन्द्वकालका बहानामा आरोपितहरू अहिलेसम्म न्यायको दायरामा आएका छैनन् ।

मानव अधिकार रक्षकको विद्यमान सुरक्षा स्थितिलाई केलाउँदा हालसालै भएको सर्लाही नवलपुरको घटनालाई पनि लिन सकिन्छ । शान्तिपूर्ण आन्दोलनहरूको अनुगमन गर्नु मानव अधिकार क्षेत्रको काम समेत हो । यही क्रममा रामाअआ एक टोली त्यहाँ आयोजित मधेसी मोर्चाको आमसभाको अनुगमन गर्न खट्यो । अधिकृत नितु गडतौलाको नेतृत्वमा गएको उक्त अनुगमन टोलीमाथि भौतिक आक्रमण भयो । टोली चडेको गाडी तोडफोड गरियो र आगजनी समेत भयो । जसोतसो ज्यान जोगाउन उक्त टोली सफल भयो । तथापि, यस प्रकरणले मानव अधिकार रक्षकको धरातलीय जोखिमको अवस्थालाई भने प्रस्ट्याएको छ ।

यस घटनापछि आयोगले असुरक्षाको कारण देखाएर आफ्ना अनुगमनका कार्यक्रम स्थगन गऱ्यो । सबै अनुगमन टोली फिर्ता भएको समाचार सार्वजनिक भयो । त्यसको प्रतिक्रियामा मधेसी मोर्चाले आयोगसँग छलफल गरेर त्यस्ता घटना नदोहरिने प्रतिबद्धता जाहेर गऱ्यो । त्यसपछि आयोगले अनुगमन प्रक्रिया फेरि सुरु भएको जनकारी दियो ।

यी घटना र प्रसङ्गहरू यस लेखमा उठाउनुको तात्पर्य मानव अधिकार रक्षक आआफ्ना कार्यस्थलमा कति असुरक्षित छन् भन्ने चित्रण हो । दण्डहीनताको जर्जरतालाई समेत यी घटनाले उजागर गरेको छ । हत्यामा आरोपित कोही पनि कारबाहीमा परेका छैनन् । राज्यं दण्डहीनतालाई संस्थागत गर्न उद्यत रहेको यी ज्वलन्त उदाहरण हुन् । राज्यको न्याय तथा जवाफदेहिताप्रतिको उदासीनताको प्रतीक हो यो । यस खाले असुरक्षा बिच कसरी काम गर्ने ? भन्ने एक गम्भीर प्रश्न मानव अधिकार क्षेत्रमा उठेको छ ।

तथापि, यसो भन्दैमा मानव अधिकार हननका घटनालाई टुलुटुलु हेरेर यो क्षेत्र बस्न सक्दैन र मिल्दैन पनि । राज्य एवम् गैरराज्यपक्षलाई मानव अधिकारका सवालमा





जवाफदेही बनाउनु यसको प्रमुख कार्य हो । यसका लागि नागरिक समाजको महत्त्वपूर्ण साथ चाहिन्छ । खास गरी २०४६ सालको जनआन्दोलन तथा प्रजातन्त्रको पुनर्बहालीपछि नेपालमा नागरिक समाज सशक्त एवम् प्रभावकारी बन्दै आएको छ । यसले संयुक्त राष्ट्र सङ्घद्वारा जारी मानव अधिकार सम्बन्धी महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र दस्तावेजहरूको नेपाल पक्षराष्ट्र बनाउनमा अहम् भूमिका खेलेको छ ।

नागरिक समाजको पैरवी र दबाबमा तत्कालीन रामाअआको ऐन जारी भयो । त्यसपछि आयोगका पदाधिकारी नियुक्त गर्न समेत सरकार बाध्य भयो । सशस्त्र द्वन्द्वकाल, ०६२/०६३ जनआन्दोलन र तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन कालमा समेत सम्बन्धित पक्षलाई यिनै सन्धि, सम्झौता र केही हदसम्म आयोगको उपस्थितिबाट जवाफदेही बनाउने काम भयो । यही क्रममा खस्कँदो मानव अधिकारको स्थितिलाई सुदृढ पार्न राष्ट्र सङ्घीय मानव अधिकार उच्च आयुक्त प्रतिनिधिको कार्यालय समेत नेपालमा खडा भयो । यसबाट मुलुकमा जोखिममा परेको मानव अधिकारको स्थिति र मानव अधिकार रक्षकको सुरक्षामा केही हदसम्म भए पनि सुधार आयो ।

नगरिक समाज भन्नाले २०४६ र ०६२/०६३ सालमा नेपालको राजनीतिक परिवर्तनमा विशेष भूमिका निर्वाह गरेका व्यक्ति तथा सङ्घ-संस्थालाई बुझ्ने गरिन्छ । यिनले मानव अधिकार तथा लोकतन्त्रको रक्षा एवम् बहालीका लागि सशक्त योगदान गरे । दण्डहीनता विरुद्धका आवाज उच्च राखे । जेलनेलको परबाह गरेनन् । कुनै डर-त्रास र भयले तिनलाई छोएन । नागरिक अधिकार रक्षाका लागि शान्तिपूर्ण ढङ्गबाट निरन्तर लडिरहे । नागरिकको सम्मानपूर्वक बाच्न पाउने अधिकार' सुनिश्चित गर्न पक्षधर भए । निरङ्कुशता र अन्यायका विपक्षमा यिनीहरू जहिले पनि उभिए ।

यिनीहरू पत्रकार, वकिल, शिक्षक, प्राध्यापक, इन्जिनियर, स्वास्थ्यकर्मी, अधिकारकर्मी, पीडित परिवार, गैरसरकारी सङ्घ-संस्था प्रतिनिधि, पूर्वसरकारी कर्मचारी एवम् पूर्वन्यायाधीश समेतका व्यक्ति एवम् आबद्ध संस्था हुन् । नेपालको नागरिक समाज र अधिकारकर्मी बिच सहकार्य विश्वमा उदाहरणीय बनेको छ । यस समूहको सक्रिय सहयोग एवम् सहभागितामा दुबै आन्दोलन सशक्त बने र अन्तमा सफल पनि भए । मुलुकमा नागरिक तथा राजनैतिक अधिकारको बहालीमा

यिनको उल्लेखनीय योगदान रह्यो । त्यसैले पनि मानव अधिकार रक्षकको सुरक्षामा नागरिक समाजको भूमिकाले विशेष महत्त्व राख्दछ ।

यसै संदर्भमा ९ डिसेम्बर सन् १९९८ मा संयुक्त राष्ट्र सङ्घद्वारा मानव अधिकार रक्षकहरू सम्बन्धी घोषणा पत्र समेतलाई आत्मसात् गनुपर्ने हुन्छ । यसले प्रत्येक व्यक्तिएवम् समूहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका मानव अधिकार एवम् मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन तथा संरक्षण र परिपालनका लागि प्रयास गर्ने अधिकार पहिलो धारामा लेखिएको छ । यसबाट यो स्पष्ट हुन्छ भने माथि उल्लिखित समूह, व्यक्तिगत वा संस्थागत हिसाबले आआफ्ना कार्य क्षेत्रमा सरिक भएका हुन्छन् ।

उदाहरणका लागि शिक्षकले विद्यार्थीलाई मानव अधिकारको शिक्षा दिएको अवस्थालाई लिन सकिन्छ । पत्रकारले सञ्चार माध्यमद्वारा जीवनरक्षा तथा मानव अधिकारका पक्षमा चालाएका अभियान पर्दछन् । वकिलले आफ्नो पेसा मार्फत पीडितका पक्षमा वकालत गरेर न्याय दिलाएका छन् । स्वास्थ्यकर्मीले नागरिकको बाँच्न पाउने अधिकारका लागि काम गरेका हुन्छन् । त्यसै गरी नागरिक समाजका भनिएका अगुवाहरूले अधिकार बहालीका लागि शान्तिपूर्ण आन्दोलन अथवा पीडित तथा दण्डहीनताका पक्षमा भएगरेका वकालतलाई समेत लिन सकिन्छ ।

नागरिक समाजको एकताबाट मात्र निरङ्कुश शासन र सोचको अन्त्य भएको नेपालको अनुभव छ । मानव अधिकार रक्षक नागरिक समाजको एक प्रमुख अङ्ग पनि हो । स्वेच्छाचारी र दमनकारी शक्तिका लागि ऊ प्रमुख बाधक बन्ने गरेको छ । स्वभावले निरङ्कुश शक्तिको सहिष्णुताको स्तर प्रायः शून्य हुने गर्दछ । मानव अधिकार र न्याय पक्षधरको मनोबल गिराउने र डरत्रासको स्थिति सृजना गर्न सधैं ऊ उद्यत रहन्छ । यसबाट उसको लक्ष्य पूरा नभए भौतिक क्षतिसम्म पुर्‍याउन समेत त्यो पछि पर्दैन । त्यसैले यो स्थिति रोक्न मानव अधिकार रक्षक एवम् नागरिक समाजबिच गहन सहकार्य अनिवार्य छ ।

स्मरण रहोस् पूर्ण कालीन मानव अधिकार रक्षक, जसलाई अधिकारकर्मी भनेर नेपालमा चिन्ने गरिन्छ; मानव अधिकार हनन तथा ज्यादती कर्ताका तारोमा पर्ने गर्दछन्; चाहे त्यो राज्य पक्षबाट होस् अथवा गैरराज्यबाट । किनभने, तिनले गरेका गलत कार्यसँग मानव अधिकार रक्षकले कहिलै सम्झौता गरेनन् र गर्दैनन् पनि । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा तिनका अवाञ्छनीय क्रियाकलापको खुलासा





यिनीबाट भए । यस कारण पनि मानव अधिकार रक्षक बढी असुरक्षित भएका हुन् । मोफसलमा कार्यरत रक्षकको अवस्था अझबढी गम्भीर छ ।

यसमा उल्लिखित मानव अधिकार रक्षक दयाराम परियार, मुक्तिनाथ अधिकारी र नितु गडतौलामाथिका घटना मोफसलका हुन् । राजनीति वृत्तमा दण्डहीनताको संस्कृति मौलाउँदै गएको प्रतिफल पनि हुन् यी । यो २०४६, ०६२/०६३ सालका जनआन्दोलन र सशस्त्र द्वन्द्वकालमा आरोपित एवम् दोषी ठहर भएका प्रायःसबैले उन्मुक्ति पाउँदै गएको परिणाम हो । नागरिक समाजको आवाज कमजोर हुन थालेपछि दण्डहीनता संस्थागत हुँदै गएको वास्तविकता यसबाट झल्किन्छ । कानुनको दायरामा पर्नुपर्ने व्यक्ति कानुन कार्यान्वयन निकायका प्रमुख समेत बनेका छन् यो मुलुकमा । उदाहरणका लागि नेपाली सेनाका रुकमाङ्गत कटवाल, नेपाल प्रहरीका कुबेरसिंह राना र सशस्त्र प्रहरीमा दुर्जकुमार राईलाई लिन सकिन्छ । त्यसैले राज्यको यस बेथितिको चपेटामा मानव अधिकार रक्षक समेत पर्नु अस्वाभाविक
होइन ।

यस परिप्रेक्ष्यमा मानव अधिकार रक्षकको सुरक्षामा नागरिक समाजको भूमिकाले महत्त्व राख्दछ । यी दुईबिच अन्योन्याश्रित सम्बन्ध रहे मात्र यो सम्भव छ । न्यायपूर्ण समाजको रूपान्तरणका लागि यी दुबै शक्ति एकअर्काका परिपूरक हुनु जरुरी छ । मानव अधिकार रक्षकको सुरक्षा पनि यसमा गाँसिएको छ । चाहे त्यो केन्द्रमा होस् अथवा मोफसलमा । यो सम्बन्ध भनेको 'ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गा' जस्तो हो । यसले समाज र राष्ट्रलाई नै चल्दोबल्दो (भाइब्रेन्ट) बनाउँछ । त्यसपछि मात्र मानव अधिकार रक्षक आआफ्ना कार्यक्षेत्रमा सुरक्षित महसुस गर्नेछन् । अन्ततः न्यायपूर्ण, लोकतान्त्रिक र मानव अधिकारमैत्री समाजको परिकल्पना सार्थक हुनेछ ।

*(पङ्क्तिकार मानव अधिकारकर्मी हुन् ।)*

# दयाराम सम्मान प्राप्तिको सुखद क्षण



*शारदा चन्द*

## १.पृष्ठभूमि

जीवन गतिशील यात्रा हो । यही गतिशील यात्रा गर्ने सन्दर्भमा म पनि जीवनलाई चलायमान बनाउनु पर्छ भन्ने मान्यताका साथ निरन्तर सङ्घर्षरत रहेकी छु । हुन त मानव जीवनका अनेकौं पाटा छन्; अनेकौं बाटा छन्; असङ्ख्य घुम्ती, मोड, आरोह र अवरोहहरू छन् । यी अनेकौं विविधताभित्रका मार्गहरूमध्ये कसैले साहित्य लेखन, कसैले शिक्षण, कसैले राजनीति, कसैले व्यापार व्यवसाय, कसैले खोज अनुसन्धान, न्याय, प्रशासनिक, समाजसेवा, सिने कलाकार आदि इत्यादि क्षेत्रहरू रोज्ने गर्दछन् । त्यो हरेकको रुचि, मनोवृत्ति तथा इच्छा आकाङ्क्षामा भर पर्ने कुरा हो । व्यक्तिका भिन्न रुचिकै कारण आज मान्छे अन्यभन्दा भिन्न प्रकृतिको कहालिँदै आएको छ; त्यो सर्वव्यापी तथा अकाट्य कुरा हो । त्यसैले त मान्छे मान्छे बन्न पुगेको छ । त्यसैले मैले पनि आफ्नो जीवनको अन्तिम लक्ष्य निर्धारण गरेँ- विशुद्ध समाज सेवा अर्थात् मानव सेवा ।

नेपाली समाज बहुआयामिकताको सङ्गम हो; जहाँ भाषा, धर्म, लिङ्ग, आर्थिक, राजनीतिक, सामाजिक, न्यायिक, शैक्षिक, उमेरगत, शारीरिक, मनोवैज्ञानिक लगायत अनेकौं सामाजिक जीवनसँग जोडिएका सवालहरूले गर्दा आज अनेकौं जटिलता थपिँदै गइराखेको छ । फलतः समाज समुन्नत तथा समृद्धितिर लम्किनुको साटो झन्झन् सामाजिक दलदलमा भासिँदै बेमेलको अन्धकारमय भुमरीमा रुमलिँदै गइरहेको आभास हुन्छ । त्यसैले यो सामाजिक समस्यारूपी जटिलतालाई स्वविवेकले विश्लेषण तथा मनन गरी आज म त्यही सकसभित्र आफ्नो जीवनको भविष्यलाई रत्तिभर पनि ख्याल नगरी समृद्ध, समतामूलक तथा समानतामूलक समाजको सुन्दर एवम् स्वर्णिम भविष्य बनाउनमा तल्लीन रहेकी छु ।





म आफू पनि यही समाजकै उपज भएकीले समाजमा विद्यमान महिला हिंसा, चेलिबेटी बेचबिखन, यौन हिंसा, अनमेल विवाह, बहुविवाह, विधुर विवाह, अपाङ्गता, बालश्रम शोषण, वयोवृद्ध आमा, बाबुहरूको बेवारिसे स्थितिका दर्दनाक कथाव्यथाले निकै मन कुँडिएकाले गर्दा यही समाजमै गर्नु पर्ने धेरै कामहरू छन् भन्ने सङ्घारमा पुगी तिनै वर्ग, लिङ्ग, क्षेत्रका जटिलता चिर्न आफूलाई तमस्याएँ । यिनै क्षेत्र नै आज मेरा लागि मार्गदर्शक एवम् प्रेरणाका स्रोत बन्न पुगेका छन् । हुन त मेरो स्कुले जीवनदेखि नै मानव सेवामा लाग्ने उभारहरू तरङ्गित नभएका होइनन् । अझ त्यसैमा समाजमा देखा परेका अनेकौं समस्या, अन्याय, अत्याचार, गरिबी, अशिक्षा, बेरोजगारी, कुस्वास्थ्य आदिबाट ग्रसित समाजले झन् यस कार्यमा लाग्ने मलजल प्रदान गऱ्यो । त्यसमा पनि विशेष गरी ग्रामीण भेगका दुर्गम बस्तीहरू, प्रभावित ठाउँ र व्यक्तिसम्म पुगेर सर्वसाधारणका पिरमर्का, दुखेसा र आँसु अनुभव गर्ने सुअवसरले झन् भित्रैदेखि कुतकुत्यायो र यिनै कुराले नै भावी चुनौतीसँग सामना गर्न निरन्तर हौस्यायो । यसैबाट आत्मसन्तुष्टि पनि बेग्लै भएको अनुभव गरेकी छु । त्यही रहरको उपज हो, सङ्गिन घडीमा पनि मानव अधिकारका क्षेत्रमा होमिनु अनि प्राप्त गर्नु ‘दयाराम स्मृति मानव अधिकार सम्मान’ पनि ।

त्यसै गरी मैले बालश्रमिकको व्यथा बुझ्ने अवसर पाएको छु । एचआइभी र एड्स पीडितको सुस्केरा सुनेकी छु । बेचिएका चेलीको चित्कार सुनेकी छु; बोक्सीको आरोपमा मलमूत्र खुवाई बहिष्कृत गरेको देखेकी छु । त्यसै गरी ज्येष्ठ नागरिकसँगको दुर्व्यवहारमा अपमानका घटना आफ्नै आँखाले नजिकबाट नियालेकी छु र तिनै विषयलाई आफ्नो जीवनका भावी योजनाका दीर्घकालीन मूलमन्त्र ठानेकी
छु । मेरा लागि समाज सेवा एउटा व्यक्तिको जीवनको समय व्यतीत गर्ने ठाउँ मात्र नभई निमुखा व्यक्तिका लागि ओकालत गर्ने, ध्वनि सङ्गीत र निस्तब्धताले सजिएको एउटा चौबाटो हो ।

वर्तमान समाज युगीन पितृसत्तात्मक सोच, बोक्सी प्रथा, देउकी प्रथा, छाउपडी प्रथा लगायत धेरै सामाजिक मूल्य मान्यताका कारण हिंसात्मक अपराधबाट प्रताडित भइरहेको छ । यसका लागि समाजका हरेक सरोकारवाला सम्बन्धित पक्षहरू नै सचेत हुनु पर्ने आजको टड्कारो आवश्यकता हो । त्यसै गरी समस्याको सही निदानका लागि कानुनको कार्यान्वयन, न्यायिक प्रणाली, अभियोजन र सुधारका पद्धतिजस्ता सक्रिय सामाजिक संरचनाको समेत अहम् भूमिका अपरिहार्य हुन्छ ।

अझ मनन गर्नु पर्ने पक्ष के छ भने सामान्यीकरण जीवनका लागि अलिखित सामाजिक सम्झौता हुने गर्दछन्, जसले समाजलाई एकताबद्ध राख्ने गर्दछ । सामाजिक द्वन्द्वबाट क्षतविक्षत वा विभिन्न खाले द्वन्द्वबाट निकास पाउन लागेका समाजहरूमा मानिसहरूका बिचमा हुने अन्तरक्रियाका आधारमा पनि हिंसा सामान्यतया स्वतः हुने गरेको पाइन्छ भने हिंसात्मक अपराधको सङ्ख्या तथा गाम्भीर्यताले सामाजिक सम्झौता कमजोर हुने गर्दछ । त्यस्ता समाजहरूले आफ्नो सुरक्षा तथा स्थायित्व मात्र खतरामा पार्ने नभई शान्ति, सुव्यवस्था, लोकतन्त्र र कानुनको शासन पुनर्स्थापना गर्ने प्रयासले व्यापक अवरोधको सामना गर्नु पर्ने हुन्छ र यसको अभावमा सामान्यीकरण हुन सक्दैन । यसका लागि आम सर्वसाधारण, सम्पूर्ण सचेत असचेत वर्ग, राजनीतिकर्मी, आमसञ्चार, पैरवी समूह लगायत नीति निर्माता तथा त्यसका पालनकर्ताहरूलाई व्यावहारिक रूपमा लागु गराउन सबैले जिम्मेवारीपूर्ण अहम् भूमिका खेल्नुपर्ने हुन्छ ।

समाजमा देखा परेका पारिवारिक, सामाजिक, मनोवैज्ञानिक जस्ता समस्याबाट उत्पन्न जटिलतामा यदि यथोचित समयमा मेलमिलाप, क्षतिपूर्ति र न्याय प्रवर्द्धन हुन सकेन भने त्यसले झन् विकराल रूप लिन सक्ने सम्भावना अत्यधिक हुन्छ र त्यसले वन डढेलो रूपी भयङ्कर विकराल स्वरूप लिई धनजनको क्षति समेत भएर मानव अधिकारका क्षेत्रमा समेत दखलता ल्याउन सक्छ । तसर्थ, सुनियोजित रूपले घटेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीपूर्ण कार्यहरूको यथोचित सम्बोधन हुन नसकेमा समाजमा अस्थिरता उत्पन्न हुन सक्छ र पुनः हिंसा भड्कने खतरा समेत रहन्छ । त्यसैले समाजको विविध खाले चुनौतीहरूलाई सही किसिमले निकास दिई दिगो शान्ति तथा सुव्यवस्थित र जिम्मेवारपूर्ण राज्य व्यवस्थाको निर्माणका लागि विधिको शासन स्थापना हुनु आवश्यक हुन्छ ।

मानव अधिकारको दायरा निकै व्यापक र अमापनीय हुन सक्छ तर पनि यसलाई सङ्क्षेपीकृत रूपमा सरल भाषामा अभिव्यक्ति गर्दा मानिसले मानिस भएर इज्जतका साथ जिउन पाउनु नै मानव अधिकार हो । त्यसैले, मानव अधिकार कसैले दिएको दान होइन; यसलाई कसैले पनि खोस्न पाउँदैन । मानिसलाई इज्जतका साथ बाँच्नका लागि सामाजिक, आर्थिक, सांस्कृतिक, नागरिक, राजनीतिक आदि आधारभूत कुराहरूको आवश्यकता पर्दछ । त्यस्ता मानिसका नभई नहुने आधारभूत आवश्यकताहरूलाई मानव अधिकार भनिन्छ । मानव अधिकार सिङ्गो मानव जातिको सरोकारको विषय हो । बालक, वृद्ध, प्रौढ, दुर्बल, सबल, महिला, पुरुष,





अपाङ्ग, असहाय, धनी, गरिब जुनसुकै ठाउँमा बसोबास गर्ने भए पनि सबै मानिसहरू समान छन् । जुनसुकै मानिसलाई पनि कसैको डर, धाक र धम्कीविना आफ्नो इज्जतमा रही स्वतन्त्रतापूर्वक बाँच्ने अधिकार रहेको हुन्छ । जोसुकै मानिस जस्तोसुकै अवस्थाको भए पनि उनीहरूको बाँच्ने, क्षमता बढाउने, सर्वाङ्गीण समुन्नति गर्ने प्रकृतिले मासिनलाई समान अवसर प्रदान गरेको हुन्छ । त्यही बाँच्ने, जान्ने र केही गर्ने गरी प्रकृतिबाट मानिसले पाएको क्षमतालाई मानव अधिकार भनिन्छ । मानव जातिका प्राकृतिक, जन्मसिद्ध, नैसर्गिक, अविभाज्य, अपरिहार्य र आधारभूत अधिकार नै मानव अधिकार हुन् । समाजमा हरेक मानिसको खाने, बाँच्ने, लाउने, पढ्ने, आफ्नो धर्म मान्ने, भाषा, संस्कृतिको राजनीति संरक्षण तथा प्रवर्द्धन गर्ने एवम् सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक आदि क्षेत्रमा विभेद रहित किसिमले सक्रिय सहभागिता जनाउने अधिकारहरू रहेका हुन्छन् । त्यसैले मानव अधिकारलाई अधिकारको झुप्पा अर्थात् अधिकारहरूको समष्टिगत रूप हो भन्न सकिन्छ ।

मानव अधिकार कुनै व्यक्ति विशेषको खोजको उपज होइन । मानव जातिको यस धर्तीमा पदार्पण भएदेखि नै केही सीमित मानिसहरूले अन्य धेरै मान्छे उपर अनेकौं प्रकारका शोषणदमन, भेदभाव र अन्याय-अत्याचार गर्दै आएको कुरा सूर्यको पारिलो घाम जत्तिकै छर्लङ्ग छ । यस्ता अन्याय र अत्याचारका विरुद्ध समाजमा क्रियाशील समाजिक व्यक्तित्वहरूले नेतृत्व लिँदै, सङ्गठित गर्दै गराउँदै वेलामौकामा विरोधका बुलन्द आवाज मुखरित नभएका होइनन् । यी र यस्तै खाले अन्याय, अत्याचार, विभेद, दमन, घरेलु हिंसा, शोषण जस्ता समस्याले जब समाज आक्रान्त हुन्छ; थिलथिलिन्छ अनि त्यसका विरुद्ध व्यक्ति, समाज हुँदै राष्ट्रिय रूपमै पैरवी र वकालत हुन थाल्छ । सोही गतिशील अभियानले नै आन्दोलनको स्वरूप प्राप्त गर्न पुग्छ । अनि मात्रै, मानवीय आधारभूत जीविकाका सवालहरू सही किसिमले स्थापित हुन पुग्छन् भन्ने दृढ विश्वासका साथ आज प्रेरित विशुद्ध एवम् पवित्र मानव कल्याणमा समर्पित हुन आफूलाई सरिक गराएकी छु । मेरो विचारमा जबसम्म व्यक्ति, समाज, राज्य, नागरिक समाज, राजनीतिकर्मी, समाजसेवी, पत्रकार, बुद्धिजीवी लगायत विभिन्न औपचारिक समूह, सङ्गठन आदिको अन्तरनिर्भरता तथा सहकार्य हुन्छ तब मात्रै समाजमा भइरहेका, घटिरहेका ज्वलन्त समस्याहरूको न्यूनीकरण एवम् निराकरण हुन सक्छ ।

## २. आत्मानुभूति एवम् सिकाइ

मानव अधिकारका क्षेत्रमा क्रियाशील भएको पनि अठारौँ वसन्त पार गरिसकिएछ । करिब दुई दशकको यस यात्राका क्रममा मेरा जीवनका उतारचढावसँगै मसित पनि आफ्नै खाले भोगाइ तथा दुखेसाहरू रहेका छन् । सामाजिक कुसंस्कार, रुढिवादी परम्परा तथा सामाजिक मूल्य मान्यता र अन्धविश्वास रूपी जालोमा जकडिएकै कारण सामाजिक प्राणीका हैसियतले म स्वयम् अन्तरजातीय विवाह गरेकै नाताले विभिन्न खाले सामाजिक र नैतिक तथा घरेलु हिंसाको प्रताडनाले आजित भएकी एक पीडित महिला पनि हुँ । मैले भोगेको समस्या तथा सामाजिक उच्छृङ्खलताको सिकार मभए पनि अब उपरान्त म जस्ता अन्य दिदी बहिनीहरूले खेप्नु नपरोस् भनी मनमा दृढ सङ्कल्प र आत्मविश्वासका साथ सामाजिक तथा मानवीय कार्यमा क्रियाशील भई मानव अधिकार सम्बन्धी काम गर्न थालेँ; ग्रामीण तथा सहरीया क्षेत्रका शोषित पीडित नरनारीका आवाजहरूलाई बुलन्द गर्दै गएँ र आज मेरो जीवनमा नयाँ आयाम थपिएको छ वसन्त ऋतुको नवपल्लवित पालुवा जस्तै ।

काम गर्ने दौरानमा मसँग विविध खाले घटना, परिघटनाहरू अद्यापि मेरो मानसपटलमा ताजै छन् । त्यस्ता घटनाका दृष्टान्तका रूपमा पूजा श्रेष्ठ, भगवती लुहार, हिरा बिस्ट, शान्ति बिस्ट, धनेश्वरी चन्द र लक्ष्मी बोहराका पीडादायी घटनाले मलाई सदैव प्रेरित गरिरह्यो र गर्छ पनि । यी प्रतिनिधिमूलक घटनाहरूमध्ये एक दुई घटनालाई यहाँ पस्कने सान्दर्भिकता ठानेँ, जसमा पहिलो घटनाका रूपमा पूजा श्रेष्ठको रहस्यमयी अपहरणको घटनाले मलाई अवसर र चुनौती दुवै प्रदान गरेको थियो । सामाजिक दुर्व्यवहार, सामाजिक घरेलु हिंसा, व्यक्तिगत जीवनको खतरा तथा चुनौतीले मलाई कहिल्यै हतोत्साहित बनाएन । त्यसले, झन् मलाई सजगतापूर्ण रूपले चतुऱ्याइँका साथ आगामी दिनमा अगाडि बढ्न थप ऊर्जा प्रदान गरेको छ । त्यही जटिलता नै मेरो भावी जीवनको मार्गदर्शक सिद्धान्त बन्न पुगेको छ ।

हाल म प्रत्यक्ष रूपमा आबद्ध रहेको संस्था भनेको महिलातथा वृद्ध सेवा केन्द्र हो । जसमा हालसम्म २१२६ विविध खाले घटनाका निवेदनहरू परेका छन् । जस अन्तर्गत २००० जति महिला, जेष्ठ नागरिक, अपाङ्ग, पिछडा वर्ग, आदिवासी जनजाति र दलित वर्गका निवेदन रहेका छन् । त्यसमा १२६ वटा पुरुषको निवेदन परेको अवस्था छ । यस संस्थाले विशेष गरी जेष्ठ नागरिक, कोही नभएका, बेसहारा, एकल, मागेर खाने, सडकमा उत्रिएका तथा अलपत्रमा परेका व्यक्तिहरूको



स्व. दयाराम परियार स्मारिका

संरक्षण गर्दै आइरहेको छ । हालसम्म ६२ जना जेष्ठ आमाबुबाहरू, १७ जना घरेलु तथा सामाजिक हिंसा पीडित बालबालिका र ११ जना घरेलु हिंसाद्वारा पीडित महिलाहरू गरी जम्मा ९० जनालाई प्रत्यक्ष रूपमा संरक्षण गर्दै आइरहेको छ । हालसम्म यस संस्थाले ३५ जना वृद्धवृद्धाहरूको अन्त्येष्टि समेत गरिसकेको छ ।

मानव अधिकार सम्बन्धी यस दीर्घकालीन यात्रामा असङ्ख्य जटिल परिस्थितिसँगै केही महत्त्वपूर्ण सिकाइ पनि अनुभूत गर्ने अवसर प्राप्त गरेकी छु । समाजमा देखा परेका हरेक समस्याको समाधान कारबाही मात्रै होइन भन्ने मेरो बुझाइ रहेको छ । जस्तै अंश सम्बन्धी मुद्दामा महिलालाई अंश दिलाइदिने, पारपाचुके अर्थात् सम्बनध विच्छेद गराइदिने जस्ता कुराले झन् पीडित पक्षलाई नै सामाजिक तथा मनोवैज्ञानिक किसिमले झन् कमजोर बनाउने मेरो ठहर रहेको छ । त्यसैले यही निकासका लागि आपसी मेलमिलाप, सहकार्य, समझदारीका साथ बुद्धिमत्तापूर्ण तरिकाले गरिएको सामाजिक तथा मनोवैज्ञानिक परामर्शद्वारा पुनर्स्थापना तथा मेलमिलाप नै समस्याको सही निकास हो भन्ने निष्कर्षमा पुगेकी छु । जसका लागि समाजका हरेक सदस्यलाई चेतना रूपी शिक्षाको उज्यालो सङ्घारमा धकेल्न निरन्तर आवश्यकता अनुसारका औपचारिक अनौपचारिक कार्यक्रममा सरिक गराउन सबै जिम्मेवार पक्ष सजग हुनु पर्ने देखिन्छ । जब मान्छे शिक्षित हुन्छ त्यसमा आत्मविश्वास, दृढ इच्छाशक्ति, केही गरौँ भन्ने भावनाको विकास स्वतः जागृत हुन्छ र कर्मशील हुन उद्यत गराउँछ । फलस्वरूप व्यक्ति बेरोजगार रहँदैन । यदि शिक्षा र रोजगारीका लागि व्यक्ति, समाज र राज्य यी तिनै पक्षमा सचेतना आउँछ तब समाजमा मानव अधिकारका घटनाहरू स्वतः न्यूनीकरण हुँदै समाप्तितिर उन्मुख हुन्छन् अनि मात्रै समाज र राष्ट्रमा दिगो शक्ति स्थापना हुन्छ र विकासका ज्वारभाटाहरू देखिन थाल्छन् । त्यसैमा सम्पूर्ण मानव जातिभित्र विश्वबन्धुत्वको भावना जागृत हुन्छ । सायद यही नै मानवले परिकल्पना गरेको सर्वोत्तम उपलब्धि हुन जानेछ । शिक्षा र रोजगारीका अनेकौँ सम्भावनामा राज्यले पनि सैद्धान्तिक रूपमा मात्रै नभई व्यावहारिक ढङ्गले साधन र स्रोतको परिचालनमा तदारुकता देखाउन जरुरी हुन्छ ।

### ३. अन्त्यमा भन्नै पर्ने कुरा

राष्ट्रिय मानव अधिकार आयोग राज्यको एक स्वायत्त अङ्ग हो, जसको आफ्नै गौरवमय इतिहास र प्रतिष्ठा छ । देशव्यापी रूपमा मानव अधिकारका क्षेत्रमा क्रियाशील रही समाजमा उदाहरणीय कार्य गरेबापत यस संस्थाले मानव अधिकारकर्मीहरूलाई राष्ट्रिय रूपमै प्रत्येक वर्ष सम्मानित गर्दै आइरहेको छ। त्यही क्रममा मैले पनि नेपालको सुदूर पश्चिममा मानव अधिकारका क्षेत्रमा कार्य गरेकाले मेरो कार्यको उच्च मूल्याङ्कन गरी मलाई स्व. दराराम स्मृति सम्मानबाट सम्मानित गरेको छ । त्यसमा मैले आफैलाई निकै भाग्यशाली एवम् गौरवान्वित ठानेकी छु र म निकै भावविह्वल पनि भएकी छु।

यस पुरस्कारले मलाई एकातिर देशव्यापी रूपमा चिनाउन सफल गराएको छ भने अर्कातिर अझ आफैलाई कर्तव्य बोधप्रति झनै जिम्मेवार बनाएको ठानेकी छु । जसले अझ मेरा लागि उत्प्रेरणाको स्रोतको भूमिका निर्वाह गर्नेछ। यसले झनै दत्तचित्त तथा लगनशील भएर निस्वार्थ रूपमा काम गर्न झकझक्याएको अनुभूति गरेकी छु । निःस्वार्थ रूपले समर्पण गरेको कार्यको राज्यस्तरबाट पनि उच्च मूल्याङ्कन र सम्मान हुँदो रहेछ भन्ने कुराको ज्वलन्त उदाहरण म आफैं बन्न पाएकोमा सम्पूर्ण अधिकारकर्मी, सञ्चारकर्मी, बुद्धिजीवी, शिक्षक, राजनीतिकर्मी, प्रशासनिक निकाय, म कार्यरत सम्पूर्ण मेरा सहकर्मी साथीहरू, विभिन्न घटनाका प्रेरक प्रसङ्गहरू तथा सरकारी तथा गैरसरकारी कार्यालयका साथी, भाइ इष्टमित्रहरूप्रति हार्दिक श्रद्धासुमन तथा आभार व्यक्त गर्न चाहन्छु।

अन्त्यमा उक्त सम्मान प्राप्त गर्नमा आफूलाई केवल निमित्त सम्झँदै त्यसको सम्पूर्ण श्रेय मेरा जीवनका मार्गदर्शकहरूप्रति समर्पण गर्दै राष्ट्रिय मानव अधिकार आयोगप्रति पनि कृतज्ञता जाहेर गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु।

*(लेखक महिला तथा वृद्ध सेवा केन्द्र,*
*कञ्चनपुरकी अध्यक्ष तथा स्व. दयाराम स्मृति*
*सम्मानबाट सम्मानित अधिकारकर्मी हुन्)*





# संस्मरणको चौतारीमा दयाराम परियार



*✍ श्यामसुन्दर शशी*

### २०६२ सालको फागुन दोस्रो साता

जाडो बिदा हुँदै थियो । उष्ण हावाको रथमा सवार भई वसन्त ऋतुको आगमन भइरहेको थियो । हावामा क्रमशः उष्णता बढ्दै थियो । श्रीपञ्चमीसँगै मिथिलाञ्चलमा सुरु हुने फागु गीतका झङ्कारहरू सुदूर गाउँ र टोलहरूबाट फाटफुट सुनिन थालेका थिए । यद्यपि दुईतर्फी भय र त्रासको दैनिकीबिच आमजनमानसको मनोविज्ञान फागुको हर्ष उल्लासभन्दा पनि परम्परा निर्वाहका औपचारिकता मात्र सीमित देखिन्थे। त्यो वर्ष डम्फाको थाप अलि कमै सुनिएका थिए । प्रेमरसका फागु गीतमा पनि करुणरसका भाव मिश्रित हुन पुग्थे । कतै माओवादी आक्रमणको चर्चा त कतै सुरक्षाकर्मीहरूगाउँ प्रवेश गरी महिला बालबालिकामाथि अत्याचार गरेको कानेखुसीले गाउँ नगरहरूभयभीत थिए। र पनि तनाव, भय र त्रासबिच रङअबिरको पर्व फागु अर्थात् होलीको तयारीमा जुटेका थिए मिथिलावासी । होली त आयो तर मनाउने कसरी ? न मात्र जनकपुरमा अपितु सिङ्गै मुलुकमा द्विविधा थियो । एकआपसमा रङअबिर दलेर फागु मनाउने कि माओवादी अथवा राज्यको बन्दुकको सिकार भएर रगतको होली खेल्ने ? सिङ्गै नेपालीमा त्रास थियो । यस्तै विकट समयको एक साँझ दयाराम परियारसँग मेरो पहिलो भेट भएको थियो । पहिलो भेटमै उनी फक्रिन लागेको गुलाफ जस्तै सुकोमल र सम्भावनावान् देखिएका थिए । तेइस वर्षे यस युवकमा शालीनतासँगै मानव अधिकारको क्षेत्रमा केही सकारात्मक गर्ने हौसला पनि देख्न भ्याएको थिएँ, पहिलो भेटमै । दयाराम मेरा सहकर्मी प्रकाशचन्द्र परियारका भाइ थिए। त्यति वेला जनकपुरबाट कान्तिपुर टेलिभिजनका लागि पनि मै रिपोर्टिङ गर्थें । प्रकाशजी पनि कान्तिपुर टिभीमा कार्यरत थिए। उनी फोन गरेर भाइको आवास, भोजन आदिको व्यवस्था मिलाइदिन आग्रह गरेका थिए। मैले नाइँ भन्ने कुरै भएन।

माओवादी जनयुद्ध उत्कर्षमा थियो । मुलुकमा दैनिक दुईतर्फी भिडन्त र आक्रमण हुन्थे । कहीँ माओवादी कार्यकर्तालाई नियन्त्रणमा लिई हत्या गरेको त कहीँ माओवादी लडाकुहरूले सुरक्षाकर्मी वा सर्वसाधारणलाई निर्मम हत्या गरेको समाचार आउँथे । अन्य जिल्लाको तुलनामा धनुषा अलि शान्त देखिए पनि माओवादी गतिविधि यहाँ पनि कम थिएन । सम्भवतः रणनीतिक रूपमा माओवादी सङ्गठनले धनुषालाई 'सेल्टर'का रूपमा प्रयोग गरेको थियो । धनुषामा बस्ने, सङ्गठन निर्माण गर्ने, युद्ध योजना बनाउने अनि अर्को जिल्लामा 'एक्सन' गर्ने रणनीति थियो उनीहरूको । त्यसताका हामी पत्रकारहरू दोहरो मारमा थियौँ । सुरक्षा निकायले मसँगै केही सञ्चारकर्मीलाई माओवादी मतियारको रूपमा व्याख्या गर्दै 'वाचलिस्ट'मा राखेको थियो भने माओवादी वृत्तमा हाम्रो छवि 'माओवादी विरोधी पत्रकार'को थियो । आफ्नो सुरक्षाको लागी पनि संयमित दैनिकी अपनाउन पर्ने वाध्यता थियो । एक कान्तिपुरकर्मीका रूपमा दुबै पक्षको हामीसँगको अपेक्षा अलि बढी हुनु स्वाभाविक नै थियो ।

भय, त्रास र संयमित दैनिकीबिच समाचार सम्प्रेषण गर्ने कार्यमा जुटेको वेला एक अपरान्ह दयारामसँग मेरो पहिलो भेट भयो । जनकपुरको शिवचोकस्थित हेलोइनमा । झन्डै बिस वर्षदेखि हेलोइन मेरो अनौपचारिक कार्यालय हो । जनकपुर हुँदा अहिले पनि दिनको तिनचार घण्टा मेरो हेलोइनकै वरिपरि बित्छ । यसका सञ्चालक महावीर सुल्तानिया मेरा असल मित्र हुन तथा सहायक रामकुमार साह आज्ञाकारी भाइ र सहयोगी । अचेल हेलोइन यिनै रामकुमारले चलाउँछन् ।

अपरान्हको समय थियो । म समाचार फ्याक्स गर्न भाइ रामकुमारलाई दिएर कान्तिपुर पत्रिकामा उल्भिइ रहेको थिएँ । एक युवक रिक्साबाट ओर्लेर सिधा हेलोइनमा प्रवेश गरे । उनीसँग प्रवासको लागि आवश्यक बन्दोबस्तीका सामानहरू पनि थिए । गाह्रो बिसाएर उनले एक आज्ञाकारी अनुज जस्तै मलाई सादर नमस्कार गरे । खाइ लाग्ने उमेरका एक लक्का जवानले निर्धक्कसँग नमस्कार गर्दा म जिल्ल परेको थिएँ । 'यति आत्मीयता देखाउने को होला यो युवक ?' मेरो मनमा जिज्ञासा खेल्न थालेको थियो । नभन्दै उनले सोधि हालेछन्- 'श्याम दाइ .....? होइन ।' म आफ्नो दिमागमा बल लगाएँ । बल्ल सम्झेँ - 'आज प्रकाशजीले फोन गरेर भाइ जनकपुर जाँदै छ भनेर सम्झाएको । मैले जवाफ फर्काएँ-'अनि तिमी दायाराम होइन ।' उनले 'हो'मा मुन्टो हल्लायो । अनि सुरु भयो- भलाकुसारी, चिया चमेना तथा राती विश्रामको चर्चा ।





मध्य तराईका जिल्लाहरूको मानव अधिकारको अवस्था तथा मानव अधिकार हननका घटनाहरूको अनुगमन गर्न जनकपुरमा पनि राष्ट्रिय मानव अधिकार आयोगको सम्पर्क कार्यालय स्थापना भएको जानकारी मलाई पनि थियो । सम्पर्क कार्यालयका निमित्त प्रमुख पवनकुमार जायसवालसँग भेटेको पनि थिएँ । जनकपुर प्रवासका सुरुका केही दिन दयाराम सम्पर्क कार्यालयमै बसे । उनको आवासको व्यवस्था पनि कार्यालयमै मिलाइयो । तर, कार्यालय प्रयोजनका लागि भाडामा लिइएको घरमा आवास सम्भव थिएन । दुख सजिलो गरी उनी केही दिन त्यहाँ बसे । फागु बिदामा घर जानुअघि उनको डेराको व्यवस्था मैले नै मिलाइ दिएको थिएँ । शिवचोकभन्दा पश्चिम-उत्तरमा अवस्थित किशोरी नगरस्थित आफ्नै साथी विपिनकुमार साहको घरमा । साह अचेल अमेरिकामा प्रोफेसर छन् । उनको परिवार अहिले पनि त्यही घरमा बस्छन् ।

## २०६२ साल चैत्र ११ गते शुक्रबार

जाडो बिदा भई गर्मीको प्रचण्ड लीला सुरु भइसकेको थियो । उता प्रचण्ड नेतृत्वको माओवादी पनि प्रचण्ड पथमा सवार भई जनयुद्धलाई प्रचण्ड वेगले अघि बढाइरहेको थियो । मुलुकका झन्डै सम्पूर्ण ग्रामीण इलाकामा प्रभुत्व जमाइसकेको माओवादी लडाकाहरू अब सदरमुकाम केन्द्रित आक्रमणलाई निरन्तरता दिँदै थिए । जनकपुर पनि माओवादी  निसानामा थियो । एकीकृत सुरक्षा व्यवस्था लागु गरिए पनि जिल्ला मुख्यालय अर्थात् जिल्ला प्रहरी कार्यालय बाहेक नगरकै अन्य प्रहरी चौकीहरू असुरक्षित रहेको चर्चा सुरक्षा समितिका बैठकहरूमा समेत उठ्न थालेका थिए । खासमा मुजेलिया, रेल्वे स्टेसन तथा जिरो माइल प्रहरी चौकीबारे सुरक्षा निकाय अलि बढी नै चिन्तित देखिन्थे । नभन्दै २०६२ साल चैत्र ११ गते शुक्रबार अपरान्ह करिब चार बजे माओवादी लडाकाहरूले मुजेलियास्थित प्रहरी चौकीमा भीषण आक्रमण गरे । सुरक्षाकर्मीतर्फ केहीलाई गोली लाग्यो । केही हतियार पनि लुटियो । जिपमा सवार भई आएका माओवादीहरू पुनः त्यही जिपमा सवार भई धनुषा धामको बाटो आफ्नो सेल्टरमा फर्के । माओवादी लडाकाहरूले यसअघि मिल्स एरियास्थित एभरेस्ट बैङ्क लुटिसकेका थिए । मुजेलिया प्रहरी चौकीमा पनि आक्रमण भयो । जिल्लास्थित सुरक्षा समितिको तत्कालै बसेको आकस्मिक बैठकले मुजेलियासँगै रेल्वे स्टेसन समेत खाली गराउने निर्णय गर्यो । माओवादी आक्रमणबाट सुरक्षित बचेका मुजेलिया प्रहरी चौकी र रेल्वे स्टेसनबाट फिर्ता जाँदै गरेका सुरक्षाकर्मीहरूको टोलीले जनकचोकमा अन्धाधुन्ध गोली प्रहार गर्दा दयाराम

परियार घाइते बनेका थिए भने उनीसँगै जनकचोकमा चिया पिइरहेका राप्रपा कार्यकर्ता रामचन्द्र यादवको तत्कालै मृत्यु भएको थियो ।

असलमा दयाराम फागुको बिदापछि त्यही दिन अर्थात् चैत्र ११ गते शुक्रबार आफ्नो गाउँबाट जनकपुर फर्केका थिए । किशोरीनगरस्थित नयाँ डेरामा स्वयम् खाना पकाउने प्रयोजनका लागि घरबाट ल्याएका सरसामान बिसाएर उनी मसँगै भेट्न शिवचोकस्थित हेलोइन आएका थिए तर मुजेलिया आक्रमणको फोटो समेत पठाउनुपर्ने भएर म किसोरी नगरस्थित 'गेटवे सायवर'मा इमेल गर्न गएकाले दायारामसँग भेट हुन सकेन । फोनमा कुरा भने भएको थियो । मैले दयारामलाई भनेको थिएँ- 'हेलोइनमा बस्दै गर्नू, म समाचार इमेल गरेर आउँछु ।' मलाई ढिलो भएको देखेर उनी चिया खाने बहानामा जनकपुरको मानव अधिकारको अवस्था बुझ्न जनकचोक पुगेछन् । चियापसले जयवीरलाई चियाको अर्डर दिएर स्थानीयवासीसँग गफिन थालेछन् । उनले चिया खाँदै गर्दा जानकी मन्दिर परिसरमा माओवादी आक्रमण भएको हल्ला फैलिएको थियो । हल्ला सुनेपछि मन्दिर परिसरबाट भागेर आएका सर्वसाधारण जनकचोक पुग्दा रेल्वे स्टेसनबाट फर्किंदै गरेका प्रहरी निरीक्षक प्रकाशराज शर्मा कमान्डको टोली पनि जनकचोक पुग्यो । सर्वसाधारणलाई भागाभाग गरेको देखेर आत्तिएर प्रनि शर्मा नेतृत्वको टोलीले अन्धाधुन्ध गोली प्रहार गर्न थाल्यो । त्यही गोली लागेर स्थनीय राप्रपा कार्यकर्ता रामचन्द्र यादवको तत्कालै मृत्यु भयो भने दायाराम परियारको कोखामा बुलेट लागेर उनी घाइते भए ।

गोली चलेको घटनाले जनकचोक, शिवचोक तथा रामचोक इलाकामा फाटफुट खुलेका पसलहरूपनि बन्द हुन थाले । गोली लागेर सख्त घाइते बनेका दायाराम भने जनकचोकभन्दा पूर्व-उत्तर नगर डिहवार मन्दिरभन्दा पश्चिममा अवस्थित कालेको दही पसलमा सेल्टर लिए । उसको जिउबाट अत्यधिक रक्तस्राव भइरहेको थियो । पीडा पनि असह्य थियो । उनी लड्दैपड्दै हेलोइन पुगे । हेलोइन बाहिरबाट बन्द भए पनि रामकुमार सर्टर भित्रै थिए । दयारामको स्वर सुनेर रामकुमारको सर्टर खोलेर उनलाई भित्र बसाए । उनको अवस्था देखेर रामकुमारले मलाई फोन गरे । मैले 'अस्पताल लग्दै गर म अस्पताल पुग्छु' भनेँ । त्यसपछि म अस्पताल पुगेँ । म अस्पताल पुग्दा दयाराम जनकपुर अस्पतालको आकस्मिक उपचार कक्षमा छटपटिइ रहेका थिए ।





जनकपुर नगर क्षेत्रमा माओवादीको यो पहिलो प्रत्यक्ष आक्रमण थियो अनि सुरक्षाकर्मीले अन्धाधुन्द गोली चलाएको प्रथम आततायी घटना पनि । सर्वसाधारण भयभीत थिए । घरबाट बाहिर निस्किने अवस्था थिएन । प्रहरीको गोली लागी मृत्यु वरण गरेका रामचन्द्रको लास घन्टौसम्म जनकचोकमै रहेका थिए । सुरक्षाकर्मी पनि सेल्टर बाहिर निस्किने अवस्था थिएन । अस्पतालमा दयाराम बाहेक मुजेलिया आक्रमणमा गोली लागी घाइते भएका केही सुरक्षाकर्मीहरू पनि भर्ना थिए । दुबै पक्षको कुरुवाका रूपमा म तथा त्यति वेला मानव अधिकारका क्षेत्रमा अत्यन्तै क्रियाशील रोशनदीप ढकाल मात्र थियौं । चिकित्सक, नर्स तथा अस्पतालका अन्य कर्मचारीहरूको भने भरपुर सहयोग प्राप्त रह्यो । दयाराम होसमै थिए । रात्री जाग्रामको क्रममा घाइते प्रहरी तथा दयारामसँग रातभरि कुरा गरिरह्यौं । राती एक छिन नाइट भिजन आउने कुरा चले पनि हेलिकप्टर भने आएन । जेनतेन दयारामको कुरुवा भएर अस्पतालमै रात बिताएँ ।

### २०६२ साल चैत्र १२ गते शनिबार

राती नाइट भिजन नआएपछि दुःखी भएको अन्तर मनमा सूर्योदयसँगै सेनाको हेलिकप्टर जनकपुर आउने सूचनाले खुसी छायो । 'दयारामसँगै अन्य राष्ट सेवकहरूको उपचारप्रति राज्य संवेदशील छ' भन्ने भाव जाग्यो । दयारामलाई काठमाडौं बिदा गरेर ढुक्कै घर जाउँला भन्ने योजना बनाएँ तर बिहान ८ बजे पछि मात्र हेलिकप्टर जनकपुर आयो । दयारामसँगै अन्य घाइतेलाई बोकेर हामी जनकपुर हवाई अड्डा पुग्यौं । घाइतेहरूलाई काठमाडौं ओसार्न हेलिकप्टर तयार थियो । पायलट पनि तम्तयार थिए तर हेलिकप्टर तत्कालै उड्न सकेन । कारण थियो यसै हेलिकप्टरमा एक जना सेनाका अफसर पनि काठमाडौं जाने । सेनाका उक्त अफसर सिन्धुलीबाट जनकपुर आउनै ढिला भएकाले झन्डै डेढ घन्टापछि मात्र हेलिकप्टरको उडान हुन सक्यो । दयारामलाई हेलिकप्टरमा राखेर फर्किंदै गर्दा मैले उसको आँखामा जीवन-ज्योति देखेको थिएँ । मलाई लागेको थियो दयाराम भाइसँग पुनः काम गर्ने संयोग जुट्ला अनि उनीसँग घटनाबारे बेलिविस्तार सुनौंला । तर, तर मलाई के थाहा- दैवलाई यो मन्जुर थिएन ।

*(लेखक जनकपुरका पत्रकार हुन्)*

# दयाराम घटनाको अनुसन्धानलाई फर्केर हेर्दा



*माधव गौतम*

२४ मार्च सन् २००७ लाई सायद म भुल्न सक्दिनँ, जुनवेला मानव अधिकार आयोगमा अनुसन्धान अधिकृतका रूपमा कार्यरत थिएँ । मानव अधिकार आयोगका तत्कालीन कर्मचारी साथीहरूसँग मानव अधिकारको अवस्था बुझ्दा विराटनगर पुगेका वेला खबर आयो कि मानव अधिकार आयोगको एक कर्मचारीलाई गोली लाग्यो- जनकपुरमा ।

खबर पाउनासाथ तत्कालीन आयोगका पदाधिकारीहरूलाई खबर गरेँ । यसका साथै एउटा आयोगको कर्मचारीले गनुपर्ने र त्योभन्दा बढी मानवताको नाताले गर्नु पर्ने सबै कामहरू गरेँ । खास गरी फोन मार्फत खबर सङ्कलन गर्ने, पीडितको स्वास्थ्यमा सहयोग पुऱ्याउन सङ्घसंस्थालाई आग्रह गर्ने साथै घटना भएको राती नै हेलिकप्टरमा राखेर पीडितलाई काठमाडौं पुऱ्याउने कुरामा ज्यादा प्रयास गरेँ । तर, द्वन्द्वको समयमा पीडितको उपचारका निम्ति हेलिकप्टर मार्फत काठमाडौं लैजान गरेको प्रयास सफल हुन सकेन । आयोगका तत्कालीन पदाधिकारी र कर्मचारीहरूले समेत आआफ्ना तहबाट प्रयास गरे पनि सफल नभएको जानकारी प्राप्त भइरहन्थ्यो ।

भोलिपल्ट मात्रै घाइतेको उपचारार्थ काठमाडौं लैजान सम्भव भयो भने म सहित आयोगका अर्का साथी घटनाको अनुसन्धानका निम्ति विराटनगरबाट जनकपुर आइपुग्यौं आयोगको आदेश बमोजिम ।

राष्ट्रिय मानव अधिकार आयोगको अनुसन्धान पद्धतिलाई अक्षरशः अवलम्बन गर्दै हामीले घटनाको अनुसन्धान गरिरहेका थियौं । गोली लागेकै दिन जनकपुर निवासी ५५ वर्षीय रामचन्द्र यादवको मृत्युको खबरले मर्माहत बनाइरहेको थियो । अनुसन्धान सुरु भएको ७२ घण्टासम्म आफ्ना साथीलाई जीवित देख्ने अपेक्षा सहित अनुसन्धान गर्दै थियौं । अकस्मात् २८ मार्च २००७ को बिहान २:३० बजे दयारामको पनि मृत्युको खबर आउँदा अझ मर्माहत भयौं ।





आयोगका कर्मचारी घटनमा परे पनि हामी स्वतन्त्रपूर्वक निर्णय र विधिसम्मत घटनाको अनुसन्धान गर्नु पर्ने कुरामा कति पनि विचलित भएनौं र घटनाको अनुसन्धान पूरा गऱ्यौं । अनुसन्धानका क्रममा घटनाका साक्षीहरू, घटनाका वखत स्थल वरपर रहेका मानिस, व्यापार गरी बसेका पसलेहरू तथा जनकपुर स्थित पीडितको परिवार (रामचन्द्र) को परिवारसँग भेटघाट गऱ्यौं ।  घटनाको आरोपित पक्ष नेपल प्रहरीका अधिकृतहरू, प्रहरीको जनकपुर जिल्ला प्रमुख लगायत आरोपितहरूसँग छुट्टाछुट्टै घटनाको जानकारी लियौं ।

कुनै पनि मानव अधिकार उल्लङ्घनको अनुसन्धान गर्दा ख्याल राख्नुपर्ने विषय साक्षीको संरक्षण हो  । त्यस घटनामा समेत साक्षीहरूको संरक्षणका निम्ति आवश्यक सजगता अपनायौं र उनीहरूको बयानलाई सुरक्षित राख्दै मानव अधिकार आयोगलाई एक विस्तृत प्रतिवेदन बुझायौं ।

हाम्रो प्रतिवेदनलाई तत्कालीन आयोगले सहर्ष स्वीकार गरी घटनाको पाचौं दिन पत्रकार सम्मेलन मार्फत जानकारी गरायो भने तत्कालीन नेपाल सरकारको प्रधानमन्त्री कार्यालयलाई घटनाको विस्तृत विवरण सहित सिफारिस समेत गऱ्यौं । मानव अधिकार आयोगको उद्देश्य घटनाका पीडित परिवारलाई क्षतिपूर्ति एवम् घटनाको नेपाल सरकारका तर्फबाट जाँचबुझ गरी दोषीलाई सजाय होस् भन्ने थियो । र, यसका अलावा यस किसिमका घटनाहरू भविष्यमा नदोहोरिरहन तथा संस्थागत सुधार होस् भन्ने ध्येय नै रहेको थियो ।

आज घटना घटेको लगभग दस वर्ष पूरा हुँदै छ । अझै पनि पीडितले न्याय पाउने कुरामा संस्थागत सुधार भएको खासै पढ्न पाइएको छैन । विगतबाट पाठ सिक्दै भविष्यमा मानव अधिकारको संरक्षण गर्न मानव अधिकार आयोग समेत अझ सशक्त र जागरुक बन्न जरुरी छ । यसको लागि आयोगले नेपाल सरकारका निकायहरूसँग समन्वय गरी कानुन कार्यान्वयन गर्ने निकायलाई मानव अधिकार तालिम  दिँदा नै संस्थागत सुधार हुन सक्छ । यसबाट भविष्यमा यस्ता घटना पुनः हुन नदिन सकारात्मक सहयोग पुग्ने निश्चित छ ।

घटनामा परी दिवङ्गत भएका दयाराम परियार एवम् रामचन्द्र यादवको आत्माको चिर शान्तिको कामना गर्दै, आयोगले न्यायका निम्ति गर्ने हरेक कार्यमा सफलता मिलोस् भन्ने शुभकामना समेत दिन चाहन्छु ।

*(लेखक आयोगका पूर्व मानव अधिकार अधिकृत हुन्)*

# अधिकारकर्मी सहिदलाई खुलापत्र



✍ *भानुभक्त आचार्य*

***अनन्य मित्र स्वर्गीय दयाराम परियारजी !***

व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकारको रक्षार्थ खबरदारी गर्दै गर्दा प्रथम सहिदको उपमा पाउन सक्नु भएकोमा यहाँलाई समग्र नेपाली मानव अधिकारकर्मीहरूका तर्फबाट मुरीमुरी बधाई । मानव मात्रको कल्याणका खातिर द्वन्द्वले आक्रान्त बनेको युद्धभूमिमा पहरेदारी गर्दागर्दै सहादत प्राप्त गर्नु भएकाले स्वर्गमा उचित स्थान पाउनु होला भन्ने हामीले अपेक्षा गरेका छौं ।

यो देश पुर्खाको गाथा भजाएर खानेहरूको पेवा भइसक्यो । राजा भन्छन्- 'मेरा साना दुःखले आर्ज्याको मुलुक होइन' । त्यसैले,यो देशमा सधैं उनको अधिकार छ । थापाहरू शाह कालका सहयात्री, दरबारिया, चौतारिया भएर हुकुम प्रमाङ्गीका भरमा खाइपल्केका, त्यसैले उनीहरूको पनि अधिकार पक्कै होला । पञ्चायतकी आमा उपमा पाएका तुलसी गिरीहरू अहिले सलबलाउनु उनको वास्तविक अधिकार हो किनभने तिस वर्षसम्म पञ्चायत टिकाएकाले कम्तीमा उनले पनि राज गर्न पाउनु पर्दछ । नेपाली सेनाले वीरतापूर्वक टिस्टा र काँगडाभन्दा परसम्म पुगी देशको झन्डा फहराएकाले उनीहरूको अधिकार छ । नेपाल प्रहरीको आफ्नै खबरदारीको इतिहास छ । 'सत्य सेवा सुरक्षणम्' उसको मूलमन्त्र नै हो ।

तर, दुर्भाग्य ! सत्य सेवा सुरक्षणम् मूलमन्त्र भएको प्रहरीको गोली लागी तपाईं सहित अर्का एक जना सहयात्रीको मृत्यु हुन पुग्यो भनेर सत्यलाई स्विकार्ने हिम्मत मैले अझै गर्न सकेको छैन । सङ्गठनको मूलमन्त्रको भावना विपरीत प्रहरीहरू परिचालित भइरहेको यो एउटा तथ्य हो । अर्कातिर, पुर्वी पृतना ब्यारेकमा बन्दुक चलाउन सिक्दै गरेका सैनिकको गोली लागी चैत्र ११ गते घाइते भएका ब्राइट





फ्युचर इङ्लिस स्कुल, इटहरीका दस वर्षीय छात्र सन्तोष चौधरी घाइते भएका थिए । तुरुन्तै सेनाले गल्ती स्विकार्यो । त्यसै गरी कञ्चनपुरको इमिलियामा गाउँलेहरूलाई बोलाई कुटपिट गरेको घटनाका सम्बन्धमा सेनाले आफ्नो गल्ती स्वीकार गऱ्यो र दोषीलाई कोर्ट मार्सल भएको खबर सार्वजनिक गऱ्यो । तर, नेपाल प्रहरी लाचार बनेर थाहा नपाएझैं अझै मौन बसिरहेको छ ।

हरेक महिनामा शुक्लपक्ष र कृष्णपक्ष हुन्छन् । शुक्लपक्ष भन्नाले पूर्णिमाको उज्यालो टहकिने पन्ध्र दिन, कृष्णपक्ष भन्नाले औसीका अँध्यारा पन्ध्रदिन । उज्यालो भनिएका चैत्रका अघिल्ला पन्ध्र दिनमा प्रहरी ज्यादतीका काला पक्षहरू प्रशस्तै छन् । हत्या, यातना, लुटपाट लगायतका सबै पक्षमा प्रहरी मुछिएको छ । चैतका पछिल्ला पन्ध्रदिन अझ भयावह हुनेछ भनी गृहमन्त्री गुनगुनाइ रहेका छन् । हेरौं, यसपालि कतिको सहिद बन्ने पालो पर्ने हो । कहिले, कहाँ, कुन प्रहरीले के गर्छ, त्यो स्वयं प्रहरी संयन्त्रलाई पनि थाहा नहुने व्यक्तिगत मामिला हुन् । कुनै व्यक्ति विशेष खराब भयो भन्दैमा समग्र प्रहरी संयन्त्र गलत भयो भन्ने निर्क्योल निकाल्नु पनि गलत होला । तर, प्रहरीको उपल्लो दर्जादेखि तलो दर्जासम्मका प्रहरीहरू विभिन्न घटना र काण्डहरू रच्न संलग्न भएका घटनाहरू सार्वजनिक भइरहँदा त्यसको अर्थ के लाग्छ, तपाईं आफै भन्नुहोस् ।

जनकपुर घटनामा कतै बन्दुक पड्केको आवाज आएपछि तपाईं हताहती भयो कि भनी जानु भएको थियो रे ! चिया पसलको छेउमा प्रहरीलाई देखेर तपाईंले राष्ट्रका सुरक्षाकर्मी भएकाले आफूलाई सुरक्षितै ठान्नु भयो होला । तर, दुर्भाग्य !तपाईंको सुरक्षा हुन सकेन । बरु, अनाहकमा ज्यान गुम्यो । तपाईंको अभावमा तपाईंकै सहयात्री पवनकुमार जयसवाल (जनकपुरका लागि तत्कालीन मानव अधिकार अधिकृत) जी आधामासु हुनु भएको रहेछ । उहाँसँग भेट भो तर खुलेर बोल्न सक्नु भएन । बन्दुकको त्रासपूर्ण छाया अझै हटेको रहेनछ ।

सुरक्षाकर्मी.... उफ् अब त मलाई सुरक्षाकर्मी भन्ने शब्दमाथि नै प्रश्न उठाउन मन लागिसक्यो । सुरक्षाको अनुभूति गर्न पाएको भए पो सुरक्षाकर्मी भन्नु । शब्दकै अपमान । तपाईंले 'गोली चल्यो भित्र जाऊ' भनेर हतार हतार बोकेर पसलभित्र पठाउनु भएको सानो फुच्चे अझै रोइरहेछ छ रे । आँसु बहाएर तपाईंले बचाएको कहानी भन्दाभन्दा ऊ थाकिसक्यो । मृत्युको मुखमा पनि एउटा बालकलाई जीवन

दिनु भएको कथा जनकपुरवासीले मात्र हैन, सम्पूर्ण मानव अधिकारकर्मीले थाहा पाइसकेका छन् । तपाईंले छोटो उमेर र मानव अधिकार रक्षकको रूपमा छोटो समय मात्र कामगर्न पाउनु भएको भए पनि अत्यन्त लामो इतिहास कोर्न सफल हुनु भएको छ । त्यो जोसुकैले चाहेर पनि गर्न सक्दैन ।

भौतिक रूपमा तपाईंलाई गुमाएकाले शोक प्रकट गर्न म लगायत आधा दर्जन साथीहरू तपाईंको घर सुनसरी जिल्लाको तरहरा गएका थियौं । तपाईंका मातापितालाई भेट्यौं । उहाँहरू दुःखित त हुनु हुन्थ्यो तपाईंको अभावमा तर उहाँहरूको छाती गर्वले ढक्क फुलेको थियो । तपाईंकी माताजीले सोध्नु भयो- ‘भाइहरूको घर कहां हो ?’ एक जना साथीले उत्तर दिनु भयो- ‘आमा, हामी सातजना सातै जिल्लाका छौं’ ‘मानवको सेवामा खटिनु भएका यहाँहरू सबै मेरै छोरा जत्तिकै हुनु हुन्छ । मैले एउटा गुमाएँ तर थुप्रै छोराहरू पाएँ । मैले शोक गरिरहनु पर्ने कारण छैन’ उहाँले भन्नु भयो । पिताजीले ‘दोषीलाई जसरी पनि कारबाही होस्, मानव अधिकार रक्षार्थ मेरो छोरो सहिद भएकोमा मलाई गर्व छ’ भन्नु भयो । हामी आश्चर्य र भावावेगबाट द्रवित भयौं । परियारजी, तपाईंको घर पुगेपछि हामीलाई मानवताको रक्षार्थ अझ बढी ऊर्जा र आत्मविश्वास बढेको महसुस भएको छ । साँच्चि नै तपाईंको जन्मस्थल र सहादत स्थल मानव अधिकारकर्मीका लागि तीर्थस्थल बनिसकेको रहेछ ।

तपाईंलाई यादै होला, पेसा प्रवेशको परिचयात्मक कार्यक्रममा तपाईं, म र अन्य केही साथीहरू सहित कुरा भएको थियो- ‘अब हामी सुरक्षित भयौं । राज्य र विद्रोही दुवै पक्षले सम्मान गर्ने अति महत्त्वपूर्ण पेसामा हामी छौं । हामी आफू त मर्दैनौं र अरूलाई पनि मर्न दिंदैनौं ।’ अहिले बन्दुक बोक्नेहरूलाई बढी नै विश्वास गरिएछ भन्ने प्रमाणित भएको छ । वास्तवमा हामी सुरक्षित रहेनछौं । तर पनि, हामी अरूलाई सुरक्षित पार्ने र बन्दुकको उन्मादले बहुलाएकाहरूलाई शान्त पार्ने अभियानमा जुटिरहने प्रण गर्दछौं । माओले भनेका थिए- ‘शक्ति बन्दुकको थुतुनोमा हुन्छ ।’ जङ्गल पसेकाहरू त माओकै नाममा लडिरहेछन्, जङ्गल नपसेकाहरू पनि बन्दुकको थुतुनोमा भएको शक्तिलाई दुरुपयोग गरिरहेका छन् । तर, अहिले माओले भनेजस्तो बन्दुकको थुतुनोमा शक्ति छैन; त्यो त नागरिक समाजको एकतामा छ । परियारजी, हामीले तपाईंलाई गुमाएका छैनौं । भौतिक रूपमा टाढा भएको मात्रै हो । हरेक मानव अधिकार रक्षकका लागि तपाईं एउटा विम्ब वा प्रतीक बन्नु





भएको छ । हामी इतिहास भजाउँदैनौं । तपाईंले कल्पना गर्नु भएको द्वन्द्वरहित नेपालको पुनर्निर्माणमा अहोरात्र खट्ने बाचा गर्दछौं । नागरिक समाजको शक्तिले अवश्य बन्दुकको रागमा बहुलाएकाहरूलाई परास्त गर्नेछ ।

शोकलाई शक्तिमा परिणत गर्ने विश्वासका साथ,

*(लेखक आयोगका पूर्व मानव अधिकार/संचार अधिकृत हुन्)*

# दयाराम परियारको मृत्यु र न्यायका लागि आयोगले गरेका प्रयासहरू



✍ *यज्ञप्रसाद अधिकारी*

## १. पृष्ठभूमि

नेपालको सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्ष मात्र नभई गैरसैनिक व्यक्ति, द्वन्द्वमा असंलग्न व्यक्ति समेत प्रभावित हुन गएका थिए । द्वन्द्वरत पक्षको ज्यादती र लापरबाहीका कारण बालबालिका, महिला, शिक्षक, विद्यार्थीदेखि मानव अधिकारको अनुगमन कार्यमा अहोरात्र खट्ने अधिकारकर्मी समेत निसानामा परेका थिए । राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो स्थापना कालदेखि नै मानव अधिकार अन्तर्गत राष्ट्रिय मानवीय कानुनको अवस्थाबारे अनुगमन गरी द्वन्द्वमा भएका ज्यादती मानव अधिकार हननका घटनाको अभिलेखीकरण गर्ने, प्रतिवेदन प्रकाशन र द्वन्द्वरत पक्षलाई सचेत गराउने आफ्नो कानुनी दायित्व अन्तर्गतका कार्यलाई सक्रियता पूर्वक निर्वाह गरिआएको थियो । आयोगको सक्रियताकै कारण आम नागरिक, राज्यका निकाय, पीडित, नागरिक समाजको माग बमोजिम आयोगले आफ्नो पहुँच विस्तार कार्यक्रम अन्तर्गत मानव अधिकारको उल्लङ्घन बढी भएका जिल्लामा सार्थक कार्यक्रम पाँचै विकास क्षेत्रका क्षेत्रीय कार्यालय मार्फत अनुगमन र अनुसन्धानका गतिविधि सञ्चालन गरी आएको थियो । त्यही सिलसिलामा जनकपुरमा आयोगले सम्पर्क कार्यालय खोली कार्य सञ्चालन गरी आएकोमा अहिले सो सम्पर्क कार्यालयलाई क्षेत्रीय कार्यालयको रूपमा स्तरोन्नति गरेको छ । आयोगको कार्यालय विस्तारका साथसाथै कर्मचारीको व्यवस्थापन गरी यसले मानव अधिकार अनुगमनलाई प्राथमिकतामा राखेको थियो ।





## २. जनकपुर स्थित जनकचोकमा भएको घटना

धनुषा जिल्लाको जनकपुर नगरपालिका वडा नं १४ स्थित मुजेलिया प्रहरी चौकीमा द्वन्द्वरत विद्रोही पक्ष तत्कालीन नेकपा (माओवादी)ले २०६२ चैत्र ११ गते साँझ करिब ५ बजेतिर आक्रमण गर्दा दुई जना प्रहरीको मृत्यु भएको तथा केही घाइते भएपछि त्यहाँ रहेका प्रहरीहरू यत्रतत्र रहेका र घाइते प्रहरीलाई उपचार गर्न जनकपुर अञ्चल अस्पताल पुऱ्याएको थियो । लासको पोस्टमार्टमका लागि अञ्चल अस्पतालमै ल्याएको थियो । करिब साँझ ६ बजेतिर मुजेलियाबाट प्रहरीलाई ल्याउँदा बाटोभरि तनाव सृजना भएको र जनकचोक, शिवचोक र रामचोकमा मानिसको भिडभाडका कारण भागदौड समेत भएको थियो । एक्कासी जनकचोक, जानकीचोक, रामचोकतिर मानिसको भागदौड समेत भएको थियो । साँझको करिब ६:१५ बजे अस्थायी प्रहरी पोस्ट (स्टेसन चौकी) बाट प्रहरी निरीक्षकको कमान्डमा आएको टोलीले लापरबाही पूर्वक चलाएको गोली लागी चोकमै गफ गरी बसेका राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता रामचन्द्र यादवको गोली लागी मृत्यु भएको थियो भने राष्ट्रिय मानव अधिकार आयोग जनकपुर सम्पर्क कार्यालयमा मानव अधिकार सहायक दयाराम परियारलाई समेत गोली लागेको थियो । गोली लागेपछि तत्काल रिक्सामा राखी करिब ८:१५ बजे अस्पताल पुऱ्याएको र रातभर स्लाइन पानी र रगत दिइएको थियो । भोलिपल्ट २०६२ चैत्र १२ गते तत्कालीन शाही नेपाली सेनाको सहयोगले विमानबाट घाइतेलाई काठमाडौँ स्थित त्रि.वि. शिक्षण अस्पतालमा उपचारार्थ भर्ना गरी अप्रेसन पश्चात् मिति २०६२।१२।१४ गते राती करिब २ बजे आयोगका कर्मचारी दयाराम परियारको दुखद निधन भयो । पोस्टमार्टम प्रतिवेदन अनुसार दयाराम परियारको मृत्युको कारण Rifled Firearm injury to abdomen through Chest भन्ने उल्लेख गरेको पाइन्छ ।

## ३. आयोगबाट भएको अनुसन्धान

आफ्नै सहकर्मी दयाराम परियारको प्रहरीको गोली लागेपछि आयोगबाट तत्काल फिल्डमा खटिएको अधिकृत सम्मिलित टोलीबाटै प्रारम्भिक अनुसन्धान प्रारम्भ गरिएको थियो । अनुसन्धानका क्रममा टोलीले घटनास्थलको अवलोकन गर्ने, घटनाका सम्बन्धमा मृतकका परिवार, आयोगका अन्य कर्मचारी, प्रत्यक्षदर्शी, सुरक्षा निकायका प्रतिनिधिसँग घटनाका बारेमा जानकारी लिई तथ्य सङ्कलन गरेको थियो भने मृत्यु भएपछि पोस्टमार्टम प्रतिवेदन (Autopsy Report) को विश्लेषण दयाराम

परियारको मृत्यु के कस्तो अवस्थामा भएको हो ? र के कस्तो मानव अधिकार हनन भएको छ भन्ने बारेमा जाँचबुझ र अनुसन्धान गरेको थियो ।

## ४. आयोगबाट भएको सिफारिस

घटनास्थलको अवलोकन, प्रत्यक्षदर्शी, मृतकको पोस्टमार्टम प्रतिवेदन समेतको सूक्ष्म रूपले विश्लेषणपछि राष्ट्रिय मानव अधिकार आयोगका तत्कालीन अध्यक्ष नयनबहादुर खत्रीको अध्यक्षतामा २०६२ साल चैत्र २० गते आयोगको बैठकबाट निम्नानुसार निर्णय भएको थियो :

"गोली जनकपुरकै मुजेलियाबाट जिल्ला प्रहरी कार्यालयतर्फ आउँदै गरेको प्रहरीको डफ्फामा रहेका ४ जना प्रहरीले चलाएको देखिन्छ । यसरी अकारण चलाएको गोलीबाट हताहत हुँदासम्म उक्त टोलीका प्रमुख प्रहरी निरीक्षक श्री प्रकाशराज शर्मा र उनको टोलीले के कति क्षति भयो भन्ने कुराको जानकारी लिने र तत्काल उद्धार पुऱ्याउनेतर्फ सम्भव प्रयास गरेको देखिएन ।

गोली चलाउनु पर्ने अपरिहार्य अवस्था नदेखिएको अवस्थामा ज्यान समेत जाने गरी गोली चलाउनु साथै मृतक र घाइतेको स्थिति जानी उद्धार गर्ने तुरुन्त प्रयास नगर्नु भनेको लापरबाही मानव अधिकार एवम् मानवीय कानुनको घोर उल्लङ्घन हो । तसर्थ राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतक रामचन्द्र यादव र दयाराम परियारका परिवारलाई जनही रु.२,५०,०००।- दुई लाख पचास हजारका दरले क्षतिपूर्ति उपलब्ध गराउने र गोली चलाई ज्यान लिने प्रहरी कर्मचारीलाई फौजदारी अभियोगमा कारबाही चलाउन आवश्यक अनुसन्धान सुरु गर्न यस किसिमका घटना दोहोरिन नदिन प्रहरीले चाहिने सतर्कता अपनाउनका लागि आवश्यक व्यवस्था मिलाउन समेत प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई सिफारिस भएको थियो ।"

## ५. सिफारिस कार्यान्वयनको अवस्था

आयोगको सिफारिस तिन महिनाभित्र कार्यान्वयन गरी त्यसको जानकारी आयोगलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । तसर्थ, राष्ट्रिय मानव अधिकार आयोगबाट सिफारिस कार्यान्वयनका लागि च.नं. १९०१, मिति





२०६२।१२।२३ मा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई पत्राचार गरी सोही दिन प्रेस विज्ञप्ति समेत जारी गरेको देखियो ।

प्रहरी प्रधान कार्यालयको च.नं. १२३ मिति २०६३।८।१३ को पत्रानुसार स.मु.स. ऐनको दफा ६(२) अनुसार सरकारी वकिलले मुद्दा तहकिकात गर्न आवश्यक निर्देशन दिन सक्ने व्यवस्था अनुरूप सरकारी वकिलको निर्देशानुसार अनुसन्धान प्रक्रिया अगाडि बढिरहेको र गोली लागी मृत्यु भएका रामचन्द्र यादवको हकदारले क्षतिपूर्ति बापत रु.२५००००।- भुक्तानी पाइसकेको मृतक दयाराम परियारको हकदारलाई क्षतिपूर्तिको रकम बुझ्न पत्राचार गरिएको घटनास्थल वरपर जयवीर राय लगायतका घटना देख्ने व्यक्तिसँग बुझ्ने कार्य जारी रहेको भन्ने समेत व्यहोरा उल्लेख गरी पत्राचार गरेको देखिन्छ भने प्रहरी प्रधान कार्यालयकै च.नं. १०४ मिति २०६३।७।१५ को पत्रानुसार घटनाका सम्बन्धमा मृत्यु भएका दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले प्र.नि. प्रकाशराज शर्मा समेतलाई प्रतिवादी बनाई मिटानी जाहेरी दरखास्त २०६२।१२।१३ गते मुद्दा दर्ता नं. १६० कर्तव्य ज्यान शीर्षकमा दर्ता गराएकोमा अनुसन्धान जारी रहेको भन्ने समेत व्यहोरा उल्लेख गरी पत्राचार गरिएको पाइन्छ ।

आयोगबाट निर्णय कार्यान्वयनका लागि च.नं. ३४१७ मिति २०६५।२।२९, च.नं. ११४१ मिति २०६५।१२।१२ मा प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई ताकेता पत्राचार भएको, प्रहरी महानिरीक्षक नेपाल प्रहरीलाई च.नं. २५८९ मिति २०६४।८।६ मा प्रभावकारी अनुसन्धान गरी दोषीलाई कारबाही गराउन पत्राचार भएको थियो । साथै नेपाल सरकारका उच्च पदाधिकारी, मुख्य सचिव, प्रधानमन्त्रीको कार्यालयका सचिव समेतलाई आयोगमा बोलाई तत्काल आयोगको सिफारिस कार्यान्वयनका लागि आफ्ना प्रयासलाई निरन्तरता दिइरहेको अवस्था छ ।

## ६. हालको अवस्था

सशस्त्र द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा मानव अधिकारको क्षेत्रमा काम गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो । मानव अधिकार हननकर्ताको सधैँ मानव अधिकार रक्षकप्रति सकारात्मक धारणा आउन सकेको छैन । आफ्नो पक्षबाट भएका ज्यादती र मानव अधिकार उल्लङ्घका घटनाको सार्वजनिक र दस्तावेजीकरण नहोस् भन्ने चाहना रहेको देखिन्छ । स्व.दयाराम परियारको मृत्युपछि आयोगबाट विधान कानुन

बमोजिम अनुसन्धान गरी प्राप्त अनुसन्धान प्रतिवेदनका आधारमा दोषीलाई कारबाही र पीडित परिवारको भरण पोषणका लागि क्षतिपूर्तिको सिफारिस भएको हो । आयोगबाट हालसम्म भएका ७४३ सिफारिसमा सिफारिसको कार्यान्वयनका लागि आयोगबाट निरन्तर प्रयास भएको छ । आयोगले आफ्नो सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धी (२०५७-२०७०) तेह्र वर्षे प्रतिवेदन प्रकाशन गरेको छ भने प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयले समेत मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनको अवस्था सम्बन्धी प्रतिवेदन २०७० सार्वजनिक गरेको छ । सशस्त्र द्वन्द्वसँग समेत सम्बन्धित घटना भएको देखिँदा भर्खरै गठित सत्य निरूपण तथा मेलमिलाप आयोगबाट समेत द्वन्द्वकालीन घटना भएकाले सङ्क्रमण कालीन संयन्त्रबाट समेत पीडितको राहत, परिपूरणका लागि आवश्यक कारबाही हुन सक्ने देखिन्छ । त्यसैले पीडितले आयोगको सिफारिस बमोजिम क्षतिपूर्ति प्राप्त गरेको भए तापनि दोषीलाई कानुन बमोजिम कारबाही हुन नसक्नु दुर्भाग्यपूर्ण अवस्था हो ।

जनकपुरमा गोली चली घाइतेलाई तत्काल काठमाडौं त्रि.वि.शिक्षण अस्पतालमा भर्ना गरी शल्यक्रियाका लागि आयोगका पदाधिकारी लगायत सबै कर्मचारी साथीहरूको सक्रिय सहयोग रहेको हो । तथापि, सहकर्मी मित्र दयाराम परियारलाई मानव अधिकार आयोगले गुमाउनु पर्दाको पीडा सधैं झलझली सम्झिरहेको छु । एक सशक्त युवा मानव अधिकार रक्षकलाई मुलुकले गुमाउनु परेको छ । स्व.दयाराम परियारप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

*(लेखक आयोगका उपनिर्देशक तथा अनुसन्धान महाशाखा प्रमुख हुन् )*





# दयाको अधिकार





*✍ डा. टीकाराम पोखरेल र हरिप्रसाद ज्ञवाली*

अधिकार भनेको हक हो । कुनै पनि व्यक्ति वा समूहले तत्स्थान वा हैसियतमा रहे बापत प्राप्त गर्ने सम्पूर्ण कुराहरू नै अधिकार हुन् । बृहत् नेपाली शब्दकोशमा “अधिकार भनेको कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य न्यायोचित दाबी हो” भनी परिभाषित गरिएको छ । यस वाक्यांशले कुनै पनि व्यक्ति वा समूहको हक वा अख्तियारी समेतलाई बुझाउँछ । अधिकारको बहस हुँदै जाँदा अधिकार शब्द पछिल्लो समयमा मानवसँग जोडिएर मानव अधिकार बन्न पुगेको छ । नेपाली विकिपिडियामा मानव अधिकारको सम्बन्धमा भनिएको छ-

*“मानव अधिकार यस्तो अधिकार हो जुन सबै मान्छेले केवल मानव भएको नाताले पाउनु पर्दछ । यी अधिकारहरू विश्वव्यापी हुन्, त्यसैले प्रत्येक मानिसले पाउनु पर्छ । मान्छेको जात, धर्म, सम्प्रदाय, राष्ट्रियता, उमेर, लिङ्ग, राजनैतिक विचार, ज्ञान, अपाङ्गता, लैङ्गिक झुकाव, लैङ्गिक परिचय आदिजेसुकै भए पनि फरक पर्दैन । प्रत्येक मानिसले मानव अधिकार पाउनु पर्छ । मानव अधिकारको प्रकृति विश्वव्यापी र अहरणीय हुन्छ ।”*

पछिल्लो समय अधिकारसँग कर्तव्य पनि जोडिन थालेको छ । जसरी मान्छेको अधिकार छ त्यसै गरी कर्तव्य पनि छ । अधिकारका लागि कर्तव्य भन्ने बहसले हरेक नागरिकलाई कर्तव्यविमुख नहुन अभिप्रेरित गरेको छ । नेपालको अन्तरिम संविधान, २०७२ को भाग ३, धारा ४८ मा “राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु नागरिकका कर्तव्य हुनेछन्” भनी उल्लेख गरिएको छ ।

विगतका संविधानमा मौलिक हक खण्डको मूल शीर्षकमा “मौलिक हक” मात्र लेखिनु तर नेपालको संविधान, २०७२ मा भने “मौलिक हक र कर्तव्य” राखिनुले

मौलिक हकको दाबीका लागि पनि हरेक नागरिकले कर्तव्यको पालना गर्नैपर्ने पक्षमा जोड दिएको छ । यस व्यवस्थाले अधिकार जति महत्त्वपूर्ण छ कर्तव्य पनि त्यत्तिकै महत्त्वपूर्ण छ भन्ने प्रस्ट पारेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, सन् १९४८ ले पनि हरेक नागरिकले कर्तव्य गर्नैपर्ने पक्षमा जोड दिएको छ । घोषणा पत्रको धारा २९ को उपधारा १ मा भनिएको छ- "प्रत्येक व्यक्तिको समाजप्रति कर्तव्यहरू छन् र त्यस्तो समाजमा बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास सम्भव छ ।" यसै गरी सोही धाराको उपधारा २ मा आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा प्रत्येक व्यक्तिले अरूको अधिकार र स्वतन्त्रताप्रति पनि आदर गर्नु पर्नेछ भन्दै अरूलाई हानी पुऱ्याउन नहुने कुरामा समेत जोड दिएको छ । यसले अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् भन्ने कुरा प्रस्ट पार्छ ।

मानव अधिकार व्यक्ति व्यक्तिबिचको सम्बन्धको विषय नभएर व्यक्तिको राज्यसँगको सम्बन्धको विषय हो । तर, कर्तव्य विनाको मानिस अधिकारका लागि योग्य हुँदैन । मानव अधिकारको दाबीका लागि योग्य हुन कर्तव्य पालना गर्नु नागरिकको जिम्मेवारी हो भने नागरिकको अधिकारको प्रत्याभूति गर्नु राज्यको दायित्व हो । नेपालको संविधान र मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले उल्लेख गरेको कर्तव्य नागरिक कर्तव्य हो भने नागरिकको मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्ति गर्नु राज्यको दायित्व हो । मानव अधिकार कानुन र संविधानले नागरिक र राज्य दुवैको कर्तव्य तथा दायित्व तोकेको छ । तर, व्यवहारमा कस्तो विरोधाभास छ भने नागरिक कर्तव्य विनाको अधिकार खोजिरहेका छन् भने राज्य पनि मानव अधिकारको प्रत्याभूति गर्नु आफ्नो कर्तव्य ठानिरहेको छैन । बरु राज्यले मानव अधिकारको प्रत्याभूतिका लागि जे जति काम गरेको छ त्यो दया झैं गरिरहेको छ । तर, दया मानव अधिकार होइन; दया मानवीय व्यवहार मात्र हो ।

अधिकारमैत्री लोकतान्त्रिक राज्य सञ्चालनमा नागरिकको कर्तव्यले जति महत्त्व राख्छ त्योभन्दा बढी महत्त्व राज्यको गतिविधिले राख्छ । राज्य कति जनमुखी छ भन्ने मापनको आधार राज्य नागरिकको मानव अधिकारको संरक्षणमा कति गम्भीर छ भन्ने कुरालाई बनाउनु पर्दछ । भनिन्छ, कुनै पनि राज्यको मानव अधिकारको अवस्था कस्तो छ भनेर मूल्याङ्कन गर्न त्यस राज्यमा सुरक्षा निकायले कति मानिसको गैरन्यायिक हत्या गऱ्यो; कति सर्वसाधारण विद्रोहीको अपहरणमा परे; कति बेपत्ता पारिए र कतिले यातना पाए ? भनेर तथ्याङ्कको पछि दगुर्नु आवश्यक छैन । त्यो देशका नागरिक सरकारप्रति कति सन्तुष्ट छन् भनेर सर्वेक्षण गरे मात्र





पुग्छ । जुन देशमा जनताको सरकारप्रतिको सन्तुष्टिको मात्रा उच्च छ त्यो देशको मानव अधिकारको अवस्था सुदृढ छ र जुन देशमा सरकारप्रति जनताको असन्तुष्टि बढी छ त्यो देशमा मानव अधिकारको अवस्था जोखिममा छ भन्ने बुझे हुन्छ । यस कारण मानव अधिकारको सवालमा जहिले पनि राज्यको दायित्व प्रमुख रहन्छ । नागरिकलाई मात्र कर्तव्यको पाठ सिकाएर राज्य चाहिँ आफ्नो दायित्वबाट विमुख हुन सक्तैन/पाउँदैन ।

दायित्व र कर्तव्य हामीकहाँ पर्यायवाची रूपमा प्रयोग भइरहेको छ । तर, दया र कर्तव्यबिच ठुलो दुरी छ । राज्यले अधिकारको प्रत्याभूति गर्नु कर्तव्य हो, दया होइन । शाब्दिक अर्थमा "कर्तव्य भनेको कानुन बमोजिम वा सामाजिक परम्परा र आवश्यकता अनुसार गर्नु पर्ने काम हो" भने "दया भनेको अर्कामा परेको दुःख पीडा आदिप्रति संवेदनशील भई सहयोग गर्नु" हो । कर्तव्य अनिवार्य विषय हो भने दया अनिवार्य होइन, ऐच्छिक विषय हो । कुनै पनि व्यक्तिले कोहीमाथि दया नदेखाउन पनि सक्तछ तर कुनै पनि नागरिक आफूले गर्ने कर्तव्यबाट विमुख हुन सक्तैन । सरकार त झन् दायित्व विमुख रहने प्रश्नै रहन्न । दया भावनाको कुरा हो, जो आत्मिक संसारसँग सम्बन्धित छ । दया गर्न आत्मिक संसारले खटाए मात्र हुन्छ तर कर्तव्य सामाजिक र कानुनी कुरा हो, जुन बाह्य संसारको निर्देशन र नियन्त्रणमा हुन्छ । कर्तव्य समाज र कानुनद्वारा निर्देशित हुन्छ ।

दयाको संसार फरक संसार छ, अधिकारको संसार फरक छ । दया दुःखी र असहायमाथि गरिन्छ तर अधिकार भने हरेक व्यक्ति र समुदायको प्रत्याभूति हुनु पर्दछ । दया जसलाई मन लाग्छ त्यसलाई गरे हुन्छ । दया गर्नेको छनौटमा परेका व्यक्ति मात्र दयाको पात्र बन्छन्, तर अधिकार सबैका लागि प्रत्याभूत हुनु पर्दछ । सबै नागरिक अधिकारका पात्र हुन् । दया इच्छामा निर्भर गर्छ, अधिकार इच्छामा निर्भर गर्दैन । कानुन बमोजिम सबैले आफ्नो जिम्मेवारी पूरा गर्नैपर्छ । यो कसैले हात थाप्ने र कसैले हात भरिदिने विषय होइन । दाता र लिनेवाला अधिकारमा हुँदैन ।

अधिकारको प्रत्याभूतिलाई जब कर्तव्यको आँखाबाट नहेरेर दयामायाको आँखाबाट हेरिन्छ तब त्यहाँ अधिकार धरापमा परेको हुन्छ भन्न गाह्रो हुँदैन । मानव अधिकार कल्याणकारी विषय होइन । दान र धर्म कमाउन अधिकारको कुरा गरिँदैन । स्वर्ग जानका लागि मानव अधिकारको काम गर्ने विषय होइन । बरु यो त अख्तियारप्राप्त

अधिकारीले अख्तियारी पूरा गर्ने विषय हो । मानव वा नागरिक भएको नाताले दाबीका साथ हरेकले पाउनै पर्ने विषय हो ।

कतिपयमा एउटा भ्रम के पनि छ भने अधिकार राज्यले दिने विषय हो ।अधिकार राज्यसँग छ । अधिकार कहाँबाट प्राप्त हुन्छ भन्यो भने सरकार वा राज्यबाट भनिन्छ । अन्तर्राष्ट्रिय सन्दर्भमा संयुक्त राष्ट्र सङ्घलाई मानव अधिकारको स्रोत भन्ने गरिएको पाइन्छ । तर, राज्य मानव अधिकारको स्रोत वा दाता होइन, मानव अधिकारको व्यवस्थापक (प्रत्याभूतिकर्ता) मात्र हो । संयुक्त राष्ट्र सङ्घ पनि मानव अधिकारको स्रोत होइन बरु अधिकारको प्रत्याभूतिका लागि सदस्य राष्ट्रहरूमाथि दबाब सिर्जना गर्ने निकाय अर्थात् दबाबकर्ता हो । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूपनि मानव अधिकारका स्रोत होइनन् बरु मानव अधिकारको प्रत्याभूतिका लागि बनाइएका दस्तावेज हुन् । सन्धिहरू मानव अधिकारका साधन हुन्, साध्य होइनन् ।

मानव भएर जन्मनासाथ अधिकार हामीले स्वतः पाएका छौँ । जन्मनासाथ हामी अधिकारको उपभोक्ता हुन्छौँ । त्यसैले त मानव अधिकारलाई प्राकृतिक अधिकार वा जन्मसिद्ध अधिकार भनेर व्याख्या गरिएको हो । मानव अधिकार कानुनले दिएको अधिकार होइन, कानुनद्वारा व्यवस्थित गरिएको अधिकार मात्र हो । हरेक नागरिकको यो अधिकार प्रत्याभूति हुनु पर्छ । नागरिकको अधिकारको प्रत्याभूति राज्यका लागि बाध्यकारी हो, ऐच्छिक होइन ।

नेपालका सन्दर्भमा सरकारलाई पनि के भ्रम छ भने मानव अधिकारको विषय हल्ला गर्ने विषय हो । मानव अधिकारको बहस काम नपाएकाहरूको काम हो । बेरोजगारहरूको रोजगारी हो । सरकारले काम गर्दागर्दै पनि आलोचना गर्ने नागरिक समाजको आदत हो । मानव अधिकारको विषय निरपेक्ष होइन सापेक्ष हो । राज्यले गर्नुपर्ने र गर्न सक्ने जति गरिरहेको छ । यही सङ्कुचित बुझाइका कारण मानव अधिकारका अभियानकर्तालाई राज्य जहिले पनि नकारात्मक आँखाले नै हेर्छ । हाम्रो सन्दर्भमा मानव अधिकार सरकारको प्रतिपक्ष बनेको छ । एकातिर अधिकारकर्मीले अधिकारको प्रत्याभूतिका लागि दबाब नै सिर्जना गर्नु पर्ने अर्कातर्फ राज्यले जति दया गरेर दिन्छ त्यतिमै चित्त बुझाउनुपर्ने बाध्यता छ ।

राज्यको प्रशासन अधिकारमुखी हुनु पर्छ; दयामुखी होइन । तर, समग्रमा नेपालको प्रशासन अधिकारमुखी अवधारणामा चलेको छैन; दयामुखी धारणामा छ । सरकार र





कर्मचारी संयन्त्र जनताको सेवक हुन सकेको छैन बरु मालिक बनेको छ । कागजी पानामा कर्मचारीलाई राष्ट्रसेवक भने पनि व्यवहारमा भने कर्मचारी जनताका मालिक जस्ता छन् । कर्मचारीका सेवक चाहिँ जनता जस्तो भएको छ । हुनपर्ने चाहिँ जनताका सेवक कर्मचारी हो । जनताको सेवा स्वतः राष्ट्रसेवा हो । राष्ट्रका लागि जनता भन्ने अवधारणा परिवर्तन भएर अब जनताका लागि राष्ट्र भन्ने नयाँ अवधारणाको पनि जन्म भइसकेको छ । विगतमा विकासका कुरा गर्दा राष्ट्रलाई केन्द्रमा राखेर गरिन्थ्यो, अब विकास जनतालाई केन्द्रमा राखेर गर्नु पर्छ भन्ने मान्यता स्थापित भइसकेको छ । वैधानिक तरिकाबाट जनता धनी भए देश स्वतः धनी हुन्छ । नागरिकको अधिकारको प्रत्याभूति भए देशको मानव अधिकारको अवस्थामा सुधार आउँछ । यस कुरालाई आत्मसात् नगरेसम्म जनमुखी प्रशासन हुँदैन; दयामायाको प्रशासन चलिरहन्छ ।

नेपालमा केही ऐनहरू छन् जो छन् ती कल्याणकारी धारणाबाट आएका छन् । समाज कल्याण ऐन, अपाङ्ग संरक्षण तथा कल्याण ऐनमा ऐनको नाममै कल्याण जोडिएको छ । कतिपय अधिकारको प्रत्याभूतिका लागि काम गर्नु पर्ने संस्था पनि कल्याणकारी वा सेवाको अवधारणा बमोजिम स्थापना भएको पाइन्छ । उदाहरणका लागि स्वास्थ्यलाई सेवा भन्ने गरिएको छ । जब कि स्वास्थ सेवा होइन बरु अधिकार हो । त्यसैले स्वास्थ्य अधिकार भनिनु पर्थ्यो ।

नागरिकहरू अधिकारको उपभोगकर्ता हुन् तर राज्य नागरिकलाई सेवाग्राही भन्न रुचाउँछ । सरकार चाहिँ आफूलाई सेवा प्रदायक भएको दाबी गर्छ । सेवाग्राही र सेवा प्रदायक पनि दयामुखी धारणा नै हो । दयामुखी धारणामा चलाइएको सेवा मानव अधिकारमैत्री हुँदैन । कतिपय कार्यालयमा स्थापना गरिएको सोधपुछ कक्षमा कर्मचारी नै हुँदैनन् । कर्मचारी नै भेटियो भने पनि सोधेको कुरा भने बापत छुट्टै शुल्क लाग्छ जस्तो गर्छन् । काम गरिदिने काममा आनाकानी गर्छन् । सर्वसाधारणलाई हप्कीदप्की गर्छन् । सरकारको मुस्कान सेवा पन्चर भएको टायर जस्तो हावा खुस्केको छ । त्यसैले राज्यका संयन्त्र र कर्मचारी प्रशासनप्रति आम नागरिकको कहिल्यै पनि सकारात्मक धारणा बन्न सकेको छैन ।

विकास मानव अधिकारको महत्त्वपूर्ण पाटो हो । तर, नेपालमा विकास अझै पनि अधिकारमुखी अवधारणाबाट अगाडि बढ्न सकेको छैन । चुनावको सन्दर्भमा विकास बार्गेनिङ बनेको छ भने सामान्य अवस्थामा चाहिँ विकास निगाह बनेको छ । विकास गर्नु जनताको अधिकारको प्रत्याभूति होइन बरु विकास जनताका लागि

दयामायाको विषय बनेको छ । कुनै गाउँमा कुनै पुल, बाटो, विद्यालय, अस्पतालका लागि सरकारले बजेट छुट्यायो भने सरकार त्यो बजेट विनियोजनको कामलाई त्यहाँका जनताप्रति ठुलो दया गरेको ठान्छ । जनता पनि सरकारप्रति आभारी हुन्छन् । मानौँ कि त्यो जनताको अधिकार होइन; त्यो बजेट सरकारी ढुकुटीबाट होइन बरु सरकार सञ्चालकको पैत्रिक सम्पत्तिबाट दिइँदै छ ।

सबै कुरा निगाहले चलेको देशमा न्याय पनि निगाह हुनु नौलो होइन । निगाहमा पीडितले अपेक्षा गरे अनुरूप न्याय पाउँदैनन् । जति न्याय पाएका छन् फेरि त्यो पनि निगाहको शैलीमै चलेको छ । मानव अधिकारका पीडित पनि यसबाट मुक्त छैनन् । अहिले मानव अधिकारको हनन भएकाले दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिनू भनी राष्ट्रिय मानव अधिकार आयोगबाट सरकारलाई गरिएका सिफारिसहरूको ठुलो हिस्सा त्यत्तिकै अलपत्र छ । मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन सिद्धान्ततः बाध्यकारी हो । वा, तर, किनभने.... जस्ता वाक्यांश तेर्स्याएर आयोगका सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारीबाट सरकार पन्छिन पाउँदैन भनेर सर्वोच्च अदालतले समेत बोलिसकेको छ । तर, व्यवहारमा भने सिफारिस अझै अलपत्र छन् । जति कार्यान्वयन भएका छन् त्यसमा पनि दयाको गन्ध भेटिन्छ ।

मानव अधिकारको उल्लङ्घनमा दोषीलाई कारबाही गर्नू र पीडितलाई क्षतिपूर्ति दिनू भन्ने दुई प्रकारका सिफारिसहरू हुने गरेका छन् । तीमध्ये दोषीलाई कारबाही गर्नू भनेका सिफारिस अलपत्र छन् भने पीडितलाई क्षतिपूर्ति दिनू भनिएका सिफारिसहरू अधिकांश कार्यान्वयनमा गएका छन् । यहाँ स्मरणीय कुरा के छ भने क्षतिपूर्ति राज्यकोषबाट दिइन्छ, कारबाही भए व्यक्तिलाई हुन्छ । राज्यकोषबाट क्षतिपूर्ति दिने कुरा चाहिँ कार्यान्वयन हुने तर दोषी व्यक्तिलाई कारबाही गर्ने कुरा चाहिँ कार्यान्वयन नहुनुले राज्यका उच्च निकायमा पीडकहरूको पहुँच रहेको स्पष्ट हुन्छ । पीडितलाई दया देखाएर पीडकलाई उन्मुक्ति दिलाउन खोजको आभास मिल्छ । पीडितलाई क्षतिपूर्तिको नाममा दुईचार पैसाको दया देखाएर अनि दोषीलाई उम्काउने कामले पनि आखिर दयामुखी राज्यकै प्रतिविम्ब दर्साएको बुझिन्छ । यसले अधिकारको सर्वमान्य सिद्धान्तलाई गिज्याएको छ । दोषीलाई कारबाही नभएसम्म पीडितले न्याय पाए भन्ने ठान्नु सर्वथा गलत हुन्छ ।

न्याय दया होइन अधिकार हो । लोकतन्त्रमा राज्य उदार हुनु पर्छ । उदार राज्य मानव अधिकारको जगमा मात्र सम्भव छ । राज्यबाट कोही पनि पीडित हुनु हुँदैन ।





कथंकदाचित् कोही पीडित बने उसले न्याय पाउनु पर्छ । न्यायको मतलव दोषीलाई कारबाही र पीडितलाई परिपूरण हो । तर, नेपालमा जति पनि मानव अधिकारबाट वञ्चित भएका पीडित छन् उनीहरूले न्याय पाएका छैनन् । मात्र थोरै पैसा पाएका छन् । धेरै पीडित र मृतकका परिवारले भन्ने गरेका छन्- पैसाले न्याय मिल्दैन । दोषीलाई कारबाही नगरेसम्म मृत आत्माले शान्ति पाउँदैन, न त पीडित परिवारले नै न्यायको अनुभूति गर्लान् ।

सशस्त्र द्वन्द्वका क्रममा राष्ट्रिय मानव अधिकार आयोगकै कर्मचारी दयाराम परियारको सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो । आयोगले यस घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गऱ्यो तर दोषीलाई कारबाही भएन । सरकारले क्षतिपूर्तिको रकम मात्र दियो । दयारामको अधिकार दयामा परिणत गर्ने प्रयास भयो । त्यस प्रयासलाई दयारामको परिवारले स्वीकार गरेन बरु अदालतको ढोका घचघच्यायो । तर पनि, पीडित परिवारले उचित न्याय पाएनन् । न्यायमा आयोगका कर्मचारीका परिवारको यो स्थिति छ भने सर्वसाधारणको के अवस्था होला ?

अन्त्यमा, दयाराम परियारको बाँच्न पाउने अधिकार त हनन भयो नै । अब मरेपछि मृतकका परिवारले उचित न्याय पाउने अधिकार बाँकी छ । त्यो अधिकारको कम्तीमा प्रत्याभूति गर सरकार । दयारामको अधिकारलाई दयामा परिणत नगर । पीडित परिवार दया होइन अधिकार चाहन्छन् सरकार !

*(लेखकहरू क्रमशः आयोगका उपनिर्देशक र मानव अधिकार अधिकृत हुन्)*

# महिला मानव अधिकार रक्षक र चुनौतिहरू



✍ सरिता ज्ञवाली

## १. पृष्ठभूमि

बेलायती महिला मानव अधिकारकर्मी मेरी वोल्स्टोनक्राफ्ट (Mery Wollstonecraft) ले सन् १७९२ मा महिलाको अधिकारको औचित्य नामक पुस्तक प्रकाशनमा ल्याएपछि महिलाका अधिकारका कुराको थालनी भएको पाइन्छ । त्यसभन्दा अघि युरोपमा अधिकार भनेको केवल पुरुषको अधिकार हो भन्ने धारणाबाट विकसित भएको थियो र त्यस वेला समाजमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेरिन्थ्यो । महिला र दासलाई एउटै स्तरमा गणना गरिन्थ्यो । विशेषगरी अधिकार शासकहरूले उपभोग गर्न पाउने गरी कानुन निर्माण गरिएका हुन्थे । पहिलो पटक १२१५को म्याग्नाकार्टाबाट पुरुष (Men) को अधिकार व्यवस्था गरियो । महिला मानव अधिकार रक्षकहरू पुरुष साथीहरूको सहयोगमा आफ्ना अधिकारहरूको खोजी गर्न थाले । सुरुका दिनहरूमा अन्य अधिकार जस्तै महिला मानव अधिकार रक्षकहरूको खोजी पनि  राजनैतिक तथा नागरिक अधिकार हुँदै क्रमशः आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूमा वकालत गरिँदै आएकोमा पछिल्लो समयमा लैङ्गिक हिंसा सम्बन्धमा आवाज उठ्न थाले ।

महिलाका मानव अधिकारको पक्षमा वकालत गर्ने सुरुका दिनहरूमा महिला मानव अधिकार रक्षकहरू मानसिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेशले अप्ठेरो अवस्थामा थिए । धार्मिक अतिवादीका कारणले रपितृसत्तात्मक सोचका कारण तिनीहरू बहिष्करण, प्रतिबन्धित, निस्कासन, पक्राउ, यतना, धरपकड र जेल सजाय आदि भोग्न बाध्य भए । महिला मानव अधिकार रक्षकले मानव अधिकार रक्षकको पहिचान नपाउने स्थिति बेहोर्न बाध्य भए । तिनीहरूलाई मानसिक पीडा दिँदै





सामाजिक संरचना विखण्डन गर्ने, भाइचाराको विनाश गर्ने, पारिवारिक विखण्डन गराउने जस्ता लाञ्छना लगाउने गरेको अनुभूति प्रस्तुत पङ्क्तिकारले समेत वेलावेलामा नभोगेको होइन । सेकाग्ग्याँ मार्ग्रेट (SEKAGGYA MARGARET) ले महिला मानव अधिकार रक्षकहरूअरू मानव अधिकार रक्षकले भोग्नु परेका समस्याका बावजुद लैङ्गिक हिंसाका रूपमा बलात्कार, यौन हिंसा र यौन दुर्व्यवहार लगायतको लैङ्गिक विशेष प्रकृतिको हिंसाकोसिकार हुने अत्यधिक खतरा[1] हुने कुरा प्रस्तुत गरेकी छन् भने विभिन्न सञ्चार माध्यममा अध्ययनका दौरानमा प्राप्त सूचनाका आधारमा धार्मिक अतिवादीहरूले महिला मानव अधिकार रक्षकलाई हत्या, यातना दिने गरेको देखिन्छ; जसको उदाहरणका रूपमा पाकिस्तानमा बेनजिर भुट्टोले महिलाको राजनैतिक अधिकार उपभोग गर्दागर्दै मारिनु परेको घटनालाई भुल्न सकिन्न । त्यस्तै गरी मलाला युसुफ बालबालिकाको शिक्षामा जोड दिँदै तालिवानीहरूसँग अनुरोध गर्दागर्दै गोलीको सिकार हुन पुगिन् । चिन, भारत, श्रीलङ्का, दक्षिण अफ्रिका र हन्डुरसमा विश्वका प्रायःजसो महिला मानव अधिकार रक्षकहरू महिला अधिकारको सवालमा काम गर्दा शारीरिक, मानसिक, सांस्कृतिक तथा बहिष्करणमा पर्ने, यौन दुर्व्यवहार, लामो काराबास र अपहरण हुने समेतका समस्या भोग्नु परेको यथार्थ हो । नेपाली महिला मानव अधिकार रक्षकहरू पनि यस्ता समस्याहरू भोग्नबाट अछुतो रहेको देखिँदैन ।

## २. महिला मानव अधिकार रक्षक को को हुन् ?

संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार रक्षकका मानव अधिकारको अवस्था सम्बन्धी पूर्व समाधीक्षक मार्ग्रेट सेकाग्ग्याँ (Margaret Sekaggya) का अनुसार महिला मानव अधिकार रक्षक भन्नाले महिला मानव अधिकार रक्षक र अरू मानव अधिकार रक्षक जसले महिला अधिकार वा लैङ्गिक सवालहरूहरूको प्रतिरक्षा गर्दछन् (A/HRC/16/44)। मानव अधिकार रक्षक (HRDs) को मुख्य भूमिका महिला मानव अधिकार रक्षक सहित र मानव अधिकार रक्षक सम्बन्धित अधिकार र राज्यको दायित्व समेतलाई जनाउदछ ।[2]यो परिभाषा अध्ययन गर्दा महिला मानव अधिकार

[1] *MARGARETSEKAGGYA*, - See more at: http://www.awid.org/priority-areas/women-human-rights-defenders#sthash.yCu4hxn6.dpuff

[2] http://www.ohchr.org/EN/Issues/Women/WRGS/Pages/HRDefenders.aspx

रक्षक भन्नाले महिलाको मानव अधिकारका सवालमा काम गर्ने, महिला अधिकार तथा लैङ्गिक सवाललाई मूल मुद्दाका रूपमा ग्रहण गरी वकालत गर्ने महिला वा पुरुष जोकोही हुन सक्दछ ।

### ३. महिला मानव अधिकारको इतिहास

मानव अधिकारको इतिहास विशेष गरी सन् १२१५ को बेलायती म्याग्नाकार्टाबाट औपचारिक रूपमा सुरु भएको देखिन्छ । यो दस्तावेजमा पुरुषको अधिकार मात्र उल्लेख गरिएको थियो । मेरी वोइलस्तोन क्राफ्टले सन् १७७३ मा महिलाको अधिकारको औचित्य (The vindication of rights of women) नामक पुस्तक प्रकाशनमा ल्याए पश्चात् महिलाको मानव अधिकार सम्बन्धी बहस सुरु भएको देखिन्छ । उनले पुरुषले वंशाणुगत विशेष सुविधा पाउने कुरामाथि प्रहार गरेकी छन् । उनले महिला र पुरुष दुवैलाई काल्पनिक रूपमा नभई तार्किक रूपमा व्यवहार गरिनु पर्ने कुरामा जोड दिइन् ।

उनले पुरुषभन्दा महिला प्राकृतिक रूपमा कमजोर होइन तर कमजोर देखिन्छन् किनकि उनीहरूको शिक्षा छैन भन्दै महिलाको बनावटलाई हेरेर होइन, औचित्यका आधारमा महिला र पुरुषलाई व्यवहार गर्नु पर्ने कुरामा जोड[3] दिएकी थिइन् । महिला अधिकार रक्षकहरूले पुरुष साथीहरूको सहयोगमा राज्यकाविरुद्ध आवाज उठाउने र एकजुट हुने परम्पराको थालनी ऐतिहासिक रूपमा सन् १८४८मा अमेरिकाको सेनेका फल्स सम्मेलनदेखि गरे । १८औं शताब्दीमा महिलामा मानव अधिकारको रूपमा राजनीतिक तथा मतदानको अधिकारका लागि आन्दोलनहरू भए । अन्ततः १९औं शताब्दीमा आएर महिलाहरूले मतदानको अधिकार पाउन सफल[4] भएको देखिन्छ ।

महिला मानव अधिकार रक्षकहरूको आन्दोलनका कारण अस्ट्रेलियामा सर्वप्रथम सन् १८९३ मा र संयुक्त राज्य अमेरिकामा सन् १९१९मा मतदानको अधिकार प्राप्त गरे पश्चात् क्रमशः विश्वभरि नै फैलिँदै गयो । राजनैतिक अधिकारबाट क्रमशः महिलाका अन्य अधिकारहरूपनि खोजी गर्न थालियो र पहिचान हुँदै गए । सन् २000 देखि २00७ संयुक्त राष्ट्र सङ्घका विशेष प्रतिनिधिले पेस गरेको प्रतिवेदन

[3]https://en.wikipedia.org/wiki/Mary_Wollstonecraft
[4]https://en.wikipedia.org/wiki/Women%27s_suffrage





अनुसार महिला मानव अधिकार रक्षकका सबैभन्दा बढी निवेदन एसिया प्यासफिकबाट परेको छ, जसमा १११५ सङ्ख्या[5] हुन आउँछ ।

### ४. नेपालमा महिला अधिकारको विकास

नेपालमा महिला अधिकारको वकालत धार्मिक कुसंस्कारका विरुद्ध आवाज उठाउँदै भएको पाइन्छ । नेपालमा महिला मानव अधिकार रक्षकका रूपमा योगमाया न्यौपाने प्रथम महिला भएको पाइन्छ । उनले नेपालमा पहिलो पटक सन् १९०३ मा नारी समिति खडा गरी बालविवाह र बहुविवाहका साथसाथै महिलामाथि हुने धार्मिक दमनका विरुद्ध आवाज उठाइन् । श्री ३ चन्द्रशमशेरको मृत्यु पश्चात् जुद्धशमशेरको समयमा उनले धार्मिक कुसंस्कारका विरुद्ध आवाज उठाइन् । उनलाई जुद्धशमशेरले त्यस्ता माग छाड्न र सुनका सिक्का लिने प्रस्ताव अगि सारे तर उनले उक्त प्रस्ताव अस्वीकार गरिन् । निरङ्कुश तन्त्रका अगाडि घुडा नटेकी सन् १९४१ मा उनी लगायत उनका भाइ बुहारी ६८ अनुयायीहरू समेत गरी निरङ्कुश शासनको प्रतिकारमा अरुण नदीमा हामफाली सामूहिक आत्महत्या[6] गरेको इतिहास जीवित छ । नेपालमा पहिलो सन् १९४७ (२00४ साल वैशाख १७) तिर मङ्गलादेवी, साहना प्रधान, साधना अधिकारी, स्नेहलता श्रेष्ठ, कनकलता बज्राचार्य लगायत मिलेर सरकारलाई महिलाको शिक्षा उपलब्ध गराउन आवाज उठाउँदा राणा प्रशासनले पक्राउ गर्‍यो ।[7] नेपालमा महिलाहरू सन् १९५८ तिर( वि.सं.२०१५) मताधिकार पाउन सफल भए ।

महिला मानव अधिकार रक्षकहरू बिस्तारै सङ्गठित हुन थाले । नेपालमा ज्ञानेन्द्रको प्रत्यक्ष शासनको वेलामा सन् २00५ महिला मानव अधिकार रक्षकहरू साहस बटुलेर पहिलो राष्ट्रिय महिला मानव अधिकार रक्षक सम्मेलन गरियो । सन् २00६ जुनमा दोस्रो महिला मानव अधिकार रक्षकहरूको भूमिका सम्बन्धमा सम्मेलन गरियो भने सन् २00६को नोभेम्बरमा तेस्रो सम्मेलन गरियो । त्यसै गरी सन् २00७ मा चौथो सम्मेलन गरियो ।

महिला मानव अधिकार रक्षकहरूबिच पनि जातीय वर्णाश्रमको प्रभाव रहँदै गयो र विभक्त हुँदै गए । आफ्नो अधिकारका निम्ति आफै सशक्त हुने अवधारणाबाट

[5]http://www.insec.org.np/pics/publication/1386577424.pdf
[6] Ibid No 3
[7]https://ne.wikipedia.org/wiki/ SAHANA PRADHAN

विकसित हुँदै दलित महिला मानव अधिकार रक्षक, आदिवासी जनजाति मानव अधिकार रक्षक र मधेसी महिला मानव अधिकार रक्षकहरूमा बढ्दै गएको यथार्थ हो । दलित महिलाको अधिकार होस् वा दण्डहीनता र लैङ्गिक हिंसाको विरोधमा अकुपाइ बालुबाटार होस्; ती घटनामा महिला मानव अधिकार रक्षकहरू प्रहरीद्वारा पक्राउ पर्ने, अपमान तथा यातना खेप्नु परेको यथार्थ हो ।

राणा शासन कालमा अधिकारका कुरा गर्नु भनेको आफ्नै खुट्टामा बन्चरो हान्नु जत्तिकै थियो । तर पनि,सन् १९४३ (वि.सं. २०००) तिर नेपालको परिप्रेक्ष्यमा १९औं शताब्दीमा चन्द्रशमशेरले सतीप्रथाको अन्त्य गरे पश्चात् महिला मानव अधिकारका मुद्दा उठाउन सुरुवात गरियो । नेपालमा महिला अधिकारका आवाज उठाउने पहिलो महिला मानव अधिकार रक्षकको रूपमा योगमायाको योगदान अतुलनीय रहेको छ । उनले धार्मिक तथा साँस्कृतिक दमनको विरोध गरे बापत आफ्ना ६८ अनुयायी सहित ज्यानको आहुती दिनु पर्‍यो ।[८] सोपश्चात् मङ्गलादेवी, साहना प्रधान, साधना अधिकारी  लगायतका महिला मानव अधिकार रक्षकहरूले महिलाको शिक्षामा जोड दिँदा जेल जानुपर्‍यो ।महिला मानव अधिकार रक्षकहरू महिलाको राजनैतिक देखि लिएर सम्पत्तिको अधिकार, नागरिकता सम्बन्धी अधिकार, गर्भपतन गर्नपाउने अधिकार, लैङ्गिक हिंसा लगायतका सवालहरूमा मानव अधिकार रक्षकहरूले विशेषत: अधिकारको खोजीको सुरुवात गर्दा देखि नै सङ्घर्षशील हुनु पर्‍यो । परिणाम: हाल आएर महिला मानव अधिकार रक्षकहरूको प्रतीकात्मक सहभागिता गराउने, र थप सहभागिता गराउन गरिने प्रयासले सकारात्मक थालनी भएको पाइन्छ ।

## ५. महिला मानव अधिकार रक्षक सम्बन्धी विश्व परिदृश्य

विश्वभरका महिला मानव अधिकार रक्षकहरू महिलाका मानव अधिकारको सवालमा आवाज उठाउँदा पितृसत्तात्मक सोच, सामाजिक, धार्मिक, साँस्कृतिक व्यवहारका कारण महिलाको हत्या, बहिष्करण, हिंसा लगायतका अनेक यातनाहरू भोग्न बाध्य भएका छन् । पाकिस्तानमा राजनैतिक अधिकार उपभोग गर्ने क्रममा बेनजिर भुट्टो सहित २४ जनाको हत्या गरियो[९] भने मलाला युसुफले बालिकालाई

[8]https://en.wikipedia.org/wiki/Yogmaya_Neupane
[9]https://en.wikipedia.org/wiki/Assassination_of_Benazir_Bhut\to accessed 2016.1.8





शिक्षा देऊ भन्दा तालिवानहरूले उनको टाउकोमा गोली हाने; भाग्यवश उनी बाँच्न सफल भइन् ।[१०] जुलाई १९८१ मा डोमिकन रिपब्लिकका फासिस्ट तुजेलो सरकारले ३ दिदी बहिनी पेट्रिया, मिनेर्भा र मारियालाई महिला अधिकारको वकालत गर्दा हत्या गर्‍यो ।[११] सन् १९८९ मा एक युवाले महिलावादी विरुद्ध लड्ने भन्दै पोलिटेक्निक विश्वविद्यालयमा १४ जना महिला मानव अधिकार रक्षकको हत्या गरेको थियो ।[१२]

सन् २०११मा प्रस्तुत CIVICUS नामक संस्थाको अध्ययनबाट ट्युनिसियामा महिला मानव अधिकार रक्षकहरूले शान्तिपूर्ण रूपमा आमसभा गरिरहँदा प्रहरीले हस्तक्षेप गरी वेश्या भन्दै सार्वजनिक रूपमा नै यातना र कुटपिट गरे । युगान्डामा शान्तिपूर्ण भेला गरिरहेका महिला मानव अधिकार रक्षकमाथि शारीरिक दुर्व्यवहार र जनावर जस्तो व्यवहार गर्दै रोकिराखेको ट्रकमा कोचेर उनीहरूको अपमान गरियो ।[१३]

चिनमा २०१३ मा UPR पुनरावलोकनमा भाग लिन गएको भनी स्थानीय स्तरमा महिला मानव अधिकार रक्षक कावो सुन्ली (CAO Shunli) लाई चिन सरकारले कारावासमा राख्यो र उचित स्वास्थ्य उपचारको पहुँचलाई इन्कार गरियो । र, उनको कारागारमा नै २०१४को मार्च महिनामा मृत्यु भयो ।[१४] यारा सलाम (Yara Sallam)लाई सन् २०१४ जुन २१ मा राष्ट्रपति कार्यालय अगाडि मार्चपास गरिरहेको अवस्थामा कायरो सरकारले पक्राउ गरी हालसम्म गैरकानुनी थुनामा राखिएको छ ।[१५]  त्यसै गरी गत मार्च ८मा अन्तर्राष्ट्रिय महिला दिवस मनाउने क्रममा घरेलु हिंसा विरुद्धको पम्प्लेट र ब्रोसर बाँडेको आरोपमा चिनमा ५ जना

[10]http://www.biography.com/people/malala-yousafzai-21362253 accessed 2016.1.8
[11]http://mamiverse.com/murder-mirabal-sisters-1960-48898/
[12]https://en.wikipedia.org/wiki/%C3%89cole_Polytechnique_massacre
[13] REPORT ON THE CHALLENGES FACED BY WOMEN IN CIVIL SOCIETY IN AFRICA https://www.civicus.org/view/media/Challenges_Faced_by_Women_in_Civil_Society_in_Africa.pdf accessed 2016.1.1
[14]https://www.hrw.org/world-report/2015/country-chapters/china-and-tibet
[15]www.fidh.org/en/issues/human-rights-defenders/egypt-the-united-nations-working-group-declares-the-detention-of-yara

महिला मानव अधिकार रक्षकलाई पक्राउ गरी जेल हालियो । अन्तर्राष्ट्रिय दबाबका कारण एक महिना पश्चात् उनीहरूलाई सर्त सहित धरौटीमा छोडिएको छ ।[१६] यस्तै दक्षिण अफ्रिकामा महिला मानव अधिकार रक्षकहरूले आफ्नो काम गर्दा यौन हिंसा, दुर्व्यवहार, शारीरिक हिंसा तथा निरन्तर धम्की र त्रासमा बाँच्नु परेको छ । विशेष गरी परम्परागत समाज भएको कारण पनि महिला मानव अधिकार रक्षकहरू सधैं खतरामा रहेका हुन्छन् ।

नोमेम्बर २०१३ मा निमाल्का फेर्नान्डो श्रीलङ्काको द्वन्द्वमा शान्ति तथा मानव अधिकारको कुरा गर्दा एक नग्न महिलाको फोटो टाउकोमा टाँसेर हिँडेको भन्दै आरोप लगाई उनलाई ढुङ्गाले हान्न र मार्न प्रोत्साहन गरे ।[१७]सन् २०१५मा होन्डुरसमा महिला मानव अधिकार रक्षक ग्ल्याडिज लन्जा (Gladys Lanza) लाई जेल सजाय दिइएको छ ।[१८] एल साल्भाडोरमा तेस्रो लिङ्गी मानव अधिकार रक्षक फ्रान्सेला मेन्डेजलाई मे २०१५ मा हत्या गरियो ।[१९] सन् २०१५मा अफगानिस्तानमा मानव अधिकार आयोगका कर्मचारीहरू मानवीय कार्यको अनुगमन गर्न गएको बसलाई बम पड्काएर २ जनाको हत्या गरे भने ६ जना मानव अधिकारकर्मीहरू घाइते भए ।

त्यसै गरी नेपालको परिप्रेक्ष्यमा राणा शासन कालमा अधिकारका कुरा गर्नु भनेको आफ्नै खुट्टामा बन्चरो हान्नु जत्तिकै थियो । तर पनि, सन् १९४३ (वि.सं २०००) तिर नेपालको परिप्रेक्ष्यमा १९औं शताब्दीमा चन्द्रशमशेरले सतीप्रथाको उन्मूलन गरे पश्चात् महिला मानव अधिकारको मुद्दा उठाउन सुरुवात गरियो । नेपालमा महिला अधिकारका आवाज उठाउने पहिलो महिला मानव अधिकार रक्षकको रूपमा योगमायाको योगदान अतुलनीय रहेको छ । उनले धार्मिक तथा साँस्कृतिक दमनको

[16]http://www.theguardian.com/world/2015/apr/13/chinese-police-free-three-of-five-feminist-activists
[17]http://www.theguardian.com/global-development/2015/mar/18/womens-rights-activists-call-un-protect-them
[18]http://www.theguardian.com/global-development/audio/2015/apr/02/women-human-rights-defenders-podcast
[19]http://www.awid.org/get-involved/el-salvador-killing-transgender-human-rights-defender-francela-mendez#sthash.8BuMdL2M.dpuf accessed 2016.1.11



स्व. दयाराम परियार स्मारिका

विरोध गरे बापत आफ्ना ६८ अनुयायी सहित ज्यानको आहुति दिनु पऱ्यो ।[२०] सोपश्चात मङ्गला देवी, साहना प्रधान, साधना अधिकारी लगायतका महिला मानव अधिकार रक्षकहरूले महिलाको शिक्षामा जोड दिँदा जेल जानु पऱ्यो ।

राष्ट्रिय मानव अधिकार आयोगको समीक्षक आफैले पारिवारिक सन् २००९मा यौन हिंसाको सिकार भएकी महिलाको मानव अधिकार रक्षार्थ कार्य गर्दा अभियुक्तका आफन्तद्वारा ज्यान मार्ने धम्की खेप्नु परेको थियो, जुन इन्सेक वर्ष पुस्तक २०१० मा प्रकाशित छ । त्यसै गरी मधेस आन्दोलनको समयमा मिति २०७२ साल मंसिर १७ गते सर्लाहीको नवलपुरमा मानव अधिकारको अवस्था अनुगमनमा गएको राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी नीतु गर्तौला सहितका तिन महिलाको टोलीमाथि लाठी प्रहार गरी आयोगको सवारी साधन सहित जलाउने कार्य गरियो ।[२१]

## ६. महिला मानव अधिकार रक्षकका चुनौतीहरू

विश्वमा नै महिला मानव अधिकार रक्षकलाई प्रशस्त चुनौतीहरू रहेको देखिन्छ । महिला अधिकार रक्षकहरू विभिन्न किसिमका हिंसाबाट प्रताडित हुने खतरा रहेको छ । विशेष गरी जति वेला उनीहरू महिलाको अधिकारको क्षेत्रमा काम गर्दछन् त्यति वेला कुनै न कुनै कुराबाट प्रभावित हुन्छन् नै । महिला मानव अधिकार रक्षकहरू अन्य मानव अधिकार रक्षकको तुलनामा विशेष प्रकृतिका हिंसाबाट, पूवाग्रह, बहिष्करण र बञ्चितीकरणबाट पीडित हुने बढी खतरा हुन्छ ।[२२] महिला मानव अधिकार रक्षकहरूलाई लिङ्ग, महिलावाद र यौनिकता सम्बन्धी साँस्कृतिक मान्यता र सामाजिक रूपमा निर्मित चुनौतीहरूका रूपमा बुझिन्छ भनी मार्गरेट सेकाग्ग्याँ महिला मानव अधिकार रक्षकको स्थिति सम्बन्धी संयुक्त राष्ट्र सङ्घको विशेष समाधिक्षकले सन् २०११ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभामा प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । सो प्रस्तुतिबाट महिला मानव अधिकार रक्षक संसारभर अझै  खतरामा रहेका छन् भन्न सकिन्छ ।

[20]https://en.wikipedia.org/wiki/Yogmaya_Neupane
[21]ttp://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC_Press_Release_on_Staff_Attack_and_Vehicle_Burnt.pdf accessed 2016.2.3
[22]http://www2.ohchr.org/english/bodies/hrcouncil/docs/16session/A-HRC-16-44.pdf

हिना जिलानी (महिला मानव अधिकार रक्षक तथा पूर्व संयुक्त राष्ट्रको महासचिवको महिला मानव अधिकार रक्षकको मानव अधिकार स्थिति विशेष प्रतिनिधिले महिला मानव अधिकार रक्षकको उचित सुरक्षा नभएका धारणा व्यक्त गरेकी छन् । यसबाट महिला मानव अधिकार रक्षकहरूको अवस्था अन्य मानव अधिकार रक्षकहरूको तुलनामा बढी चुनौतीपूर्ण रहेको छ । नेपालमा महिला मानव अधिकार रक्षकहरूको अवस्था पनि चुनौतीपूर्ण नै रहेको छ, जसलाई देहायमा उल्लिखित शीर्षकमा प्रस्ट पार्ने प्रयास गरिएको छ ।

**६.१ नेपालमा महिला मानव अधिकार रक्षकमा चुनौतीहरू**

**क) पितृसत्तात्मक सोच**

पितृसत्तात्मक सोचका कारण प्रथमतः महिलाहरूलाई घरदेखि बाहिर मानव अधिकार सम्बन्धी काम गर्न बन्देज लागाइन्छ । महिला मानव अधिकार रक्षकलाई मानव अधिकार रक्षकका रूपमा पहिचान तथा कामको मान्यताको अभाव, न्यून प्राथमिकता दिने, पन्छाउने वा कार्यान्वयन नै गरिँदैन । पोथी बासे घर मासिन्छ भन्ने प्रचलन अझै समाजमा विद्‍यमान रहेको छ । महिला मानव अधिकार रक्षक सधैँ रुढीवादी परम्परा, संस्कार र व्यवहारको विरोधमा उत्रने हुँदा उनीहरूले सधैँ घर र समाज भाँडेको भन्ने आरोप खेप्नुपर्ने भएकोले असुरक्षित वा खतरा महसुस गर्नु परेको यथार्थ हो ।

**ख) महिलावादी विविध विचारधारा**

महिलावादी विविध विचारधारा पनि एक महिला मानव अधिकार रक्षकको चुनौती हो । यस्ता विविध विचारधाराले निर्देशित भएका कारण महिला महिलाबिच विचारमा विभिन्नता रहनेमा विवाद रहँदैन । त्यसैलाई आधार बनाएर शासक वर्ग या नेतृत्व वर्गबाट महिलाहरू आफ्नै सवालमा पनि विवादित छन् भन्ने गरिन्छ । केही महिला मानव अधिकार रक्षकहरू महिला हक, अधिकारहरू कानुन परिमार्जन गरेर प्राप्त गर्न सकिन्छ भन्ने विश्वास राख्दछन् भने कोही विद्‍यमान संरचनालाई परिवर्तन गरेर महिला मुक्ति हुन सक्छ भन्ने विचार राख्दछन् । महिला महिलाका बिचमा समेत सामञ्जस्यता नभएका कारण महिला मानव अधिकार रक्षकहरूले अझ बढी चुनौती खेप्नु पर्छ ।



स्व. दयाराम परियार स्मारिका

**ग) महिलाभित्रको विविधताको सम्बोधन नहुनु**

महिला मानव अधिकार रक्षक महिलाका सवाल उठान गर्दा जातिगत आधारमा पनि चुनौती रहेका छन् । सवै महिला मानव अधिकार एकै प्रकारका छैनन् । मूलधार र सीमान्तकृत महिला गरी हेरिनु पर्दछ । नेपाली भाषा मातृभाषा नहुने महिला मानव अधिकार रक्षकहरूलाई मूलधार मानव अधिकार रक्षकको तुलनामा भाषाको कारणले बढी समस्या भोग्नु परको देखिन्छ र त्यसैका कारणले पनि पीडित हुने गरेका छन् । आदिवासी जनजाति समुदायहरू सामूहिक रूपमा भाषा, साँस्कृतिक भिन्न पहिचान जस्ता अधिकारमा जोड दिने गर्दछन् । त्यसैले सन् १९९५ मा बेइजिङमा छुट्टै घोषणा पत्र समेत जारी गरी अरूभन्दा भिन्न समस्या भएको पुष्टि गरेका छन् । नेपालले आइएलओ महासन्धि नं. १६९ लाई अनुमोदन गरिसकेको र आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र २००७ लाई सहमति जनाइसकेको परिप्रेक्ष्यमा समेत नेपालका कानुन कार्यान्वयन गर्ने निकाय, नेपालको सवैधानिक निकायहरू सामूहिक अधिकारलाई अधिकारका रूपमा अझैपनि लिने गरेको पाइँदैन । भिन्न भाषा सँस्कृति भएको महिला मानव अधिकार रक्षकहरू भाषाको कारण, पहुँच र शिक्षाको कारण र साँस्कृतिक कारणले बढी चुनौती बेहोर्नु परेको छ भनी आदिवासी महिला मानव अधिकार रक्षकको भनाइ रहेको पाइन्छ ।

**घ) दण्डविहीन सँस्कृतिको निरन्तरता**

महिलामाथि हुने हिंसा कानुनी रूपमा अपराध मानिए तापनि व्यावहारिक रूपमा त्यसको कार्यान्वयन हुन सकेको छैन । साँस्कृतिक हिंसालाई व्यावहारिक रूपमा स्वीकार तथा मान्यता पाउने हुँदा महिला मानव अधिकार रक्षकहरू त्यसको सिकार हुन पुगेका छन् । कानुनी रूपमा अपराध घोषणा गरिएका साँस्कृतिक घटनाहरू बालविवाह, बहुविवाह, बोक्सीको आरोपमा यातना जस्ता घटनाहरू विरुद्ध राज्यले कारबाही नगरेकाले महिला मानव अधिकार रक्षक उल्टै अभियुक्तबाट ज्यान मार्ने धम्की खेप्न बाध्य छन् ।

**ङ) यौन दुर्व्यवहार तथा यौन हिंसा**

महिला मानव अधिकार रक्षकले सबैभन्दा बढी भोग्नु परेका चुनौती कार्यस्थलमा हुने यौन दुर्व्यवहारका विरुद्ध वकालत गर्नु हो । यो अपराधको रूपमा कानुन

निर्माण भए तापनि हालसम्म यस्ता घटनाहरू बाहिर ल्याइएका वा आएका छैनन् । कार्यस्थलमा हुने यौन दुर्व्यवहारको दण्ड सजायको कार्यान्वयन पक्ष अत्यन्त कमजोर र प्रमाणित गर्न कठिन छ । पितृसत्तात्मक सोचका कारण महिला मानव अधिकार रक्षकमाथि नै गलत, उच्छृङ्खल, अवसरवादी जस्ता अपशब्द प्रयोग भई उनीहरू नै मानसिक यातना खेप्न बाध्य हुनु पर्ने अवस्था आइपरेको छ ।

**च) पारिवारिक विखण्डनवादीको संज्ञा**

घरेलु हिंसा, बालविवाह, बोक्सीको आरोपमा यातना, सम्पत्तिको अधिकार, भूमिको अधिकार जस्ता महिला सवालमा आवाज उठाउँदा महिला मानव अधिकार रक्षकलाई पारिवारिक विखण्डनवादीको संज्ञा दिइन्छ र धम्की दिने गरिन्छ ।

**छ) सहयोगी संरचनाको अभाव**

डा.रेणु राजभण्डारीले ओरेकका तर्फबाट सन् २०११ आक्टोबर १६ प्रस्तुत गरेको उजुरी संयुक्त राष्ट्र सङ्घ, मानव अधिकार परिषद्मा दिएको उजुरीका अनुसार महिला मानव अधिकार रक्षकहरू हत्याका सिकार भएका छन्; घरेलु हिंसा,अपहरण, धम्की तथा गोलीको सिकार बन्ने खतरा छ । महिला मानव अधिकार रक्षकलाई विशेष खालको सहयोगी संरचनाको अभाव छ ।[२३] महिला मानव अधिकार रक्षकहरू विद्यमान कानुनी संरचनाले महिला मानव अधिकार रक्षकको विशेष परिस्थितिको संरक्षण दिन सक्दैन ।

**ज) अदालतको भूमिका**

नेपालको सर्वोच्च अदालतले महिला मानव अधिकारको संरक्षण र संवर्द्धनमा अहम् भूमिका निर्वाह गरेको छ । देशमा विद्यमान धार्मिक कुरीति, सामाजिक विसङ्गति, लैङ्गिक तथा यौन हिंसा, महिलाका सम्पत्ति सम्बन्धी अधिकार, गर्भपतन, वैवाहिक बलात्कारका मुद्दामा सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय कानुनका आधारमा महिलाको मानव अधिकार संरक्षण गर्न र कानुन तर्जुमा गर्न नेपाल सरकारलाई परमादेशको आदेश जारी गरी निर्देशित गर्ने गरेको हुँदा सर्वोच्च अदालतले एक सक्षम र प्रभावकारी रूपमा महिला मानव अधिकार रक्षकको भूमिका निर्वाह गरेको छ ।

[23] http://reliefweb.int/report/nepal/security-and-protection-women-human-rights-defenders-nepal





**७. समाधानका उपायहरू**

**क) सशक्त सञ्जालको निर्माण**

महिला मानव अधिकार रक्षक जसले महिला मानव अधिकार तथा लैङ्गिक सवालमा वा विद्यमान सामाजिक तथा साँस्कृतिक बन्धनहरू तोड्न वा हटाउने कार्यरत व्यक्तिहरूको संरक्षणका लागि औपचारिक वा अनौपचारिक रूपमा बलियो सञ्जाल निर्माण गर्नु पर्दछ जसले गर्दा महिला मानव अधिकार रक्षकहरू सुरक्षित हुने र काम गर्न विश्वस्त हुने प्रेरणा मिल्दछ ।

**ख) कानुन तर्जुमाको आवश्यकता**

मानव अधिकार रक्षक संरक्षण सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको निर्देशिकाको अलावा छुट्टै कानुनको अभाव रहेको छ । विशेषतः महिला मानव अधिकार रक्षकलाई अन्य मानव अधिकार रक्षकभन्दा सामाजिक र साँस्कृतिक समेतको विशेष सुरक्षा र संरक्षणको आवश्यक पर्ने हुँदा विशेष खालको कानुन तर्जुमा गर्नु पर्दछ ।

**ग) संयन्त्र निर्माण**

महिला मानव अधिकार रक्षकको संरक्षणका लागि निरन्तर लबी, प्रचार प्रसार तथा वकालत गर्नु जरुरी छ । विद्यमान मानव अधिकारसँग सम्बन्धित निकायहरूको अत्यधिक उपयोग गर्दै महिला मानव अधिकार रक्षकहरूको प्रशासनिक सुरक्षाको व्यवस्थाको गरिनु पर्दछ ।

*(लेखक आयोगका मानव अधिकार अधिकृत हुन्)*

# दयाजी ! न्याय प्राप्ति अवश्य हुनेछ



*श्यामबाबु काफ्ले*

२०६२ चैत्र ११ गते राष्ट्रिय मानव अधिकार आयोगका सदस्यको नेतृत्व टोलीमा म र माधवजी पनि समावेश थियौं । उक्त दिन बिहान करिब ११ बजे हामी आयोगको क्षेत्रीय कार्यालय विराटनगरतर्फ लाग्यौं । प्रसङ्ग थियो, पूर्वाञ्चल क्षेत्रबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था बुझ्ने । हामी दिनको करिब २:०० बजे विराटनगर एयरपोर्टमा उत्रियौं । क्षेत्रीय कार्यालयको गाडी एयरपोर्टमा थियो, त्यसैमा चढेर बरगाछी स्थित आयोगको कार्यालयमा पुग्यौं । कार्यालयमा दर्ता भएका बेपत्ता पारिने कार्य विरुद्का उजुरीहरूको अवस्था बारेमा प्रारम्भिक रूपमा बुझ्ने काम भयो । १२ गतेको लागि कार्यक्रम अगाडि नै निश्चित भइसकेको थियो । त्यसपछि सदस्यज्यूको निर्देशन बमोजिम बास बस्न करिब ४:४५ बजे धरानतर्फ लाग्यौं । हामीसँग विराटनगरबाट प्रदीपजी पनि थपिनु भयो । करिब ४:४५ बजे हिँडेका हामी सायद ६:०० बजे धरान पुग्यौं तर धरान सन्नाटापूर्ण अवस्थामा थियो । कारण, धरानमा केही दिन पहिले माओवादीबाट आक्रमण भएको थियो; त्यहाँ डर, त्रास र आक्रोश अझै कायमै देखिन्थ्यो । त्यसै कारण भानुचोक आसपासमा होटल पाउन निकै कठिन भयो । केही समयको प्रयासपछि इलाका प्रहरी कार्यालयको पूर्वतर्फको सडकमा एउटा होटल भेटियो, तर बत्तीको समस्या । तरपनि, हामीले त्यहीं बस्ने निर्णय गर्‍यौं ।

होटल निश्चित भइसकेपछि गाडीबाट झोलाहरू निकाल्न सुरु हुँदै थियो; सदस्यज्यूले भन्नु भयो मेरो ब्याग गाडीमा नै होस्, तपाईंहरू यहाँ बस्नोस्; म अन्यत्र कहीं बस्छु । त्यसपछि हामी सोही होटलमा बसी वहाँलाई पुरानो बजार पुर्‍याएर गाडीमै होटल फर्कियौं ।सायद, वहाँ कोही आफन्तकामा बस्नु भएको थियो होला । होटलमा त बसियो, खुट्टा धुने पानीको पनि समस्या, बाल्टिनमा पानी





बोकेर पनि हातखुट्टा धोएर आराम गर्‍यौं । करिब ७:३० बजेतिर मैनबत्तीको उज्यालोमा खाना खायौं र कोठातर्फ लाग्यौं । खै संयोग भनौंकि दुर्भाग्य ? करिब ८:०० बजेतिर बत्ती आयो । माधवजीले हतार हतार कोठामा भएको टिभी खोल्नु भयो । कान्तिपुर च्यानल रहेछ; हामीले पहिलो समाचार नै “जनकपुरमा राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीलाई गोली, एक जनाको मृत्यु भन्ने” सुन्यौं ।हामी सबै छर्लङ्ग छाँगाबाट खसे झैं भयौं । समाचारको विश्वास लागेन; त्यसपछि आयोगका तत्कालीन नि.सचिव ध्रुव नेपाललाई माधवजी र प्रदीपजीले फोन गर्नु भयो, समाचार घटना भएर नै सार्वजनिक भएको थियो; त्यही सत्य सावित भयो ।

घटनाको जानकारी पछि माधवजीले सदस्यलाई जानकारी गराउनु भयो, तर वहाँबाट अफिसियल च्यानलबाट फोन गर्न भनेपछि माधवजी निकै आक्रोशित भएर वहाँलाई फोन गर्न नै छाड्नु भयो । संकटपूर्ण अवस्थामा संरक्षण महाशाखाको समेत जिम्मेवारी पाउनु भएका सदस्यको यस प्रकारको निर्देशनबाट हामी आश्चर्य चकित हुँदै हामी तिनै जनाले काम बाँडफाँड गर्‍यौं । योजना बमोजिम प्रदीपजी घाइतेको उपचारका लागि स्थानीय प्रहरी र सेनासँग समन्वय गरेर हेलिकप्टर खोज्ने, माधवजीले काठमाडौंमा सम्पर्क गर्ने र मैले जनकपुरमा फोन सम्पर्क गरी घाइतेको उपचारका लागि सहयोग गर्न अनुरोध गर्ने काम आआफूले प्रारम्भ गर्‍यौं । उता काठमाडौंमा निमित्त सचिवज्यू समेतको टोली हेकिप्टरको खोजीमा थियो; मलाई थाहा छैन त्यसभन्दा माथिल्लो स्तरबाट के भयो ? मैले जनकपुरमा पवनजीसँग सम्पर्क गर्न खोजें तर सम्पर्क हुन सकेन । त्यसपछि रोशनजीलाई सम्पर्क गरें, रोशनजी र श्याम शशीले मभन्दा निकै छिटो जनकपुरमा कर्फ्यु लागेको अवस्थामा पनि अस्पताल पुगेर दयारामको उपचारमा सक्रियताका साथ लाग्ने तथा आवश्यक स्थानमा सूचना सम्प्रेषण गर्ने कार्य गरिसक्नु भएको रहेछ । त्यस दिनको वहाँहरूको योगदानलाई सलाम !

उता प्रदीपजी र माधवजी पनि आफ्नो काममा सक्रिय हुनुहुन्थ्यो । तर,हेलिकप्टर मिल्न सकेको थिएन । यतिकैमा प्रदीपजी र माधवजीको मोवाइलले काम गर्न छोड्यो । बत्ती फेरि पनि गयो । हामीलाई काम गर्न निकै कठिनाइ भयो । संयोग, मैले मोवाइल केही दिन पहिला मात्र किनेको हुनाले मेरो मोबाइलको ब्याट्री लामो समय टिकेको हुन सक्छ, मेरो मोबाइलको सेटले मात्र काम गर्‍यो । त्यही मोबाइलाबाट रातभरि फोन भयो । त्यो रात हामी सुत्दै सुतेनौं । फोनको घन्टी बजाउने र बज्ने क्रम रातभरि जारी रह्यो । तर, उपलब्धि केही हुन सकिरहेको

थिएन । यसै बिचमा दयारामका दाजु तथा कान्तिपुर टेलिभिजनका संवाददाता प्रकाशचन्द्र परियारले माधवजीलाई बारम्बार फोन गरेर भाइलाई तत्काल उपचारका लागि काठमाडौँ पठाउन अनुरोध गरिरहनु भएको थियो; त्यसमा माधवजी लागिरहनु भयो; प्रदीपजी लागिरहनु भयो र म पनि लागि रहेँ तर सफलता प्राप्त हुन सकेन । बल्लतल्ल रातको करिब १२:०० बजे हेलिकप्टर निश्चित भयो । तर हेलिकप्टरउज्यालो भएपछि मात्र उड्नेजानकारी सहितको फोनपूर्वी पृतनाबाट प्रदीपजीलाई आयो । उता जनकपुरमा बिरामीको अवस्था चिन्ताजनक भइरहेको थियो । पर्खिनुको विकल्प पनि भेटिएको थिएन ।

उल्लिखित अवस्थामा हामीहरूले तिनमध्ये दुई जना राती नै जनकपुर जाने र एक जना सदस्यसँग बस्ने भनी निर्णय गर्‍यौं । यस विषयमा निमित्त सचिव ध्रुव नेपाललाई जानकारी गरायौं । फोन वार्ता अधिकांश रूपमा माधवजीबाट नै भएका थिए । के के कुरा भयो सायद वहाँले हुन्छ भन्नु भयो होला । त्यसपछि राती नै हामीले जनकपुर, सिराहा, सप्तरी र सुनसरीका प्रहरी प्रमुखहरू तथा नेपाली सेनालाई फोन गरेर जनकपुर जाने प्रस्ताव राख्यौं तर सबै स्थानमा कर्फ्यु लागेको हुनाले जान नसकिने भनियो । हामीले त्यहीपनि अनुरोध निरन्तर गरिरहेपछि बिहानको ४ बजे धरानबाट हिँड्ने निर्णय भयो । सोही जानकारी नेपाली सेना, नेपाल प्रहरीको मानव अधिकार इकाइहरू र स्थानीय स्तरमा पनि गरायौं। सप्तरी प्रहरीबाट बिहान ५:०० बजे पश्चात् कर्फ्यु हट्ने भनेपछि फेरि हामीले छलफल गर्‍यौं । जनकपुरतर्फ माधवजी र प्रदीपजी जाने र सदस्यसँग म बस्ने कुरा भयो । त्यसपछि माधवजी र प्रदीपजी बिहानको ४:०० बजे धरानबाट जनकपुरका लागि प्रस्थान गर्नु भयो । म धरानमा नै बसेँ । करिब २०/२० मिनेटमा फोन गरिरहेँ । वहाँहरू करिब ७:३० बजे ढल्केबर पुग्नु भयो ।

यता धरानमा प्रदीपजीको समन्वयमा मैले विराटनगरबाट अर्को गाडी मगाएँ । उक्त गाडीमा १२ गते बिहानको करिब ८:०० बजेतिर म र सदस्य धरानबाट विराटनगरतर्फ लाग्यौं । यसै बिचमा सेनाको हेलिकप्टरबाट दयारामलाई जनकपुरबाट काठमाडौंतर्फ उडाइसकिएको थियो । सदस्यज्यूबाट माधवजी र प्रदीपजीलाई फोन गरेर फिर्ता बोलाउन निर्देशन भयो तर मैले रातभरि स्थानीय साथीहरूले गरेको मिहिनेतलाई धन्यवाद भन्न पनि जानु पर्छ भनें। त्यसपछि वहाँले नै फोन गर्नु भयो जस्तो लाग्छ । तर, माधवजी र प्रदीपजी अनुसन्धान समापन नगरी जनकपुरबाट विराटनगर फर्कनु भएन । हामी यस समयसम्म नेपाली सेनाको





पूर्वी पृतना इटहरीको गेटमा पुगिसकेका थियौं । पृतनामा तत्कालीन पृतनापति अनन्तराज थेवेसँग छलफल भए पनि दयाराम र जनकपुर घटनाका बारेमा छलफल भएन । तर, मेरो अपेक्षा त्यता पनि थियो । भित्रको विषय धेरै छ; यहाँ सान्दर्भिक नभएकाले उल्लेख गरिएको छैन ।

पृतनाको करिब एक घण्टाको बसाइ पछि हामी विराटनगरतर्फ लाग्यौं । पृतनाबाट बाहिरिँदै गेटमा पुग्नासाथ फेरि मैले मोबाइलको घन्टी लगाएँ, प्रदीपजी र माधवजी जनकपुर पुगिसक्नु भएको रहेछ । तर,न वहाँहरूले जनकपुरमा र न मैले अन्य कुनै पनि स्थानमा भौतिक रूपमा दयाराममलाई भेट्न सक्यौं । उता जनकपुरमा वहाँहरूले घटनाको अनुसन्धान सुरु गरेको जानकारी गराउनु भयो । सम्भवतः अनुसन्धान निमित्ति सचिवज्यूको सकारात्मक सहयोगबाट सुरु भएको हुनुपर्छ ।

विराटनगर पुगेर हामी खाना खाई कार्यक्रममा बस्यौं । कार्यक्रममा के भयो मलाई स्मरण छैन । सायद पीडितलाई आश्वासन बाँडेर कार्यक्रम सक्यौं होला किनभने त्यस समयमा बेपत्ता पारिएका कोही पनि व्यक्तिहरूको अवस्था आजका मितिसम्म पनि सार्वजनिक हुन सकेको थाहा छैन । भौतिक रूपमा विराटनगर र बेपत्ताको खोजीमा हिँडेको भए पनि मन भने जनकपुर र काठमाडौंतर्फ नै केन्द्रित रहन्थ्यो । दयारामलाई काठमाडौं पुर्‍याइसके पछि पनि त्रि.वि.शिक्षण अस्पतालमा समयमा नै चिकित्सक उपलब्ध हुन नसकेको साथीहरूबाट खबर आइरहेको थियो । म मनमनैत्यतिकै आक्रोशित पनि भइरहेको थिएँ । काठमाडौं जस्तो स्थानमा करिब छ घण्टाभित्रमा संसारभर प्रचार भएको घटनाको घाइतेको उपचारका लागि त चिकित्सक हुँदैनन् भने सर्वसाधारणको स्वास्थ्यको अधिकार खै ? तर, फेरि मोबाइलमा घन्टी बज्यो; बासुजीले गर्नु भएको रहेछ । गम्भीर घाइते अवस्थामा जनकपुरबाट काठमाडौं पुर्‍याइएका दयारामको करिब एक घण्टापछि शल्यक्रिया गर्न सुरु गरेको भन्ने खबर पाइयो; केही सन्तुष्टि मिलेजस्तो भयो ।

प्रतीक्षाको अवधि अति कष्टपूर्ण र अपेक्षाको अवधि सधैं सङ्कटपूर्ण हुँदो रहेछ । अप्रेसन सकिएको खबर कहिल्यै आएन । दयाराम होसमा आए भन्ने समाचार सुन्न पाइएन । तर, घडी हेर्दा करिब १५ मिनेट मात्र बितेको हुन्थ्यो । त्यस समयमादयाराम बेहोस अवस्थामा छन् भन्ने सत्य पनि बिर्सिएको हुन्थ्यो । यस्तै अवस्थामा १२ गते बित्यो ।साँझ थाहा भयो, शल्यक्रिया भयो तर सफल भयो कि भएन कसैले भन्ने अवस्था नभएको बुझिन्थ्यो । दयारामलाई भेट्ने अपेक्षा कायमै रह्यो । चिकित्सकले बिरामी काठमाडौं पुर्‍याउन ढिला भयो भनेको भन्ने

जानकारीले मन कुनैपनि कुनामा हर्षित हुन सकेन । मनमा सत्य सेवा सुरक्षणम् मूलमन्त्र भएको प्रहरीको गोलीले चैत्र ११ गते नै दयारामलाई गम्भीर घाइते बनाएको मात्र थिएन सोही स्थानमा रामचन्द्र यादवको जीवन समाप्त पारेको थियो । सोही दिन पुर्बी पृतना इटहरीका सैनिकले चलाएको गोलीले स्थानीय ब्राइटफ्युचर इङ्लिस स्कुलका १० वर्षीय छात्र सन्तोष चौधरीपनि घाइते भएका थिए । जनकपुर मात्र हैन देशका धेरै स्थानहरूमा कर्फ्यु लगाइएको थियो । देशभर अन्धाधुन्ध गोली चलाउने व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने, अपहरण गर्ने, यातना दिने लगायतका अनियन्त्रित अधिकारहरूको प्रयोग सुरक्षाकर्मी र तत्कालीन माओवादीबाट निरन्तर प्रयोग गरिहेको अवस्थामा समयमा नै दयारामलाई काठमाडौं पुर्‍याउनु पनि कहाँ सहज थियो र ?

यस्तै अन्यौल र अनिश्चितताका बिच १२ देखि १४ गतेसम्मका दिनहरू बित्दै थिए । दयारामको स्वास्थ्यमा सुधारका कुनै समाचारहरू आएनन् । उता माधवजी र प्रदीपजीको टोलीले जनकपुरमा अनुसन्धान गरिरहनु भएको थियो । यस क्रममा उक्त घटना घटाउन जिम्मेबार प्रहरीको कमान्डरसँग लिखित बयान लिनु भयो । स्थलगत अनुसन्धान करिब करिब समाप्त भएको जानकारी गराउँदै विराटनगर फर्कने तयारीमा वहाहरू हुनुहुन्थ्यो । काठमाडौं त्रि.वि शिक्षण अस्पतालमा दयारामका परिवारका सदस्यहरू पनि चिन्तित, आक्रोशित र थकित अवस्थामा हुनु भएको थाहा भइरहेको थियो । अस्पतालमा रातको समयमा दयारामको परिवार र आयोगका साथीहरू पनि भएको थाहा भइरहेको थियो । तर, दयारामले यी सबै कुरा थाहा पाइरहेको अवस्था थिएन । उनीले आफु कहाँ छु र साथमा को को छन् भन्ने सूचना पाउने अवसर नै पाएनन् । यस्तै अवस्थामा १४ गते साँझ जस्तो लाग्छ, जनकपुरजानु भएका साथीहरू जनकपुर सम्पर्क कार्यालयका तत्कालीन प्रमुख पवनजी समेत विराटनगर आउनु भयो । तत्काल अनुसन्धान प्रतिवेदन तयार गरेर काठमाडौं पुगी पत्रकार सम्मेलन मार्फत सार्वजनिक गर्ने सल्लाह भयो । त्यसपछि अनुसन्धानमा भएका र नभएका सबै साथीहरू संयुक्त रुपमा प्रतिवेदन तयारीमा लाग्यौं । पवनजी त्रसित मुद्रामा देखिनु हुन्थ्यो वहाँ आराम गर्न लाग्नु भयो । हामीले १४ गते राती नै प्रतिवेदन लेखन कार्य सुरु गर्‍यौं ।

प्रतिवेदन लेखनमा बस्दा पनि पालो गरेर करिब ३०-३० मिनेटमा हामीले दयारामको अवस्थाबारे सोधिरह्यौं । तर,सुधारका कुनै लक्षणहरू सुनिएनन् । रातको करिब ११:०० बजेतिर हामी सुत्यौं । चैत्र महिनाको १५ गते बिहानको करिब २:३०





जति बजेको थियो होला, मेरो फोनमा घण्टी बज्यो, बासुजीको फोन रहेछ । वहाँको फोनको घन्टीसँगै मनमा दयारामले धर्ती छाडेको अनुमान भयो । तितो यथार्थ त्यही रहेछ, २:२५ बजेतिर दयारामको देहावसान भएछ । साँच्चिकै हामीले दयारामलाई जनकपुर, काठमाडौं, निजको जन्मघर सुनसरीको तरहरामा मात्र हैन उनलाई आर्यघाटमा समेत कहिल्यै भेटन पाएनौं । उनीप्रति श्रद्धाञ्जली समेत दिन पाएनौं र कहिल्यै पनि पाएनौं । तर, उनी कसैले घोषणा गरेर होस् या नगरेर, कसैले चाहेर होस् या नचाहेर, नेपाली भूमिमा सम्भवतः नेपालका प्रथम मानव अधिकार सहिद भएका छन् । भावपूर्ण श्रद्धाञ्जली प्रथम मानव अधिकार सहिदलाई !

रातको करिब २:३० बजेमा कटु एवम् अप्रिय समाचार पाएपछि हामी सुत्न सक्ने कुरा नै भएन । त्यसमा पनि माधवजी तुलनात्मक रूपमा हामीभन्दा भावुक मान्छे, वहाँ धेरै बेरसम्म बोल्नै सक्नु भएन । हामी एकअर्काले करिब ४:०० बजेसम्म केही नबोली बितायौं । त्यसपछि उठेर माधवजीले आज जसरी पनि प्रतिवेदन तयार गरेर भोलि नै काठमाडौं पुगी प्रतिवेदन बुझाएर पत्रकार सम्मेलन गर्नुपर्छ भनी शोकलाई शक्तिमा परिणत गर्नु भयो । हामी होटलमा थियौं, ल्यापटप पनि थिएन । राती नै प्रदीपजीसँग पनि सम्पर्क भइरहेको थियो । करिब बिहान ५:३० बजेतिर अफिसमा जम्मा भयौं । प्रतिवेदन दिनभरिमा तयार गर्‍यौं । विराटनगरमा रहेका आयोगका शुभ चिन्तकहरूबाट शोक, श्रद्धाञ्जली, सहानुभूति र आक्रोशका आवाजहरू आइरहे । तर, हामीले ती सबै विषयलाई थाँति राख्दै प्रमुख हतियारमा साँध लगाउने कार्यलाई निरन्तरता दियौं । साँझसम्ममा प्रतिवेदन पनि तयारी भयो । १६ गते बिहानको पहिलो फ्लाइटमा काठमाडौंको टिकट पनि लियौं । टिकट सायद लेखराजजीले लिइदिनु भयो जस्तो लाग्छ ।

चैत्र १६ गते बिहानको १० बज्न पनि धेरै ढिला भइरहेको अनुभूति हामीलाई भइरह्यो । विराटनगर कार्यालयबाट एयरपोर्ट करिब २.५ किमी मात्र भए पनि ६ बजेदेखि नै जाऔं जाऔं भइरह्यो । हामी करिब ८:३० बजेतिरै एयरपोर्ट पुग्यौं तर हाम्रो हतारोमा जहाज आउने कुरै थिएन । करिब ४० मिनेट ढिला गरी जहाज आयो । हामी १०:४५ बजेतिर जहाज चढ्यौं । त्रिभुवन विमानस्थलबाट सिधै आयोगको केन्द्रीय कार्यलय हरिहर भवन पुग्यौं । प्रतिवेदन बुझाएर आयोगका अध्यक्ष नयनबहादुर खत्रीलाई अनुसन्धानको तथ्य माधवजीले प्रस्ट्याउनु भयो । प्रतिवेदन तत्काल आयोगको बैठकमा पेस गर्ने आदेश वहाँले निमित्त सचिवलाई दिनु भयो ।सचिवले सायद २० गते जस्तो लाग्छ बैठकको तय गर्नु भयो । बैठकले

उक्त घटनाका मृतक रामचन्द्र यादव र दयाराम परियारको परिवारलाई जनही रु. २,५०,०००।– क्षतिपूर्ति उपलब्ध गराउन तथा गोली चलाई ज्यान लिने प्रहरी कर्मचारीलाई फौजदारी अभियोगमा कारवाही चलाउन आवश्यक अनुसन्धान तुरुन्त सुरु गर्ने र यस किसिमको घटना दोहोरिन नदिन चाहिने सतर्कता अपनाउनका लागि आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने र पत्रकार सम्मेलनबाट अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गर्‍यो ।

त्यसपछि पनि पीडितको न्यायको लागि लिखितरूपमा आयोगले धेरै प्रयासहरू गर्‍यो । प्रत्येक वर्ष स्मृति दिवस मनाइरह्यो; आयोगका कर्मचारीहरूले आयोगको कोठामा मात्र हैन सार्वजनिक स्थलमा पुगेर पनि स्मृति दिवस मनाउने र आयोगको सिफासि कार्यान्वयन गर्न माग गरिरहे । तरपनि, पीडित परिवारले आजसम्म न्यायको अनुभूति गरेको छैन; वास्तविक न्यायप्राप्ति भएको छैन। यस अवस्थामा वर्तमान आयोगले मानव अधिकार उल्लङ्घनका दोषीहरूको नामावली अभिलेखीकरण गरी सार्वजनिक गर्ने (कालोसूची प्रकाशन) प्रतिद्बधता जनाइरहेको छ । यसपछि आयोगको सिफारिस कार्यान्वयनमा केही परिणाम प्राप्त हुने आशा पङ्क्तिकारलाई छ । वर्तमान आयोगको सक्रियताले यस विषयमा अपेक्षा गर्न सकिने ठाउँ छ । यति गर्दा पनि कारबाही हुन नसकेमा हामीले दयारामसँग प्रतिबद्धता जनाउनै पर्छ- "कानुनी शासनको खिल्ली उडाउँदै दोषी प्रहरीले बढुवाको पुरस्कार पाए पनि तिम्रा परिवारका सदस्यहरू, तिम्रो तत्कालीन कार्यालय र समग्र नागरिक समाज तिमीलाई न्याय दिलाउन सक्रिय छ । संसारको उदाहरण हेर, वर्षौंपछि पनि त्यस्ता कसूरदारहरू कानुनी दायरामा आएका छन् । विधिको शासन, दण्डहीनताको अन्त्य, पीडितलाई न्याय भन्ने विषय केवल चियागफहरू हैनन् । अवश्य पनि तथ्य र निर्णय तथा सत्य र न्यायको जित हुनेछ । दयाजी ! हामीलाई विश्वास गर एक दिन न्याय प्राप्ति अवश्य हुनेछ ।"

। अस्तु ।

*(लेखक आयोगका मानव अधिकार अधिकृत हुन्)*





# मानव अधिकार आयोग र स्व. दयाराम परियार मानव अधिकार स्मृति सम्मान



*घनश्याम भण्डारी*

'मानव अधिकार रक्षक' भन्नाले व्यक्तिगत रूपमा, समूहमा तथा संस्थागत रूपमा मानव अधिकारको संवर्द्धन, संरक्षण, सम्मान तथा परिपूर्ति सम्बन्धी काममा संलग्न व्यक्ति सम्झनु पर्दछ । सो शब्दले पूर्णकालीन वा आंशिक रूपमा वैतनिक वा अवैतनिक रूपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँछ भनी राष्ट्रिय मानव अधिकार आयोगले जारी गरको मानव अधिकार रक्षक निर्देशिका, २०६८ मा उल्लेख गरिएको छ । निर्देशिका बमोजिम मानव अधिकारको क्षेत्रमा काम गर्ने सबै व्यक्ति मानव अधिकार रक्षक हुन् । यस परिभाषाले राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरूलाई समेत मानव अधिकार रक्षकका रूपमा समेटेको छ ।

मानव अधिकार रक्षकहरू सधैं अरूको अधिकारको रक्षाका लागि दैनिक कार्यक्षेत्रमा खटिन्छन् । जोखिमसँग खेलेर काम गर्छन् । कतिपय अवस्थामा मानव अधिकारकर्मीको आफ्नो ज्यान समेत जान्छ । आज संसारमा धेरै मानव अधिकार रक्षकहरूले मानव अधिकारप्राप्तिको लडाइँमा ज्यान गुमाएका छन् । नेपाल पनि यसबाट अछुतो छैन । सशस्त्र द्वन्द्व कालमा त झन् धेरै मानव अधिकार रक्षकहरूले ज्यान गुमाएका छन् । यस्तै ज्यान गुमाउने मध्ये एक हुन्- आयोगका कर्मचारी दयाराम परियार ।

समावेशीताका आधारमा कर्मचारी छनौट गर्नु पर्छ भनेर सुरुवात गर्ने राष्ट्रिय मानव अधिकार राज्यको पहिलो निकाय हो । आयोगले २०६२ सालमा महिला, दलित, जनजाति, आदिवासी, अपाङ्गता भएका व्यक्ति समेतलाई छुट्टै सिट आरक्षण गरी विज्ञापन प्रकाशित गरेको थियो । त्यही विज्ञापन बमोजिम आवेदन दिई आयोगद्वारा लिइएको खुला प्रतिस्पर्धात्मक लिखित, मौखिक एवम् प्रयोगात्मक परीक्षामा सफल भई २०६२ साल माघ २ गते आयोगको मानव अधिकार सहायक पदमा दयाराम

परियार नियुक्त हुनुभएको हो । नियुक्ति पश्चात् परियारलाई आयोगले तत्कालीन सम्पर्क कार्यालय (हाल क्षेत्रीय कार्यालय) जनकपुरमा खटाएको थियो । उक्त कार्यालयमा कार्यरत रहेकै अवस्थामा २०६२/६३ जनआन्दोलनमा अनुगमन गर्ने क्रममा २०६२ चैत्र ११ गते अपरान्ह करिब ५ बजेको समयमा सुरक्षाकर्मीको गोली लागी परियार गम्भीर घाइते हुनु भएको थियो ।

आफ्नो कार्यक्षेत्रमा कर्तव्यनिष्ठ भई मानव अधिकारको संरक्षण र संवर्द्धनको कार्यमा खटिरहेको अवस्थामा जनकपुरको जनकचोकमा प्रहरीद्वारा चलाइएको गोली लागी घाइते हुनु भएकोमा आयोगको क्षेत्रीय कार्यालय विराटनगरबाट खटिएको विशेष टोली र केन्द्रीय कार्यालयको विशेष पहलमा स्थानीय सुरक्षा निकायहरू समेतको सहयोगमा उद्धार गरी २०६२ चैत्र १२ गते काठमाडौँ महाराजगन्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा ल्याई आकस्मिक कक्षमा उपचार गरी शरीरमा रहेको गोली निकाल्नका लागि शल्यक्रिया गरिएको थियो । शल्यक्रिया पश्चात् उपचार हुँदाहुँदै २०६२ चैत्र १५ गते बिहान २:१५ बजे परियारको असामयिक निधन भयो ।

परियारको निधनबाट उनका परिवारजनका लागि मात्र नभएर समग्र मानव अधिकार समुदाय लगायत राष्ट्रिय मानव अधिकार आयोगलाई अपूरणीय क्षति हुन पुगेको छ । परियारले आफ्नो कर्तव्य पालन गर्दागर्दै आफ्नो जीवन आहुति दिनु भएको हुँदा राष्ट्रिय मानव अधिकार आयोगले प्रत्येक वर्ष चैत्र १५ गतेलाई स्व.दयाराम परियारको स्मृति दिवसका रूपमा मनाउँदै आएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्य क्षेत्रमा कर्तव्यनिष्ठ भई खटिएकै अवस्थामा प्रहरीद्वारा चलाइएको गोलीद्वारा घाइते भई उपचारका क्रममा निधन भएका स्व.दयाराम परियारको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालयबाट समेत खटिएको टोलीले विस्तृत अनुसन्धान गरी आयोगमा पेस गरेको प्रतिवेदन समेतको आधारमा आयोगको मिति २०६२/१२/२० मा बसेको बैठकबाट क्षतिपूर्ति स्वरूप निजको परिवारलाई रु. २५०,०००/- उपलब्ध गराउन तथा उक्त घटनामा संलग्न सुरक्षा अधिकारीलाई फौजदारी अभियोगमा कारबाही चलाउनका लागि नेपाल सरकार समक्ष सिफारिस गरी पठाइएकोमा क्षतिपूर्तिको निर्णय कार्यान्वयन भए तापनि आयोगले सिफारिस गरे बमोजिम कारबाहीको प्रक्रिया समेत हालसम्म पनि सुरु गरेको पाइएको छैन ।





मानव अधिकारको रक्षार्थ स्व.दयाराम परियारको योगदानलाई सम्मान तथा निजको स्मृतिलाई जीवन्त एवम् चिरस्थायी राख्नका लागि आयोगको निर्णय बमोजिम २०६८ सालदेखि प्रत्येक वर्ष स्व.परियारको स्मृति दिवस चैत्र १५ गतेका दिन मुलुकमा मानव अधिकारका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा संस्थाहरू मध्येबाट लैङ्गिक समानताका आधारमा हरेक वर्ष एक जना महिला तथा एक जना पुरुष गरी दुई जना मानव अधिकारकर्मीहरूलाई चाँदीको पातामा आयोगको लोगो अङ्कित उपहार सहितको सम्मान पत्र र दोसल्ला सहितको स्व.दयाराम परियार मानव अधिकार स्मृति सम्मानद्वारा सम्मान गर्ने घोषणा गरिन्छ भने आयोगको स्थापना दिवस जेष्ठ १३ गतेका दिन आयोगमा आयोजना गरिने औचारिक कार्यक्रममा प्रमुख अतिथिको हातबाट सम्मानित व्यक्तित्वहरूलाई सम्मान गरिँदै आइएको छ ।

स्व.दयाराम परियार मानव अधिकार स्मृति सम्मान प्रदान गर्नका लागि आयोगको केन्द्रीय कार्यालयबाट बढीमा पाँच जना र प्रत्येक क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयबाट बढीमा चार जना स्थानीय सम्मानयोग्य मानव अधिकारकर्मीहरूको नाम निर्धारित ढाँचा र समयभित्र केन्द्रीय कार्यालय समक्ष सिफारिस गरी पठाउन आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूलाई अनुरोध गरी पठाउने गरिन्छ । सम्मान प्राप्तिका लागि मोफसलबाट काठमाडौँ आउने मानव अधिकारकर्मीलाई आवत जावत बापत लागेको यातायात खर्च र काठमाडौँ बस्दाको समयका लागि चार दिनको भ्रमण खर्च समेत आयोगले उपलब्ध गराउने गरेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६८/१०/१७ को बैठकको निर्णयानुसार स्व.दयाराम परियार स्मृति सम्मानका लागि उपयुक्त मानव अधिकार सङ्घसंस्था, मानव अधिकार रक्षक, पत्रकार र कर्मचारीको छनौट गर्नका लागि सुरुको वर्षमा आयोगले केन्द्रीय कार्यालयमा आयोगका एकजना माननीय सदस्यको संयोजकत्वमा आयोगका सचिव र दुई जना निर्देशक सम्मिलित एक छनौट समितिको गठन गरेको थियो भने पछिल्लो चरणमा आयोगमा पदाधिकारीहरू रिक्त रहेको अवस्थामा पनि उक्त कार्य सम्पन्न गर्नका लागि आयोगका निर्देशक/उपनिर्देशकको संयोजकत्वमा अनुसन्धान महाशाखा, लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा, तथा प्रशासन महाशाखाको प्रतिनिधित्व हुने गरी एक छनौट समितिको गठन गरेको छ र उक्त समितिले लैङ्गिक समानता, मानव अधिकार संरक्षण र संवर्द्धनमा गरेको मापन योग्य योगदान, मानव अधिकारको क्षेत्रमा कार्य गरेको

अवधि, मानव अधिकार संस्थासँगको आबद्धताको किसिम र अवधि, कुनै सङ्घसंस्थामा आबद्ध भएमा त्यसको सिफारिस, आवद्ध संस्थाको प्रोफाइल, मानव अधिकारको संरक्षण र संवर्द्धनमा सक्रिय रहने प्रतिबद्धता आदि छनौटको आधार तयार गरी निर्धारित समयभित्र प्राप्त हुन आएका सिफारिसहरू मध्येबाट सम्मान योग्य सङ्घसंस्था, मानव अधिकार रक्षक, पत्रकार, कर्मचारी, व्यक्ति अन्तिम छनौट गरी सम्मानका लागि सिफारिस गर्ने गर्दछ ।

आयोगको निर्णय बमोजिम हालसम्म तपसिल बमोजिम मानव अधिकारकर्मी स्व.दयाराम परियार स्मृति सम्मानबाट सम्मानित भएका छन् ।

| **सि.नं** | **नाम थर** | **ठेगाना** | **साल** | |
|---|---|---|---|---|
| १ | श्री दुर्गा घिमिरे | काठमाडौं | २०६८ | महिला अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए बापत |
| २ | श्री चन्द्रकिशोर | पर्सा | २०६८ | पत्रकारिताको क्षेत्रबाट मानव अधिकारको क्षेत्रमा विशेष योगदान पुऱ्याए बापत |
| ३ | श्री टेकनाथ बराल | कास्की | २०६९ | नागरिक समाजको तर्फबाट मानव अधिकारको क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याए बापत |
| ४ | डा.शिवमाया तुम्बाहाम्फे | मोरङ | २०६९ | महिला अधिकारको क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याए बापत |
| ५ | डा.कर्णबहादुर बानिया | पाल्पा | २०७० | मानव अधिकारको संवर्द्धनमा स्थानीयस्तरमा विशेष योगदान पुऱ्याए बापत |
| ६ | श्री शारदा चन्द | कञ्चनपुर | २०७० | जेष्ठ नागरिकको अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याए बापत |
| ७ | श्री विद्यालक्ष्मी राजभण्डारी | भक्तपुर | २०७१ | बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा विशेष योगदान पुऱ्याए बापत |
| ८ | श्री मातृकाप्रसाद देवकोटा | गोरखा | २०७१ | मानसिक स्वास्थ्यको क्षेत्रमा उदाहरणीय कार्य गरे बापत |





पछिल्लो पटक मिति २०७१ चैत्र १५ गते स्व.दयाराम परियारको नवौं स्मृति दिवसको अवसरमा २०७१ सालको स्व.दयाराम परियार मानव अधिकार स्मृति सम्मानद्वारा महिला तथा बालबालिकाको अधिकारका क्षेत्रका क्रियाशील महिला अधिकारकर्मी श्री विद्यालक्ष्मी राजभण्डारी, भक्तपुर र मानसिक स्वास्थ्यको अधिकारको क्षेत्रमा क्रियाशीलश्री मातृकाप्रसाद देवकोटा, गोरखालाई ६७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस २०१५ को अवसरमा आयोग प्राङ्गणमा आयोजित विशेष कार्यक्रमका बिच सम्मान पत्रद्वारा सम्मान गरिएको छ । २०७२ सालका लागि सम्मानित अधिकारमीको छनौट प्रक्रिया अगाडि बढिरहेको छ ।

मानव अधिकार सम्मान पुरस्कार होइन । त्यसैले यो सम्मानमा रकम संलग्न छैन । यो सम्मान आयोगले आफ्ना कर्मचारीप्रति गरेको स्मृति र योगदानलाई चिरस्थायी राख्नु र मानव अधिकारकर्मीहरू जो मानव अधिकारका क्षेत्रमा जोखिम लिएर काम गरिरहेका हुन्छन् त्यसमा हौसला थप्नु मात्र हो । सम्मानमा कुनै लाभभन्दा पनि यसमा प्रतिष्ठा जोडिएको छ । राज्यको संवैधानिक निकायले मानव अधिकार रक्षकहरूको उत्साह थप्न गरेको एउटा प्रयास यो सम्मान हो । यसको उद्देश्य मानव अधिकार रक्षकहरूलाई उत्साह प्रदान गर्नु हो र मानव अधिकारकर्मीहरूमाथि मूल्याङ्कन पनि हो ।

मानव अधिकार रक्षकहरूको सुरक्षाको सबाल अझै पनि जटिल छ । मानव अधिकार रक्षकहरूको सुरक्षार्थ आयोगले मानव अधिकार रक्षक सम्बन्धी निर्देशिका २०६९ बनाई जारी गरेको छ । आयोगले त्यसमा प्रस्ट रूपमा मानव अधिकारको रक्षाको लागि आफूले काम गर्ने र राज्यलाई समेत मानव अधिकारकर्मीको सुरक्षामा जिम्मेवार हुनु पर्ने व्यवस्था गरेको छ । मानव अधिकार रक्षकहरूको सुरक्षाको निमित्त राष्ट्रिय मानव अधिकार आयोगले आवश्यक पहल गर्दै आइरहेको छ ।

भनिन्छ, मानव अधिकार रक्षकहरूले 'सुरक्षा आफैँबाट सुरु हुन्छ' (Safety Satrt from the Self)भन्ने मान्यतालाई आत्मसात् गर्नुपर्छ । तर, सुरक्षा सतर्कता अपनाउँदा अपनाउँदै पनि अधिकारकर्मीले हरेक पाइलामा जोखिम मोल्नु पर्छ । त्यसैले पनि अधिकारकर्मीहरूले पनि एकले अर्काको सुरक्षामा पनि ध्यान दिनु पर्दछ । एउटा मानव अधिकार रक्षकको रक्षा गर्नु अर्को मानव अधिकार रक्षकको प्राथमिक र नैतिक कर्तव्य हुन आउँछ ।

मानव अधिकार र स्वतन्त्रताको संरक्षण, संवर्द्धन र सम्मान गर्नु अनि त्यसका निमित्त वातावरण बनाउनु राज्यको प्राथमिक दायित्व हो । मानव अधिकार रक्षकको संरक्षण, संवर्द्धन र सम्मानका निमित्त राज्यले कानुनी, न्यायिक तथा प्रशासनिक लगायतका माध्यम अवलम्बन गर्नु पर्छ । मानव अधिकार रक्षकहरूलाई आवश्यक सूचनाहरू प्रदान गर्नु राज्यका निकायहरूको कर्तव्य हुन्छ । जोखिम र खतराको अवस्थामा रहेका मानव अधिकार रक्षकहरूको तुरुन्त उद्धार गर्नु सुरक्षा निकाय तथा सम्बन्धित सबैको प्राथमिक कर्तव्य हुनेछ ।

मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मान गर्ने विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दिइएको उच्चतम महत्त्वलाई दृष्टिगत गरी सो काममा संलग्न





मानव अधिकार रक्षकहरूको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हो, त्यसैले मानव अधिकार रक्षकहरूको सुरक्षालाई राज्यले प्राथमिकतामा राख्नु पर्छ ।

राज्यका यी जिम्मेवारी हुँदाहुँदै पनि अझै पनि मानव अधिकार रक्षकहरू जोखिममुक्त छैनन् । अधिकारकर्मीहरूमाथि अहिले पनि हत्या, ज्यान मार्ने धम्की, अपहरण, कुटपिट, यातना, स्वैच्छाचारी पक्राउ र थुना, झुठा मुद्दा, दुर्व्यवहार, बदनामीका काम भइरहेका छन् । यस्तै नियतिको सिकार अयोगका कर्मचारी दयाराम परियार पनि भएका छन् । यस्ता क्रियाकलाप नहुन् भन्नाका लागि राज्य अझै जिम्मेवार हुनु पर्छ । अबका दिनमा दयारामको नियति कसैको नहोस् । सबैले यसमा सजग हुनु आवश्यक छ ।

*(लेखक आयोगका कर्मचारी प्रशासन अधिकृत हुन्)*

# संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र र मानव अधिकार रक्षकको अवस्था



✍ पवनकुमार भट्ट,

## १. मानव अधिकार रक्षक

मानव अधिकार रक्षक भन्नाले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि काम गर्ने व्यक्तिलाई बुझाउँछ । मानव अधिकार रक्षक भनेको को हो ? मानव अधिकार रक्षक कस्ता व्यक्ति बन्न सक्ने भन्ने बारेमा कुनै पनि निश्चित परिभाषा उल्लेख गरिएको छैन । आफ्नो पेसाका रूपमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा संलग्न व्यक्ति बाहेक मानव अधिकार संरक्षण र संवर्द्धनका लागि जुनसुकै क्षेत्रबाट भए पनि काम गर्ने व्यक्ति मानव अधिकार रक्षक हुन् । मानव अधिकारको विषयमा वकालत गर्ने व्यक्ति, मानव अधिकारको क्षेत्रमा कलम चलाउने पत्रकारहरू, पीडितको न्यायका लागि लागिपरेका कानुन व्यवसायीहरू, जातीय विभेदका सवालमा आवाज उठाउने व्यक्तिहरू, महिलाहिंसा विरुद्ध आवाज उठाउने व्यक्तिहरू, श्रमिक व्यक्तिको हकमा काम गर्ने व्यक्तिहरू, पछाडि पारिएका र पछाडि परेका व्यक्तिको हकमा वकालत गर्ने व्यक्तिहरू, आवाज विहीनका आवाजका लागि काम गर्ने व्यक्तिहरू, सही र गलत के हो ? भनी छुट्याउन नसक्ने अथवा कुनै काम गर्नका लागि अर्काको सहयोग चाहिने व्यक्ति जस्तै बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षणका लागि काम गर्ने व्यक्तिहरू, मानव अधिकारको मूल्य र मान्यता अनुसार विना भेदभाव सबैले समान रूपमा जीवन जीउन पाउनु पर्छ भनी वकालत गर्ने व्यक्ति नै मानव अधिकार रक्षक हुन् । मानव अधिकार रक्षकहरूले नागरिक तथा राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सुनिश्चित गराउन तथा मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गर्न र मानव अधिकार उल्लङ्घन हुन सक्ने क्षेत्र वा घटनाका सम्बन्धमा अनुगमन गर्ने, पीडामा परेका, अन्यायमा परेका वा आलो घाउ भइरहेका व्यक्तिको वेदनामा मलम लगाउनेसम्मका कार्यहरू मानव अधिकार रक्षकले गर्ने गर्दछन् ।





मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्रले आम नागरिकको मानव अधिकार, मौलिक हक, संविधान, ऐन, कानुन तथा अन्तर्राष्ट्रिय सन्धि, महासन्धिका प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि काम गर्ने व्यक्ति, समूह, सङ्गठनलाई मानव अधिकार रक्षकका रूपमा परिभाषित गरेको छ । आम नागरिकलाई व्यक्तिगत वा सामूहिक रूपमा अरूसँग सहकार्य गरेर वा एक्लै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रयास गर्ने अधिकार हुने भन्ने कुरा मानव अधिकार रक्षकको घोषणा पत्रमा उल्लेख भएको कारण मानव अधिकारको संरक्षणका लागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा जुनसुकै प्रकारले पनि मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि काम गर्ने जो कोही पनि मानव अधिकार रक्षक हुन सक्छ भन्ने उल्लेख छ ।

नेपालको निजामती सेवामा जस्तो जागिर खान पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष तथा परीक्षण काल क्रमशः १ वर्ष र ६ महिना भन्ने प्रावधान मानव रक्षकका लागि राखिएको छैन । जुनसुकै लिङ्ग, उमेर, समूह, वर्ग, जात, जाति, सुगम, दुर्गम भन्ने नभई सबै खाले पेसा व्यवसाय वा नागरिक समाजका सदस्य मानव अधिकार रक्षक बन्न सक्छन् । एनजिओ तथा आइएनजिओमा कार्यरत व्यक्ति, राष्ट्रिय मानव अधिकार आयोगमा कार्यरत व्यक्ति वा इन्सेक, मानव अधिकार सङ्गठनमा कार्यरत व्यक्ति मात्र मानव अधिकार रक्षक नभई कतिपय अवस्थामा निजामती कर्मचारी, नेपाल सरकारका अधिकारी तथा निजी क्षेत्रमा कार्यरत व्यक्ति पनि मानव अधिकार रक्षक बन्न सक्छन् ।

अर्को शब्दमा भन्नु पर्दा मानव अधिकार रक्षक बन्नका लागि कुनै ज्याकेट अथवा टोपी नै हुनु पर्छ; हातमा डायरी, एप्पलको ल्यापटप तथा मोबाइल र क्यामरा नै हुनु पर्छ भन्ने त्यस्तो कुनै नियम छैन तर मानव अधिकार रक्षकले आफूले काम गर्दा मानव अधिकारको मूल्य र मान्यता, ऐन, कानुन, संविधान, नीति तथा नियमको पालना गर्नु पर्ने हुन्छ । संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार सम्बन्धी उच्चायुक्तद्वारा मानव अधिकार रक्षकलाई व्याख्या गर्ने क्रममा आम नागरिकले गरेको कामको परिणामले जनाउँछ; काम गरे बापत पारिश्रमिक पाए नपाएकाले फरक पर्दैन तर ती व्यक्तिले गरेको कार्यले कुनै व्यक्ति वा समूहको मानव अधिकारको संरक्षण गरेको हुनु पर्दछ भन्ने कुरा बताइएको छ ।

मानव अधिकार रक्षक बन्नका लागि केही सच्चा गुणहरूको आवश्यकता पर्छ; जसमध्ये स्वतन्त्रता, सहनशीलता, धैर्यता, अरूलाई सहयोग गर्ने प्रतिबद्धता, निर्णय

क्षमता, निष्पक्षता, अविभेदप्रति विश्वास, मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्य गर्ने प्रतिबद्धता र त्यसका लागि अदम्य साहस प्रमुख हुन् ।

संयुक्त राष्ट्र सङ्घीय उच्चायुक्तका अनुसार मानव अधिकार रक्षकले गर्नु पर्ने कार्यको कुनै निश्चित सूची छैन । मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन, अनुसन्धान, सूचना सङ्कलन, मानव अधिकारका अवस्थाका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पैरवी गर्ने, दण्डहीनताको अन्त्य गर्न पहल गरी राज्यको त्यस सम्बन्धमा दायित्व सुनिश्चित गर्ने, प्रजातन्त्रको विकास, सुशासन र भ्रष्टाचारको अन्त्यका लागि सहयोग हुने कार्य गर्ने, मानव अधिकार सन्धिहरूद्वारा स्थापित अन्तर्राष्ट्रिय मापदण्डलाई राष्ट्रिय स्तरमा कार्यान्वयन गर्न सहयोग गर्ने, मानव अधिकारको सम्बन्धमा अन्तरक्रिया, छलफल, सार्वजनिक सुनुवाइ, कार्यशाला तथा मानव अधिकार शिक्षा र तालिम दिने जस्ता मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने खालका क्रियाकलापहरू पर्दछन् ।

## २. मानव अधिकार रक्षकको संरक्षणका लागि अन्तर्राष्ट्रिय संयन्त्र

संयुक्त राष्ट्र सङ्घले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि विभिन्न प्रकारका राष्ट्रिय महासन्धिको निर्माण गरे जस्तै मानव अधिकारका क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूको संरक्षणका लागि सन् १९९८ मा विश्वव्यापी रूपमा स्वीकार गरिएका मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रवर्द्धन तथा संरक्षणमा व्यक्ति समूहतथा समाजका अङ्गहरूको अधिकार संरक्षणमा व्यक्ति तथा समूहतथा समाजका अङ्गहरूको अधिकार तथा उत्तरदायित्व सम्बन्धी घोषणा पत्र पारित गरेको छ । जसलाई अर्को शब्दमा भन्दा मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र भनिन्छ । यसमा जम्मा २० वटा धारा रहेका छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा १९ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता, धारा २० मा शान्तिपूर्वक सभा र सङ्गठनको अधिकार, धारा २८ मा सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार सुनिश्चित गरिएको छ भने धारा २९ ले आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारको हनन गर्नुहुँदैन भनी उल्लेख गरेको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १९, २१ र २२ ले विचार र अभिव्यक्ति स्वतन्त्रता तथा शान्तिपूर्ण रूपमा सभा र सङ्गठन गर्न पाउने कुरा उल्लेख गरिएको छ ।





मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र १९९८ को धारा १, ५, ६, ७, ८, ९, ११, १२ र १३ ले मानव अधिकार रक्षकहरूको अधिकार र संरक्षणको व्यवस्था गरेको छ । यस अर्न्तगत निम्न बमोजिमका विषयहरू रहेका छन् :

- व्यक्तिगत वा संस्थागत रूपमा मानव अधिकार सम्बन्धी गधिविधि सञ्चालन गर्ने, सङ्घ सङ्गठन तथा गैरसरकारी संस्था दर्ता गर्ने, शान्तिपूर्वक भेला हुने, मानव अधिकारको सम्बन्धमा सूचना खोजी गर्ने र अभिलेखीकरण गर्ने, मानव अधिकारका नयाँ नयाँ विचार, सिद्धान्तको विकास मानव अधिकारको अवस्थाको बारेमा छलफल गर्ने तथा तिनको स्वीकार्यताका लागि वकालत गर्ने ।
- सरकारी निकाय वा कार्यालयका र सार्वजनिक मामलासँग सरोकार राख्ने संस्थालाई उनीहरूका कमी कमजोरीको बारेमा आलोचना गरी समय सापेक्ष परिवर्तन ल्याउनका लागि सल्लाह र सुझाव सहित सिफारिस गर्ने ।
- मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा उजुरी गर्ने र त्यस्तो उजुरीको सुनुवाइको माग गर्ने, मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि कानुनी सहायता वा उपयुक्त सल्लाह र सहयोग प्रदान गर्ने ।
- विभिन्न प्रकारका सार्वजनिक सुनुवाइ, कानुनी कारबाही, मुद्दाका सुनुवाइहरू राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व अनुरूप भए नभएको मूल्याङ्कन गर्न त्यस्ता सुनुवाइ र कारबाहीका हकमा सहभागी हुने ।
- सङ्घसंस्था तथा सरकारी निकायमा व्यवधान रहित पहुँच र सञ्चार समन्वय स्थापित गर्ने, मानव अधिकारको उल्लङ्घन भएको अवस्थामा प्रभावकारी कानुनी उपचार प्राप्त गर्ने तथा राज्यले गरेको मानव अधिकार उल्लङ्घनको सम्बन्धमा प्रतिक्रिया वा विरोध जनाउँदा कानुन बमोजिम संरक्षण पाउने तथा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि आवश्यक स्रोत एवम् आर्थिक सहायता प्राप्त गर्नेसम्मका अधिकारहरूको व्यवस्था गरेको छ ।

## ३. मानव अधिकार रक्षकप्रति राज्यको जिम्मेवारी/कर्तव्यहरू

राज्य एउटा वैधानिक अङ्ग भएको कारणले सन्धि सम्झौतामा हस्ताक्षर गर्ने र त्यसलाई व्यवहारमा कार्यान्वयन गर्ने जिम्मेवारी राज्यको हो । राज्यले यी सबै

दायित्व तथा कर्तव्यहरू पूर्ण रूपमा आत्मसात् गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ । मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र १९९८ को धारा २, ९, १२, १४ र १५ ले मानव अधिकार रक्षकप्रति राज्यको भूमिका र कर्तव्य तोकेको छ; जुन निम्नानुसार रहेका छन् :

- मानव अधिकारको संरक्षण, संवर्द्धन र कार्यान्वयन गर्ने सबै व्यक्तिहरूको नागरिक तथा राजनीतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको तथा स्वतन्त्रताको सुनिश्चितता गर्ने ।
- मानव अधिकारको मूल्य र मान्यता तथा मौलिक स्वतन्त्रताको प्रकावकारी कार्यान्वयनका लागि प्रशासनिक र अन्य कदमहरू चाल्ने ।
- मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको भनी दावी गर्ने व्यक्तिलाई राहत तथा क्षतिपूर्ति र आम उपचारको व्यवस्था गर्ने ।
- मानव अधिकार उल्लङ्घन भएका भनिएका घटनाको निष्पक्ष छानविन गर्ने ।
- घोषणा पत्रमा भएका अधिकारको उपयोग गर्दा हुन सक्ने कुनै पनि प्रकारको हिंसा, धम्की, यातना, भेदभाव, दबाब जस्ता कुराबाट संरक्षण पाउने अधिकारको सुनिश्चितता गर्ने ।
- मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि राज्यमा भए घटेका सार्वजनिक सरोकारका विभिन्न घटनामा आयोगहरूको निर्माण गरी अनुसन्धान गर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोग जस्ता स्वतन्त्र राष्ट्रिय निकायहरूको स्थापना गरी त्यसको विकासका लागि सहयोग गर्ने ।
- मानव अधिकार संरक्षण र संवर्द्धनका लागि जनचेतना अभिवृद्धि गरी सबै तहमा मानव अधिकारलाई संवर्द्धन र सहजीकरण तथा पेसागत तालिमको आयोजना गर्ने ।

## ४. सबैको जिम्मेवारी

मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र १९९८ का धारा १०, ११ र १८ मा मानव अधिकारको संरक्षण र संवर्द्धन प्रजातन्त्र, लोकतन्त्र र यसका संरचनाहरूको रक्षा गर्न एवम् अरूको मानव अधिकारको हनन नगर्न प्रत्येक व्यक्तिको जिम्मेवारी भएको कुरा उल्लेख गरिएको छ । धारा ११ ले मानव अधिकारसँग काम गर्ने प्रहरी,





कानुन व्यवसायी, न्यायाधीश जस्ता विभिन्न पेसामा संलग्न व्यक्तिको मानव अधिकारको संरक्षण र संवद्‌र्धनमा विशेष भूमिका रहेको कुरा समेत उल्लेख गरेको छ ।

## ५. नेपालमा मानव अधिकार रक्षक सम्बन्धी प्रावधान

नेपालमा मानव अधिकार रक्षकका लागि भनेर छुट्टै कानुनी व्यवस्था हालसम्म गरिएको छैन । तर, विभिन्न कानुनहरूमा मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति वा सङ्गठनहरूले असहाय, असक्षम वा थुनामा परेका व्यक्तिहरूका लागि आफ्नै क्रियाशीलतामा काम गर्न सक्ने अधिकार र कर्तव्यहरू तोकिएका छन् । मानव अधिकार रक्षकको अधिकार संरक्षण र संवर्द्धनका लागि कानुनको अभाव हुँदाको बाबजुद पनि हजारौं मानव अधिकार रक्षक पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कार्यस्थलमा जोखिमपूर्ण अवस्थामा काम गरिरहेका छन् । सशस्त्र द्वन्द्वको वेला कैयौँ मानव अधिकार रक्षकहरूले ज्यान समेत गुमाउनु परेको थियो भने हाल समेत मानव अधिकारको क्षेत्रमा काम गर्ने व्यक्तिको अवस्था सन्तोष जनक भने छैन । आफ्नो ज्यानको वास्ता नगरी मानव अधिकार संस्कृतिको विकासका लागि जोखिमपूर्ण कार्यमा निरन्तर क्रियाशील मानव अधिकार रक्षकहरूका लागि नेपाल कानुनमा छुट्टै व्यवस्था नभए पनि केही कानुनका प्रावधानहरूले उनीहरूको संरक्षण गर्न मद्दत गरेको छ । नेपालको संविधान २०७२ मा भएका मौलिक हक सम्बन्धी व्यवस्था, नागरिक अधिकार ऐन २०१२ र यसका व्यवस्थाहरू, सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ र यसका व्यवस्थाहरू, कानुन व्यवसाय परिषद् ऐन २०५० र यसका व्यवस्थाहरू, समाज कल्याण परिषद् ऐन २०४९ र यसका व्यवस्थाहरू, संस्था दर्ता ऐन २०३४ र यसका व्यवस्थाहरू, श्रम ऐन २०४८, कानुनी सहायता सम्बन्धी ऐन २०५३, राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८, मानव बेचबिखन र ओसार पसार अपराध नियन्त्रण ऐन २०६४ मा मानव अधिकार रक्षक भनी उल्लेख नगरे तापनि उजुरीवालाको सुरक्षाको कुरा गरेको पाइन्छ ।

## ६. नेपालमा मानव अधिकार रक्षकको अवस्था र चुनौती

हामीकहाँ सामान्यतया बोलीचालीको भाषामा मानव अधिकार रक्षक भन्नाले मानव अधिकारको क्षेत्रमा काम गर्ने व्यक्ति भनेर बुझिन्छ । मानव अधिकारको क्षेत्रमाकाम गर्ने सङ्घसंस्थाले पनि मानव अधिकार रक्षकका रूपमा काम गर्दछन् । यसरी काम

गर्ने सस्था स्थानीय, क्षेत्रीय, राष्ट्रिय वा अन्तराष्ट्रिय पनि हुन सक्छन् । मानव अधिकार रक्षकका रूपमा निजामती कर्मचारी तथा निजी क्षेत्रमा कार्यरत कार्यालयका कर्मचारीले पनि काम गर्न सक्छन् तर त्यो व्यक्ति, समूह वा सङ्घसस्थाले मानव अधिकार हननको अन्त्य गर्न तथा संविधान, ऐन कानुन, सन्धि, महासन्धि, मानव अधिकारको मूल्य र मान्यताले प्रत्याभूत गरेका व्यक्तिका आधारभूत स्वतन्त्रताको रक्षार्थ काम गरेको हुनु पर्छ । मानव अधिकार रक्षकले गरेको कार्यले अरूको अधिकारको हनन गरेको हुनु हुँदैन । मानव अधिकार रक्षकको रूपमा काम गर्न कुनै ज्याकेट, टोपी, लिङ्ग, उमेर, भौगोलिक क्षेत्र, जाति, रङ, पेसा व्यवसाय वा भूमिकाले छेक्दैन । मानव अधिकार रक्षकले पेसागत रूपमा वा छोटो समयमा पारिश्रमिक लिई वा नलिई, जाकेट र टोपी लाएर वा नलाएर यो नै गर्नु पर्छ भन्ने त्यस्तो कुनै योग्यता निर्धारण गरिएको नभए तापनि केही आधारभूत विशेषता र गुणको भने मानव अधिकार रक्षक बन्नका लागि नेपालमा आवश्यकता पर्दछ । मानव अधिकार रक्षकले निःसर्त सबै किसिमका मानव अधिकारलाई सम्मान गर्नु पर्दछ ।

मानव अधिकारको क्षेत्रमा बिस वर्ष कामगर्ने तर मानव अधिकारको विश्वव्यापी मान्यता स्वीकार गर्दैन भने त्यो व्यक्तिवा संस्था मानव अधिकार रक्षक हुन सक्दैन । महिला अधिकारको क्षेत्रमा काम गर्ने तर दलित महिलाको अधिकारको सम्मान गरेन भने त्यो व्यक्ति मानव अधिकार रक्षक हुन सक्दैन । मानव अधिकारको आँखामा सबैलाई समान तरिकाबाट हेर्न नसक्ने व्यक्ति मानव अधिकार रक्षक हुन सक्दैन । तर, नेपालमा भने यस्तो पनि नभएको होइन । यहाँ मानव अधिकार रक्षकलाई पनि मनपरि तरिकाबाट नामकरण गरिएको छ । कसैलाई महिला अधिकारकर्मी भनिएको छ; कसैलाई दलित अधिकारकर्मी, कसैलाई दलित महिला अधिकारकर्मी, कसैलाई पहाडी मानव अधिकारकर्मी भनिएको छ भने कसैलाई मधेसी मानव अधिकारकर्मी, कसैलाई आदिवासी जनजाति अधिकारकर्मी भनिएको छ भने कसैलाई बाल अधिकारकर्मी भनिएको छ । त्यति मात्र हैन, अहिलेत मानव अधिकार रक्षक वा संस्थालाई राजनीतिक आस्थाको भरमा पनि छुट्याउने गरिएको छ । मानव अधिकार रक्षकलाई काङ्ग्रेस, एमाले, माओवादी तथा मधेसीपार्टीको अधिकारकर्मी भनेर भन्न थालिएको छ भने मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थालाई पनि राजनीतिक दलसँग जोडेर हेर्ने र उक्त संस्थामा काम गर्नका लागि सोही दलका सदस्य मात्र मानव अधिकार रक्षक हुन सक्ने चलन आएको छ भन्दा





कसको चित्त नदुख्ला ! जसलाई जे नामकरण गरिएको भए पनि सबैको उद्देश्य मानव अधिकारको संरक्षण गर्ने भएकाले सबैलाई हिमाली, पहाडी, दलित आदिवासी अधिकारकर्मी भन्नुको सट्टा मानव अधिकार रक्षक वा मानव अधिकारकर्मीका नामले बोलाइनु बेस होला जस्तो लाग्छ ।

मानव अधिकारलाई राजनीतिसँग नजोडेर पीडितको मानव अधिकारको संरक्षणका लागि स्वतन्त्र तथा निष्पक्ष रूपमा काम गर्नु सान्दर्भिक हुन्छ । तर, त्यति मात्रै पनि कहाँहोर ! राज्यका जिम्मेवार निकायले समेत मानव अधिकार रक्षकलाई मानव अधिकारवादी वा डलरवादी भनेर बोलाउने चलन सिंह दरबारदेखि कालापानीसम्म नै चलेको छ । मानव अधिकार रक्षकले मानव अधिकारको रक्षार्थ गर्ने सम्पूर्ण कार्य शान्तिपूर्वक गरिनु पर्छ । हिंसात्मक कार्यकम वा गतिविधि मानव अधिकार रक्षकको कार्य हुन सक्दैन । तर, नेपालमा भने मानव अधिकार रक्षक भनाउँदाहरूबाटै हतियार बरामद भएको, हिंसात्मक आन्दोलनमा सरिक भएको भनिएका सामाचार पनि वेला बखत बाहिर नआएका होइनन् ।

कानुनको शासनको सम्मान गर्नु मानव अधिकार रक्षकको सबैभन्दा ठुलो धर्म हो भने स्वतन्त्रता, निष्पक्षता र गोपनीयता मानव अधिकार रक्षकको गायत्री मन्त्र हो । हिंसा गर्ने, कर्फ्यु तोड्ने, ढुङ्गामुढा गर्ने, शारिरीक क्षति पुऱ्याउने, नाकामा अवरोध सृजना गर्ने, सवारी साधनमा आगजनी गर्ने तथा अन्य क्षतिका विधि अवलम्बन गर्ने गरी काम गर्ने व्यक्तिवा सस्था जो कोही भए पनि मानव अधिकार रक्षक हुन सक्दैन । सच्चा मानव अधिकार रक्षकले नदीमा पुलको काम गर्दछन्, बिमारीलाई औषधीको काम गर्छन्भने खाडलमा परेकालाई खाडल बाहिरसम्म निकालिदिन सक्छन् । आवाज विहीन तथा पछाडि पारिएका व्यक्ति, समूह वा समुदायको हक अधिकारका बारेमा वकालत गर्न सक्दछन् । यी र यस्ता कार्यले हाम्रो देशमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा मानव अधिकार रक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ ।

मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न सारोकारवाला पक्षलाई दबाब दिने, मानव अधिकार उल्लङ्घनका घटनालाई बाहिर ल्याउने, दोषीलाई कार्यबाहीका लागि तथा पीडितलाई न्यायका लागि पहल गर्ने, मानव अधिकारको विरुद्धमा रहेका कानुन, प्रथा र परम्पराको समय सापेक्ष परिवर्त गर्नका लागि दबाबमूलक कार्य पनि मानव अधिकार रक्षकले गर्न सक्छन । आम नागरिकको चेतना अभिवृद्धि मानव अधिकार रक्षकको अर्को महत्त्वपूर्ण काम हो । यसका लागि पूर्व

मेचीदेखि पश्चिम महाकालीसम्म विविध प्रकारका कार्यक्रम सञ्चालन गर्ने, पुस्तक प्रकाशन गर्ने तथा नाटक प्रदर्शन गर्ने काम पनि मानव अधिकार रक्षकले गरिरहेका छन् । मानव अधिकार रक्षकले मानव अधिकारको संरक्षणमा राज्य सरकारले गरेका कमी कमजोरीलाई औंल्याई मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि सल्लाह र सुझाव दिन सक्छन् । यसरी मानव अधिकार रक्षकले शक्ति विहीनहरूका लागि राज्य पक्ष तथा अन्य दृश्य अदृश्य शक्तिधारी पक्षको विरुद्धमा काम गर्दा विभिन्न किसिमका चुनौतीको सामना गर्न मानव अधिकार रक्षक तत्पर हुनु पर्दछ ।

प्राय:जसो मानव अधिकार रक्षकको जीवन जोखिममा रहेको हुन्छ । मानव अधिकार उल्लङ्घन गर्ने पक्षले मानव अधिकार रक्षकका विरुद्धमा प्रतिशोधको भावनाले ज्यानमार्ने धम्की, कुटपिट, अपहरण, बेपत्ता, हत्या, पक्राउ, यातना तथा थुनामा राख्ने जस्ता कार्य गर्दछन् । कहिले काहीँ भने मानव अधिकार रक्षकलाई स्वतन्त्रता पूर्वक आवत जावत, स्वतन्त्र अभिव्यक्ति, सभा सम्मेलनमा सहभागितामा रोक लगाउने र मानव अधिकार रक्षकलाई झुट्टा मुद्दामा फसाउनेसम्मका कार्य नेपाली इतिहासमा नभएका होइनन् । विगतमा दसवर्षे जनयुद्धको दौरानमा समेत मानव अधिकार रक्षकको राज्य तथा विद्रोही पक्षबाट बाँच्न पाउने अधिकार समाप्त भएका थुप्रै घटना छन् । नेपालको द्वन्द्वकालीन इतिहास हेर्ने हो भने राष्ट्रिय मानव अधिकार आयोगमा कार्यरत कर्मचारी दयाराम परियारको मिति २०६२ चैत्र ११ गतेका दिन साँझको समयमा जनकपुर नगरपालिकामा अनुगमनका क्रममा रहेको अवस्थामा सुरक्षाकर्मीको गोली लागी घाइते भएको अवस्थामा उपचारका क्रममा २०६२ चैत्र १५ गते निजको मृत्यु भएको थियो । त्यसै गरी २०६४ असार २१ गते कञ्चनपुरका पत्रकार प्रकाश ठकुरीको अपहरण गरी हत्या भएको थियो ।

पत्रकारिता मार्फत मानव अधिकार रक्षकको रूपमा काम गरिरहेका बाराका पत्रकार वीरेन्द्र शाहको २०६४ को असोज १८ गते अपहरण गरी हत्या गरिएको थियो भने कैलालीका पत्रकार जेपी जोशी तथा दैलेखका पत्रकार डेकेन्द्र थापा लगायतका अन्य कतिपय मानव अधिकार रक्षकले आफ्नो बाँच्न पाउने अधिकार नै मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि काम गर्दागर्दै गुमाएका थिए । त्यसै गरी विगतका दिनमा मानव अधिकार रक्षकको रूपमा काम गर्ने शिक्षक तथा स्वाथ्यकर्मीले समेत बाँच्न पाउने अधिकार गुमाएको अवस्था विद्यमान छ । पछिल्लो समयमा संविधानको विषयलाई लिएर भएको आन्दोलनमा एक्काइस जना पत्रकारमाथि भौतिक आक्रमण भएको, एक जनालाई गोली लागेको तथा उन्नाइस





जना पत्रकारमाथि दुर्व्यवहार भएकोकुरा पत्रकार महासङ्घले उल्लेख गरेकोबाट समेत मानव अधिकार रक्षकको अवस्था झल्किन्छ ।

मानव अधिकार रक्षकले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि काम गर्दा खेरी सरकारी निकाय, सुरक्षाकर्मी, विभिन्न प्रकारका समूहहरू, बन्दकर्ता, आन्दोलनकर्ता, राजनीतिक दल तथा विभिन्न कार्यमा संलग्न गिरोहहरूबाट वेलावेलामा विभिन्न प्रकारका धम्की, यातना तथा कुटपिट र गाली बेइज्जतीको सामना गर्नु परेको अवस्था हालसम्म पनि मानव अधिकार रक्षकसामु विद्यमान छ । मानव अधिकार रक्षकले नै गैरकानुनी गिरफ्तारीको पनि वेला वेलामा सामना गर्नु परेको अवस्था छ । मानव अधिकार रक्षकलाई आफ्नो पेसा अर्न्तगतको कार्य गर्न पूरा स्वतन्त्रता छ भने तापनि नेपालमा राज्यले अधिकारकर्मीलाई शान्तिपूर्ण भेला वा प्रदर्शनमा रोक लगाउँदै आएको छ । विगतको कुरा गर्ने हो भने पछिल्लो पटक सन् २००७ मा सबैभन्दा बढी मानव अधिकार रक्षक गिरफ्तार गरिएका थिए ।

ऐन, कानुन तथा घोषणा पत्रले प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार हुनेछ; कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन; कानुनमा भएका प्रावधान वा कार्यविधि बाहेक कुनै पनि व्यक्तिको स्वतन्त्रताको अपहरण गरिने छैन भने तापनि नेपालमा अपहरण गरी आफ्ना माग पूरा गराउने प्रवृत्ति बढ्दो छ । यसको सिकार मानव अधिकार रक्षक पनि भएका छन् । मानव अधिकार रक्षकको रूपमा काम गर्दा यस्ता समस्या अन्य पेसाकर्मीको तुलनामा बढी ब्यहोर्नु पर्ने, राज्य तथा विद्रोही सङ्गठनको आँखाको तारो भएर काम गर्नु पर्ने बाध्यतामा बाँचिरहेका मानव अधिकार रक्षकको अधिकारको संरक्षणका लागि उचित तथा शीघ्र उपचारको अधिकार, सुरक्षित स्थानमा शरण लिन पाउने अधिकार, सूचना तथा घटनामा पहुँचको अधिकार, सङ्गठित हुन पाउने, सभा सम्मेलन गर्न पाउने, स्वन्त्रतापूर्वक विचार अभिव्यक्त गर्न पाउने जस्ता अधिकारको खाँचो छ । जसको लागि मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घसस्था तथा मानव अधिकार रक्षकबिच समन्वय, सहकार्य र एकताको खाँचो छ भने राज्यले समेत मानव अधिकार रक्षकलाई हर्ने दृष्टिकोणमा साकारात्मक परिवर्तन गरी आफ्नो दायीत्व पूरा गरेमा केही हदसम्म भए पनि मानव अधिकार रक्षकको अधिकारको संरक्षण र संवर्द्धन हुन्थ्यो कि ?

मानव अधिकारको क्षेत्रमा काम गर्ने व्यक्ति मानव अधिकार रक्षक स्वयम् असुरक्षित हुँदा मानव अधिकार पीडितले न्याय नपाउने तथा मानव अधिकारको उल्लङ्घनको विरोध नहुँदा मानव अधिकार उल्लङ्घन कर्ताको मनोबल बढ्ने अवस्थालाई मध्यनजर गरेर संयुक्त राष्ट्र सङ्घले मानव अधिकार रक्षकको अधिकार, मानव अधिकार रक्षकको सुरक्षामा राज्यले निर्वाह गर्नु पर्ने भूमिका, मानव अधिकार रक्षकप्रति नागरिक समाजको दायित्व, मानव अधिकार रक्षकको नागरिक समाज तथा राष्ट्रप्रतिको दायित्वलाई समेटेर सान् १९९८ डिसेम्बर ९ मा बिसवटा धारा रहेको मानव अधिकार रक्षक घोषणा पत्र जारी गरेको छ । जसको फलस्वरूप विविध कार्यक्रमको आयोजना गरी डिसेम्बर ९ अर्थात् मानव अधिकार रक्षक दिवस तामझामका साथ विविध कार्यक्रमको आयोजना गरी नेपालमा पनि मनाउने चलन बढ्दै गएको छ । मानव अधिकार रक्षकलाई घर परिवार,गाउँ समाज, सङ्घसंस्था, कार्यालय, राजनीतिक दल, आन्दोलनरत पक्ष, सरकार तथा अन्तर्राष्ट्रिय जगत्ले गर्ने व्यवहार, हेर्ने दृष्टिकोण तथा दिने सहयोगमा सकारात्मक परिवर्तनको खाँचो छ ।

## ७. निष्कर्ष

मानव अधिकारको संरक्षण र संवर्दधनका लागि काम गर्ने जो कोही व्यक्ति पनि मानव अधिकार रक्षक हुन सक्छन् । यसका लागि प्रथम श्रेणीमा नै पास हुनु पर्छ भन्ने छैन तर ऐन, कानुन र मानव अधिकारको मूल्य र मान्यता तथा नियमहरूको पालना अवश्य गर्नु पर्छ । मानव अधिकार रक्षकको अधिकारको संरक्षण र संवर्द्धनका लागि नेपालमा राष्ट्रिय स्तरमा बेग्लै कानुनी वा संस्थागत संयन्त्रको व्यवस्था गरिएको छैन । आम नागरिकले नेपालको नागरिक भए बापत पाउने संरक्षणको अधिकार नै मानव अधिकार रक्षकहरूको अधिकारका रूपमा रहेको छ । अर्न्तराष्ट्रिय जगत्को कुरा गर्दा मानव अधिकार रक्षकहरूका लागि संयुक्त राष्ट्र सङ्घीय घोषणा पत्र सन् १९९८ नै मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षण गर्ने पहिलो ऐतिहासिक दस्तावेज हो । मानव अधिकार रक्षकको अधिकारको सरक्षणका लागि घोषणा पत्र पारित भएदेखि नै अफ्रिकी, युरोपेली र अमेरिकी क्षेत्रीय सङ्गठनहरूले आआफ्नो क्षेत्रमा मानव अधिकार रक्षकहरूलाई सहयोग र संरक्षण गर्नका लागि क्षेत्रीय संयन्त्रको विकास गरेको पाइन्छ तर एसिया र मध्यपूर्वी क्षेत्रमा यस्तो संयन्त्रको अभाव खड्किएको छ ।



स्व. दयाराम परियार स्मारिका

नेपालले हालसम्म धेरै कानुन तथा नीति नियमको निर्माण गरे पनि हाल विद्यमान कानुनहरूमा स्पष्ट रूपमा मानव अधिकार रक्षकको संरक्षणका लागि कुनै स्पष्ट व्यवस्था गरिएको छैन । राष्ट्रिय मानव अधिकार आयोग तथा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसस्थाले मानव अधिकार रक्षकको अधिकारका बारेमा वेला वेलामा अवाज उठाउने तथा राष्ट्रिय स्तरमा नै मानव अधिकार रक्षकको सम्मेलन गर्ने गरेको भए तापनि राज्यले त्यसतर्फ कुनै कदम चालेको पाइएन । तर, सर्वोच्च अदालतले २०६४ सालमा मानव अधिकार रक्षकको अधिकार संरक्षण र सुरक्षाका लागि आवश्य नीति तथा कानुनको निर्माण गर्न आदेश दिएको भए तापनि त्यसको पालनका लागि हालसम्म कुनै पहल भएको छैन । यसरी मानव अधिकारको जोखिम रहने हरेक क्षेत्रमा काम गर्ने व्यक्तिको अधिकारको संरक्षणका लागि कानुनको अभाव हुनु, मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घसंस्था धेरै भए पनि रक्षकहरूका बिचमा नै एकता, सहयोग, सहकार्य तथा पारदर्शिताको अभाव रहनु, घर, परिवार तथा नागरिक समाज र राज्यले मानव अधिकार रक्षकलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तनको टड्कारो आवश्यकता छ । मानव अधिकारकर्मीको कामको मूल्याङ्कनको खाँचो छ । मानव अधिकार रक्षकका लागि ऐन कानुनको खाँचो छ । जसका लागि सबैको बिचमा छलफल अन्तरक्रिया तथा बहस पैरबी र चेतनाको खाँचो छ । सङ्घीय नेपाल, गणतन्त्रात्मक, लोकतन्त्रात्मक नयाँ नेपालमा पनि सबैका बिचमा सद्भाव, सहकार्य, धैर्यता, समानता र स्वतत्रता कायम गरी अगाडि बढेमा मानव अधिकारको मूल्य र मान्यता तथा ऐन कानुनका प्रावधान बमोजिम मानव अधिकार रक्षकले मात्र हैन आम नागरिकले पनि भय रहित वातावरणमा मानव अधिकारमैत्री जीवन यापन गर्न पाऊन् भन्ने नै मानव अधिकार रक्षकको चाहना हो ।

*(लेखक आयोगका मानव अधिकार अधिकृत हुन्)*

# दयारामको स्वास्थ्य उपचार र अन्तिम बिदाइ : एक संस्मरण



*वासुदेव वजगाई*

मुलुकमा सशस्त्र द्वन्द्वको प्रभाव बढ्दै गरेको अवस्थामा २०५७ सालमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले २०६१ सालदेखि नै देशका विभिन्न स्थानमा क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापना गरी पहुँच विस्तार गर्ने क्रम सुरु गरेको थियो । आयोगले गरेको विज्ञापनबाट सफल भई नियुक्ति भएका कर्मचारीहरूलाई आयोगका विभिन्न कार्यालयमा खटाइयो । यसैक्रममा दयाराम परियार आयोगको जनकपुर सम्पर्क कार्यालयमा मानव अधिकार सहायक पदमा कार्य गर्ने गरी खटाइएका थिए ।

सशस्त्र द्वन्द्वको समयमा काम गर्ने मानव अधिकार रक्षकहरूको सुरक्षा सधैं चुनौतीको रूपमा रहन्छ । धेरै मानव अधिकार रक्षकहरूले द्वन्द्वरत पक्षहरूबाट ज्यान गुमाएका छन् । दयाराम परियारले पनि यस्तै नियति भोग्नु पर्‍यो । आयोगमा नियुक्ति भएपछि छोटो समय तालिमका लागि केन्द्रीय कार्यालयमा बिताएका दयाराम परियारसँग निकट भएर काम गर्ने अवसर नमिले पनि एक सयभन्दा कम सङ्ख्यामा कर्मचारी भएको संस्थामा हामी एकअर्कासँग नजिकबाट परिचित थियौं । सशस्त्र द्वन्द्वका बिचमा काम गरिरहेका हामीहरूबिच एकअर्काको सुरक्षा, स्वास्थ्य, परिवार लगायतका सामाजिक विषयमा समेत निकटता थियो । यसमाथि पनि सञ्चारकर्मी उनका दाजु प्रकाश परियार हामीसँग परिचित भएको कारण पनि दयारामसँग थप निकटता हुनु स्वाभाविक थियो ।

घटना भएको दिन २०७२ चैत ११ गते कार्यालयबाट घर नपुग्दै साँझ ६:३० बजेतिर जनकपुरमा प्रहरीले चलाएको गोली लागेर दयाराम परियार घाइते भएको र स्थानीय रामचन्द्र यादवको मृत्यु भइसकेको जानकारी प्राप्त भयो । हामी तत्कालै उनको जीवन रक्षाका लागि गर्नु पर्ने काममा जुट्यौं । हामीले गोली लागेको





घाइतेलाई जनकपुरमा स्वास्थ्य उपचार गर्न सकिने सुविधा नभएको निष्कर्ष निकाल्यौं र यथाशक्य चाँडो काठमाडौं ल्याउन हेलिकप्टरका लागि पहल थालियो । तर, उक्त दिन रात परिसकेको कारण सम्भव भएन । उनको स्वास्थ्य उपचारका बारेमा रातीसम्म जनपुरमा सम्पर्क गरेर सूचना लिइरह्यौं । काठमाडौं नल्याई शल्यक्रिया गरेर स्वास्थ्योपचार हुन नसक्ने कुरा निश्चित थियो । भोलिपल्ट बिहानदेखि हेलिकप्टरमा राखेर काठमाडौं ल्याउने पहल सुरु भयो । अन्ततः दिउसो हेलिकप्टरबाट काठमाडौं ल्याई त्रि.वि. शिक्षण अस्पताल महाराजगन्जमा लगियो ।

हामी सँगसँगै अस्पतालमा पुग्यौं । बिदाको दिन शल्यक्रिया गर्ने चिकित्सक नभएको बुझिएपछि हामीले डाक्टर जहाँ हुनुहुन्छ त्यहींबाट ल्याउँछौ भन्यौ । अस्पतालबाट पहल भयो र एक घण्टा जतिपछि शल्यक्रिया गर्ने चिकित्सक अस्पतालमा आइपुगेपछि शल्यक्रिया सुरु भयो । बिरामीको शल्यक्रियाको बारेमा जानकारी लिन हामी आतुर थियौं । उनका परिवारका सदस्यहरू अझ बढी चिन्तित देखिन्थे । दयारामका आफन्त, आयोगका कर्मचारी तथा सञ्चारकर्मीहरूको उपस्थितिले अस्पतालको अप्रेसन थिएटर बाहिर खचाखच भइसकेको थियो । अप्रेसन थिएटरबाट डाक्टर बाहिर निस्किए; त्यसको बाहिर बसिरहेका हामी उनीतिरै झुम्मियौं । डाक्टरले शालीन हुँदै जिम्मेवारीपूर्वक हामीलाई सम्झाउन थाले । उनले भने "हामीले गर्नु पर्ने शल्यक्रिया सफलतापूर्वक गरेका छौं । बिरामी अस्पताल ल्याउन ढिलाइ भएको कारण उनको अवस्था गम्भीर छ र सङ्क्रमणको कारण बिरामीको अवस्था खतरा बाहिर छैन । अब बाँकी कुरा भगवान्को हातमा छ, हामी प्रार्थना गरौं ।" बेलुका अबेरसम्म अब के होला भन्ने बारेमा छलफल गर्दै अस्पतालमा बस्यौं । चिकित्सकको सल्लाह अनुसार टेलिफोन गर्दै रगत खोज्न थाल्यौं । रक्तसमूह मिलेका केही व्यक्तिहरूलाई पुतली सडक स्थित ब्लड बैङ्कमा समय मिलाएर रक्तदान गर्ने तयारी गरी हामी घर फर्कियौं । भोलिपल्ट बिहानै फोन गरेर दयारामको स्वास्थ्यका बारेमा जानकारी लिंदा अवस्था स्थिर रहेको जानकारी पाइयो । अघिल्लाे दिनको सल्लाह अनुसार बिहानैदेखि रगत जम्मा गर्ने तयारीमा लाग्यौं । ब्लड बैङ्क गएर रगत सङ्कलन गरियो । यो क्रम निरन्तर चलिरह्यो ।

अस्पतालमा दयारामका दाजु, दिदी र आफन्तहरूको अवस्था देख्दा धेरै चिन्ता लगेको थियो । उनीहरू धेरै चिन्तित, आक्रोशित र थकित पनि देखिन्थे । हामीलाई यतिका दिनसम्म उपचारमा रहेका मानिस अवश्य बाँच्छन् भन्ने लागेको थियो । अस्तपालमा उनका दाजु प्रकाश लगायत परिवारका सदस्यहरू रातदिन कुरेर

बसिरहेका थिए । यसमा आयोगका केही साथीहरूले पनि साथ दिएका थिए । यसै क्रममा २०७२ चैत्र १४ गते साँझपख अस्पतालमा दयारामका परिवार देख्दा उनीहरू धेरै नै थकित भएको पाइयो । हामीले यतिका दिनसम्म स्वास्थोपचार चलेको छ अब केही हुन्न; आज तपाइँहरू घर गएर आराम गर्नुस्, हामी अस्पतालमा बस्छौ भनेर उनका दाजु प्रकाशलाई सम्झायौं । सुरुमा वहाँहरूले आफूहरू अस्पतालमा बस्ने बताउनु भयो तर हामीसँग कार्यालयको सवारी साधन हुन्छ; केही पर्‍यो भने हामी तत्कालै लिन आउँछौं भनेपछि वहाँहरूले मान्नु भयो र घर जानु भयो । तर, एक जना आफन्त भने अस्पतालमा नै बस्नु भयो ।

त्रि.वि. शिक्षण अस्पतालको आइसियू माथिल्लो तलामा थियो, जहाँ दयाराम उपचाररत थिए । तल्लो तलाको भर्‍याङको छेउमा हामी बेलुका अबेरसम्म कुरा गर्दै बसिरह्यौं । जहाँ अन्य बिरामीका कुरुवाहरू पनि थिए । सवारी चालकलाई अस्पतालभित्रै हामीसँगै बस्न आग्रह गर्‍यौं तर उनी आफूलाई अस्पतालभित्र बस्न असहज लाग्ने भन्दै गाडीभित्र नै सुत्ने बताएर बाहिर नै बसे ।

माथिबाट समय समयमा विभिन्न बेडको नम्बर बोलाउँदै औषधी ल्याउन भनिन्थ्यो । राती २:१५ बजेतिर दयारामको बेडनम्बर बोलाइयो । हामीलाई लाग्यो औषधी चाहियो होला । माथि जाँदा अब दस मिनेटभित्र दयारामलाई मृत घोषणा गर्ने जानकारी गराइयो । हामी छाँगाबाट खसे जस्तै भयौं । अफिसका साथीलाई विभिन्न स्थानमा टेलिफोन गर्न आग्रह गरी म र उनका एक जना नातेदार दयारामको परिवार लिन भनी बाहिर निस्कियौं । गाडी थियो तर चालक गाडीमा थिएनन् । वरिपरि सबैतिर खोज्दा फेला परेनन् । उनीसँग मोवाइल फोन पनि थिएन ।

भोलिपल्ट थाहा भयो गाडी अस्पतालमा राखेर बाहिर लजमा सुत्न गएछन् । म तत्कालै ट्याक्सी लिएर दयारामको परिवार बस्ने स्थान सिनामङ्गलतर्फ लागेँ । बाटामा जाँदाजाँदै के भन्ने भनेर चिन्ता लाग्यो । घरमा लिन आएको देख्ने बित्तिकै वहाँहरू स्वाभाविक रूपमा सशङ्कित हुनु भयो । मैले अवस्था अलि बिग्रिएकोले लिन आएको भनेँ । सबैभन्ने कुरा पनि आएन । वहाँहरू ट्याक्सीमा चढ्नु भयो; अस्पतालतर्फ हिँडियो । म ट्याक्सीको अगाडि सिटमा थिएँ । पछाडि सुँक्कसुँक्क रोएको आवाज आउँदै थियो । अकस्मात् मलाई कुरा के हो स्पष्ट भन्नु भन्ने प्रश्न आयो । मैले पुनः अवस्था गम्भीर भएको भनेँ । बढी कुरा गर्ने साहस मसँग थिएन । हामी अस्पताल पुग्दा दयारामको श्वास प्रश्वास बन्द भइसकेको थियो ।





यो खबर सुनेपछि परिवारका सदस्यहरूको चर्को रुवाइ सुरु भयो । हामीले दाजु प्रकाशलाई तपाईं समालिनु पर्छ भन्यौं । उनकी बहिनी जिउ छाडेर भुइँमा लडिबुडी गर्दै रुन थालिसकेकी थिइन् । हामीले परिवारलाई सम्हाल्ने प्रयास गर्दै थियौं तर हामी आफै संयमता गुमाइरहेका पनि थियौं ।

बिहान मिर्मिरे हुँदा आयोगका कर्मचारी तथा मानव अधिकारकर्मीहरू अस्पतालमा आउन थाल्नु भयो । गोली लागेको कारणले मृत्यु भएको हुँदा पोस्टमार्टम गर्नु पर्ने थियो । दयारामको शरीरमा गोली लागेको प्रवेशविन्दु (entry point) थियो तर निस्केको घाउ (exit point) थिएन । यसको अर्थ गोली शरीरभित्रै हुनु पर्छ भन्ने थियो । तर,पोस्टमार्टमको क्रममा गोली फेला परेन । उनको परिवारले गोली फेला पार्न आयोगका कर्मचारीको रोहबरमा पुनः पोस्टमार्टम गर्नु पर्ने माग राख्यो । सुरुमा हामीलाई पनि कुरा ठिकै लाग्यो । पोस्टमार्टममा आयोगका तर्फबाट कोको बस्ने भन्ने बारेमा छलफल गर्‍यौं । यो सहज कुरा थिएन, आयोगका हामी दुई जना बस्न तयार भई चिकित्सकसँग सल्लाह गर्न गयौं । वहाँहरूले गोली शरीरमा प्रवेश गरेपछि कहाँ पुगेको हुन्छ पत्ता लाउने काम सजिलो नभएको र पुनः पोस्टमार्टम गर्दा पनि त्यो पत्ता लाग्छ भन्ने कुरा सुनिश्चित गर्न नसकिने कुरा भएकाले पुनः पोस्टमार्टम गर्न त्यति राम्रो नहुने सल्लाह दिनु भयो ।

गोली पत्ता लाउनु पर्ने मुख्य कारण भनेको अनुसन्धानको क्रममा कसले चलाएको गोली लागेर मृत्यु भएको हो भन्ने पत्ता लगाउनु थियो । घटना भएकै दिनदेखि जनकपुरमा आयोगको अनुसन्धान टोली खटिइसकेको थियो । हामीले टोलीका साथीहरूसँग परामर्श गर्‍यौ । अनुसन्धान टोलीले घटनामा कसले चलाएको गोली लागेको भन्ने कुरामा कुनै विवाद नभएको र प्रहरीले समेत आफूले चलाएको गोली लागेको स्वीकार गरिसकेको जानकारी गरायो । यसपछि विशेषज्ञ चिकित्सक र हामी बसेर परिवारलाई यो सबै कुरा सम्झाएर पुनः पोस्टमार्टम गर्नु त्यति आवश्यक नरहेको कुरा बतायौं । सबै कुरा सुनेपछि वहाँहरू पुनः पोस्टमार्टम नगर्ने कुरामा सहमत हुनु भयो ।

यसपछि अन्तिम संस्कारको तयारी सुरु भयो । अन्तिम श्रद्धाञ्जली दिन पार्थिव शरीरलाई आयोगको केन्द्रीय कार्यालय हरिहर भवन ल्याइयो । आयोग परिवार, मानव अधिकारकर्मी तथा दयारामको परिवारबाट अन्तिम श्रद्धाञ्जली दिई आर्यघाटमा लगेर अन्तिम संस्कार गरियो ।

यसरी एउटा कर्मठ मानव अधिकार रक्षकको अन्तिम बिदाइ गरियो । अरूको मानव अधिकार संरक्षण गर्ने अभियानमा क्रियाशील हुँदा ज्यान गुमाएका दयाराम आफैले न्याय प्राप्त गर्न नसक्नु विडम्बनाको कुरा हो । नेपालको सशस्त्र द्वन्द्वको समयमा दयाराम जस्ता धेरै निर्दोष व्यक्तिहरूले ज्यान गुमाएका छन् । यस घटनामा राष्ट्रिय मानव अधिकार आयोगले कानुन सम्मत रूपमा अनुसन्धान गरी दोषीलाई कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो । तर, नेपाल सरकारले उक्त सिफारिसको अझै कार्यान्वयन गरेको छैन । बरु दोषी किटान गरिएका व्यक्तिहरूको पदोन्नति भएको छ । सङ्क्रमण कालीन न्यायको माध्यमबाट सशस्त्र द्वन्द्वका घाउमा मलम लगाउने राजनीतिक प्रतिबद्धता कागजमा मात्र सीमित हुन पुगेको छ । दण्डहीनताको यस्तो अवस्थाले मुलुकमा यस्ता घटनाहरूको पुनरावृत्ति रोक्न थप चुनौती सिर्जना गरेको छ । यसर्थ यस घटनामा संलग्न व्यक्तिहरू जुनसुकै ओहोदामा रहेका भए पनि राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस बमोजिम उनीहरूलाई अविलम्ब कानुनी कारबाही गरिनु पर्दछ ।

*(लेखक आयोगका मानव अधिकार अधिकृत हुन्)*



स्व. दयाराम परियार स्मारिका

# मेरो रगतले बाँच्न नसकेका दयाराम



*✍ श्रीराम अधिकारी*

बेलुका ६:३० बजे सहकर्मी मित्र खड्गराज परियारले फोन गरेपछि मात्र मैले थाहा पाएँ । जनकपुरमा गोली लागेर दयाराम घाइते छ अवस्था चिन्ताजनक छ । कान्तिपुर डायरी रेडियोमा तुरुन्त खोलें; समाचार जनकपुरको गोलीसँग सम्बन्धित थियो । आज दिनभर काठमाडौंमा आन्दोलनको अनुगमन गरी सोझै घर आएको थिएँ । आयोगको भिडियो क्यामेरा मसँग नै थियो रेडियोमा बजिरहेको समाचार भिडियोमा रेकर्ड गरें ।

आयोगका तत्कालीन सदस्य सुदीप पाठक र अर्का मित्र माधव गौतमलाई फोन गरें । वहाँहरू दुवै जना पूर्वाञ्चलको भ्रमणमा हुनु हुन्थ्यो । हेलिकप्टरका लागि प्रयास भ रहेको भन्ने जानकारी पाएपछि ढुक्क भएँ । साढे सात बजे पुन:खड्गराज परियारजीको फोन आयो तपाईंसँग मोटर साइकल छ । एक पटक आउनुस् हामी सैनिक अस्पताल छाउनी जाऔं । हेलिकप्टर दयारामलाई लिएर त्यहीं आउँछ । मैले हुन्छ भनें र मैले परियारजीको डेराको लोकेसन मागें । गौशालाबाट आउँदा मैतिदेवी मन्दिर मोडको गल्ली । म एअरपोर्ट पुग्दा पुनः फोन आयो । घनश्याम भण्डारीजी गाडी लिएर आउँदै हुनु हुन्छ ।मैले पुनः सदस्य पाठकसँग कुरा गरें हेलिकप्टर कति बजे आउछ भनेर । सबै नाइट भिजन हेलिकप्टर नेपालगन्ज र सुर्खेतमा रहेका ती हेलिकप्टर अहिले पश्चिम नेपालमा उडिरहेको केही बेरमा उक्त हेलिकप्टर नेपालगन्ज वा सुर्खेत आएपछि मात्र समय थाहा हुने भनेपछि यही जानकारी परियारजी र घनश्यामजीलाई फोनबाट दिएर म घर फर्कें ।

बिहान ७ बजे खड्गजी र म सैनिक अस्पताल छाउनी गयौं । घाइते दयाराम कान्तिपुर टेलिभिजनका पत्रकार प्रकाशचन्द्र परियारका भाइ थिए । केही बेरपछि मलाई पत्रकार महासङ्घका सभापति विष्णु निष्ठुरीले फोन गरे- तपाईंहरू टिचिङ अस्पताल आउनुहोस् भनेर ।

टिचिङ अस्पतालमा सामान्य उपचार भइरहेको थियो तर गोली निकाल्ने चिकित्सक आइपुगेका थिएनन् । मसँग भएको नोकिया ६६०० फोनबाट तस्बिर खिचेँ दयारामको र बाहिर सञ्चारकर्मी साथीहरूलाई उपलब्ध गराएँ ।

म आयोगको कार्यालयमा थिएँ । मलाई ११ बजे घनश्यामजीले फोन गर्नु भयो । वहासँग सबै कर्मचारीको ब्लड गुप्रको लिस्ट थियो । एक जना रामकृष्ण नाम भएको चालक र मेरो ब्लड ग्रुप ओ पोजेटिभ थियो । दयारामको रगत पनि ओ पोजेटिव थियो । तर, ब्लड टिचिङ अस्पतालमा होइन प्रर्दशनी मार्गको रेडक्रसमा दिई उक्त ब्लडलाई सेतो बनाई अनि मात्र दिनु पर्ने थियो । वहाले सबै अह्राउनु भयो । म तुरुन्त चालक रामकृष्णलाई कार्यालयको गाडीमा लिएर ब्लड बैङ्क प्रर्दशनी मार्ग गएँ । त्यहाँ पहिले मेरो ब्लड झिकियो र त्यसलाई सेतो बनाउन निकै बेर कुर्नु परयो । रामकृष्ण चालकले पनि ब्लड दिन्छ ढिलो होला भनेर अर्का सहकर्मी मित्र वासुदेवजी अर्को गाडी लिएर टिचिङबाट ब्लडबैङ्क प्रर्दशनी मार्गमा आउनु भयो र मेरो ब्लड काखीमा च्यापेर लिएर जानु भयो । रामकृष्ण चालकले ब्लड दिइसकेका थिए तर उनको ब्लडलाई सेतो बनाउन बाँकी थियो । तत्कालै वासुदेवजीले मेरो ब्लड लिएर जानु भयो । चालक र म अर्को ब्लड सेतो नहुन्जेलका लागि कुरेर बस्यौं अनि त्यो ब्लड लिएर मात्र टिचिङ अस्पताल गयौं । त्यँहा जाँदा सबैले अर्को ब्लड खोइ ? भनेर मागे अनि तत्कालै त्यो ब्लड चिकित्सककहाँ पुर्‍याइयो । तर, एक छिनमा खबर आयोग दोस्रो ब्लड काम लागेन पहिलो ब्लड दिई सर्जरी भइरहेको अवस्थामा दयारामले सधैंको लागि आखा चिम्लिसकेका थिए ।

मैले रक्तदान आजसम्म गरेको छैन तर बिरामीलाई कति पटक रगत दिएँ त्यसको सङ्ख्या अनगिन्ती छ । तर, जीवनमा पहिलो पटक यस्तो घटना घट्यो मेरो रगतले बिरामी बाँचेन । म निकै उत्साहित थिएँ । जब वासुदेवजीले मेरो रगत लिएर जानु भयो । छाती पिटेर म मेरो मित्र प्रकाशचन्द्र परियारलाई भन्न सक्थें देख्नु भयो मेरो रगतको ताकत आज दयाराम हामीसँग भनेर । मैले उनै बजरङ्गवलीलाई नै सम्झें अनि मनमनै भनें'*जलमे राम थलमे राम सारे जगमे रामैराम*' । जनकपुर जस्तो पवित्र भूमिमा दयारामले भगवान् रामको आशीर्वाद पाउनु पर्नेमा किन लगेको ? जहाँपनि राम थिए दयारामको नाममा पनि राम थियो, त्यही पनि लग्यो । 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो' ।

*(लेखक आयोगका मानव अधिकार अधिकृत तथा हाल उपक्षेत्रीय कार्यालय जुम्लाका कार्यालय प्रमुख हुन्)*





# दयारामसँगै गोली लागी मारिएका रामचन्द्र यादवका परिवारको पीडा



✍ *श्यामसुन्दर शशी*

२०६२ साल चैत्र ११ गते शुक्रबार सन्ध्या प्रहरीले जनक चोकमा अन्धाधुन्ध गोली चलाउँदा मानव अधिकारकर्मी दयाराम परियारसँगै मारिएका जनकपुर उपमहानगरपालिका ४ शान्ति नगरका रामचन्द्र यादवको परिवारले हालसम्म न न्याय पाउन सकेको छ न त उचित क्षतिपूर्ति नै । झन् दुःख लाग्दो के पनि छ भने घरमूलीको असामयिक तथा अमानवीय हत्या पश्चात् पीडित परिवारको आँसु पुछ्न न सरकार अघि आयो न त उनी संलग्न राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कार्यकर्ता नै आए । यस्तो विकट परिस्थितिमा पनि यादवकी धर्मपत्नी शिवकुमारी देवीले आफ्ना तिन नाबालक छोराछोरीलाई लालन पालन गर्ने जमर्को गरिन् । आयस्ताको आभावमा उनका छोराछोरीले राम्रो स्कुल कलेजमा पढ्न नसके पनि ती वीराङ्गना महिलाले गाई पालन गरेर परिवारका लागि दुई छाकको जोहो गरेकी छन् । उनलाई अझै पनि आशा छ- सरकारले ढिलै भए पनि अनाहक ज्यान गुमाएका आफ्ना पतिलाई सहिद घोषणा गर्नेछ अनि उचित क्षतिपूर्ति पनि दिनेछ ।

पिता रामचन्द्र यादवको मृत्यु हुँदा उनका जेठा छोरा दीपक १३ वर्षका थिए र कान्छा छोरा डम्बर ७ वर्षका । बिचमा एक छोरी पनि थिइन्- १० वर्षीया पूजा । पति जीवित रहुन्जेल बाहिरी दुनियाँबाट अनभिज्ञ यादवकी श्रीमती शिवकुमारी देवी छानाबाट खसे सरह भइन् । घर बाहिर के हुँदै छ ? उनलाई केही थाहा थिएन । विशुद्ध गृहिणी शिवकुमारीको समय बालबालिकाको हेरचाह र चुलो बर्तनमै बित्ने गरेको थियो तर पतिको निधनपछि उनीमाथि तिनवटा नाबालक छोराछोरीको लालन पालन र शिक्षादीक्षा लगायतका सम्पूर्ण जिम्मेवारी आइपर्‍यो । जनकपुरमा एक कामचलाउ घरबाहेक सम्पत्तिका नाममा केही थिएन । तर, मिथिलाकी यी नारीले आफ्ना पतिको स्वाभिमानलाई रक्षा गर्दै नाबालक छोराछोरीलाई हुर्काइन् । शिक्षादीक्षा समेत दिँदै छिन् । यसका लागि उनले आफ्नै घरमा गाई पालन सुरु

गरेकी छिन् । व्यावसायिक गाई पालन गर्न पुंजीको अभावमा उनले दुईवटा गाई पालेर परिवारको भरण पोषण गर्दै छिन् ।

उनका जेठा छोरा दीपक अचेल बिबिएसमा अध्ययनरत छन् भने माहिली छोरी पूजा एघारमा । कान्छा छोरा डम्बरले भने नौ कक्षा पढेर विद्यालय छाडिसकेका छन् । निज लेखकसँगको भेटमा उनले भने- 'घरको आर्थिक अवस्था राम्रो छैन । यसो विदेश गएर दुईचार पैसा कमाउने योजना बनाएको छु ।'

जनयुद्ध कालमा माओवादी र राज्य दुबै पक्षबाट मारिएका हजारौं जनालाई सहिद घोषणा गरिएको छ । उनिहरूका आश्रित परिवारलाई उचित क्षतिपूर्ति पनि दिइएको छ तर यादव परिवारलाई राज्यले क्षतिपूर्ति बापत हालसम्म दुई लाख पचास हजार मात्र उपलब्ध गराएको छ । यादव पत्नी शिवकुमारी भन्छिन्-'त्यति वेला छोराछोरीको अध्ययनको व्यवस्था मिलाउँछु भन्थे । छोरालाई जागिर दिन्छु भन्थे तर प्राप्त भने केही भएन ।'

केपी ओली सरकारले गत साता २२ जनालाई शहिद घोषणा गर्दा यादवका जेठा छोरा दीपक प्रसन्न भएका थिए र बजारबाट अखवार ल्याएर गहिरिएर आफ्ना पिताको नाम पनि खोजेका थिए- तर होइन रैछ । 'मेरा पिताको नाम सहिदमा परेनछ'भन्दै उनले निज लेखकसँग गुनासो गरे- 'यस मुलुकमा सहिद घोषणा गर्न पनि काखापाखा हुँदा रैछन् ।'

*(लेखक जनकपुरका पत्रकार हुन्)*



स्व. दयाराम परियार स्मारिका

# Protection of Human Rights Defenders: Challenges and Opportunities



✍Surya Deuja

## 1. General Background

Human rights defenders are working under dangerous situation in the world. There are number of risks against human rights activist including they threat, intimidation or, harassments or criminal action. Similarly, those human rights defenders who are involved in the subject of smear campaigns for public freedoms, including the right to express , freedom of association or freedom of assembly they are frequently targeted by both state and non-state actors. Similarly, Women Human Rights Defenders (WHRDs) are facing additional risks and challenges. In addition to this, human rights defenders working in the front line for promotion and protection of human rights are often become arrested and detained, disappeared or assassinated. Such acts are often guided with the aim of silencing, discrediting, and eliminating the defenders. There are some initiatives towards the protection of human rights defenders. However, there is no effective mechanism for the protection of Human Rights Defenders. In this article, some key concerns and initiatives towards the protection of human rights defenders will be briefly discussed. In doing so, some of the good examples and lessons learnt will be also mentioned. Finally, some recommendations will be made for the protection of human rights defenders.

## 2. Situation of Human Rights Defenders

In a number of countries legislations are being made and used to restrain the activities of human rights defenders and criminalize them including the legislation on anti-terrorism and public security; anti-homosexuality laws;

laws on public morals and so on. There are also legislations that restrict funding from abroad, which have been introduced in a number of States. This leads to associations risking treason charges, having to declare themselves “foreign agents” or having to seek prior approval to fundraise. Similarly, Women Human Rights Defenders are more vulnerable and working under great risks and challenges for their activism on women’s rights and gender issues. Furthermore, specific risks and challenges faced by women human rights defenders have repercussions that such work may have on partners, spouses, and family members of defenders. Women defenders are subject to arrests, ill-treatment, torture, criminalization, unwarranted judicial proceedings, stigmatization, attacks, threats (including death threats), sexual violence and killings. Furthermore, in many cases, the family members of women defenders are also targeted. In comparison to male defenders, women defenders are more at risk of suffering certain forms of violence, as well as prejudice, exclusion and repudiation. Nepali human rights defenders have been facing number of challenges during their work for the promotion and protection of human rights.

## 3. Protection Framework

The laws and policies of the state should be in compliance with the international human rights law and standards so that these frameworks will be able to protect, support and empower human rights defenders. In countries where human rights are specifically recognized and protected in domestic law, those rights are more likely to be respected and realized in practice. Furthermore, the adoption of laws that explicitly guarantee the rights contained in the Declaration on Human Rights Defenders is crucial in that it could contribute to give these rights legitimacy. Similarly, access of public information should be guaranteed by public authorities.

### 3.1 Duty and Responsibility of State

State has primary duty and responsibility to promote and protect human rights and fundamental freedoms of the people. The human rights organizations including the NHRIs should recall the government of their





country that states have the obligation to undertake the required steps to create all conditions necessary to ensure that everyone under their jurisdiction can enjoy all those rights and freedoms in practice including the right to promote and defend human rights. There is no other choice for the states than protecting Human Rights Defenders from any violence, threats, intimidations or any other arbitrary action as a consequence of the legitimate exercise of their work.

### 3.2 UN Declaration on Human Rights Defenders

On 9 December 1998 under Resolution 53/144, the General Assembly of the United Nations adopted the Declaration on the right and responsibility of individuals, groups and organs of society to promote and protect universally recognized human rights and fundamental freedoms[24] known as the Declaration on Human Rights Defenders . Two years later the United Nations Human Rights Commission asked the Secretary General to appoint a Special Representative on human rights defenders to monitor and support the implementation of the declaration. On 26 April 2000 Resolution E/CN.4/RES/2000/6182 led to the creation of the post of Special Representative for Human Rights Defenders. In 2008 Resolution 7/884 led to a renewal of the mandate on the special procedure for the situation of human rights defenders but this time appointing a Special Rapporteur[25] rather than a Special Representative of the Secretary General[26].

---

24 . Résolution 53/144 adopted by the General Assembly.

25 . Human Rights Council Resolution 7/8 on the Mandate of the Special Rapporteur on the situation of human rights
ts defenders http://www2.ohchr.org/english/issues/defenders/mandate.htm

26 . The United Nations Human Rights Commission gives several titles to the experts such as Special Rapporteur, Independent expert, representative of the Secretary General or Representative of the Commission. These titles do not suggest an order of seniority and are not indicative of any powers conferred on the experts. They are simply the result of political negotiations. The key issue is the mandate of the expert as stipulated in the resolutions of the Human Rights Commission. The mandate can focus on complaints of violations, the analysis of a problem, contributions to technical assistance or a combination of several of these. Office of the United Nations High Commissioner.Recommendations on extra-conventional

The mandate of the Special Representative consists in:

"*seeking, receiving, examining and responding to information on the situation and rights of those who acting individually or in association with others seek to promote and protect human rights and fundamental freedoms; establishing cooperation and conducting a dialogue with governments and other interested stakeholders on the promotion and effective implementation of the declaration; recommending effective strategies to better protect human rights defenders and following up on these recommendations*[27]."

Article 18 of the *UN Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognized Human Rights and Fundamental Freedoms*[28], which indicates that:

**3.3 Regional Instruments and Bodies**

As with the universal instruments, the regional instruments recognize and

mechanisms for Guatemala.Introduction. Special United Nations Rapporteurs http://www.oacnudh.org.gt/documentos/publicaciones/KIT%20INSTRUMENTOS%20 INTERNACIONALES/9%20MECANISMOS%20ESPECIALES/9.3%20Introduccion.%20%20Los%20 relatores%20especiales%20de%20las%20NU.pdf

[27] . See http://www2.ohchr.org/english/issues/defenders/mandate.htm

[28] Key features of Declaration are : 1. Declaration explicitly provides that everyone has the right, individually and in association with others, to promote and to strive for the protection and realization of human rights and fundamental freedoms at the national and international levels.

2. Declaration highlights that Individuals, groups, institutions and non-governmental organizations have an important role to play and a responsibility in safeguarding democracy, promoting human rights and fundamental freedoms and contributing to the promotion and advancement of democratic societies, institutions and processes.

3. Declaration provides that Individuals, groups, institutions and non-governmental organizations also have an important role and a responsibility in contributing, as appropriate, to the promotion of the right of everyone to a social and international orderin which the rights and freedoms set forth in the Universal Declaration of Human Rights and other human rights instruments can be fully realized.



स्व. दयाराम परियार स्मारिका

protect the right of association and freedom of thought, opinion and speech; at the same time in some regions of the world specific instruments have been adopted to protect human rights defenders as explained below.

**Latin America and the Caribbean**

In Latin America and the Caribbean the Organization of American States (OAS) has paid special attention to violence against human rights defenders since 1999 by adopting annual resolutions on this subject. For instance, In 2001, in Resolution AG/RES. 1818, 89 the General Assembly of the OAS asked one of the main bodies in its human rights protection system - the Inter-American Commission on Human Rights (IACHR) - to continue to monitor the situation of human rights defenders in Latin America and the Caribbean.

**Africa**

The African Charter on Human and Peoples' rights813 (which does not mention defenders since it pre-dates 1998) authorizes individuals and NGOs to make complaints about human rights violations. Article 56 of the Charter establishes the conditions for doing so, such as avoiding disparaging language against the state involved or against the AU, ensuring complaints are only submitted after national procedures have been exhausted (or illegally delayed) and within a reasonable period of time afterwards, and on condition that these complaints do not involve cases laready settled under the principles of the African Charter.

The African Commission on Human Rights (set up by the Organization of African Unity which is now the African Union – AU) confirmed in the Grand Bay Declaration (1999) the importance of the declaration on human rights defenders approved the previous year by the UN, and called upon African states to implement the declaration in Africa. In 2003, the Commission issued the Kigali Declaration in which it wholeheartedly supported the role of human rights defenders and the need for their protection. By 2004, the African Commission had adopted its first Resolution on the Protection of African Human Rights Defenders which introduced the post of a Special

Rapporteur for Human Rights Defenders in Africa, answerable to the Commission.

**Europe**

The European continent has also emphasized the protection of human rights defenders as is clear from the various initiatives taken by the European Union and the Organization for Security and Cooperation in Europe (OSCE).

**The European Union and the protection of human rights defenders**

Europe addresses the protection of human rights defenders within the wider mandate of the European Commissioner on Human Rights. The 2008 Council of Europe Declaration on Human Rights Defenders, in which the Council of Europe strengthened the Commissioner's dedication to human rights defenders, reviewed the main impediments to their work including protection issues and recommended a series of measures to the member states. Some of these measures are particularly relevant to our study, including granting powers to independent commissions, ombudsmen or national human rights institutions to receive complaints or make recommendations on the violation of the rights of defenders (measure 10), ensuring that national legislation complies with international human rights standards (measure 11) and encouraging governments to consult civil society on human rights issues (measure 17). It also recommends building relationships with "other regional mechanisms, such as those within the African Commission and the Inter- American Commission" (measure 26). In 2004 the EU Council published the European Union Guidelines on Human Rights Defenders.

**Asia**

At the regional level there is the Asian Human Rights Charter developed by Asian Human Rights Commission as civil society initiatives. The Association of South East Asian States (ASEAN) has set up an Intergovernmental Commission on Human Rights since 2009. However, Asia is generally lagging behind other regions in terms of regional human rights





mechanisms and as a result, in mechanisms for the protection of human rights defenders. There has been number of initiatives from civil society for the establishment of Sub-Regional human rights mechanism in South Asia. The protection of human rights defenders is therefore exclusively dependent on governments and on national human rights institutions and therefore lacks the impetus provided in this field by international bodies in other regions.

## 4. Best Practices and Lessons Learnt

In recent years several governments have developed specific national mechanisms to protect defenders, all of them in countries seriously lacking in protection for human rights defenders.

**Colombia**

Colombia was one of the first countries in the world (along with Mexico) to come up with a specific programme to address the protection of human rights defenders. In 1997 article 81 of Law 418 which creates instruments intended to promote coexistence and the efficiency of the judiciary as well as other provisions81 ordered the Ministry of Home Affairs to introduce a protection programme for persons at risk from political or ideological violence or from internal armed conflict.

**Guatemala**

Owing to the political violence generated by internal armed conflict, the issue of human rights defenders was included in the Peace Agreements. As such Commitment 7 of the Comprehensive Agreement on Human rights (CAHR), signed on 29th March 1994 between the government of Guatemala and the National Revolutionary Unit of Guatemala (URNG), acknowledged the importance of the work done by human rights activists and the need to protect them and their work. This document is important not only because it is the first protection instrument for human rights defenders in the country but also because it preceded the declaration on human rights defenders.

**Mexico**

In 1997, through its Council, the Mexican Ombudsman's National Human Rights Commission (NHRC) began to coordinate the Programme of the National Human Rights Commission on offences against journalists and civilian human rights defenders.89

**Nepal**

National Human Rights Commission of Nepal has made number of interventions including investigation and monitoring of causes related to the attack against human rights defenders of Nepal. Similarly, NHRC-Nepal has adopted ***Guidelines on Human Rights Defenders on 2012*** in consultation with human rights defenders of all seventy-five Districts of Nepal. Perhaps this is one of the unique contributions to guide and advise Governments on their human rights obligations, and ensure that international principles and standards are adequately incorporated into domestic law and mainstreamed into public policies including that of human rights defenders.

## 5. Challenges and Opportunities

**(i) Combating Impunity**

There is urgent need to fight against impunity and to guarantee access to justice for violations against defenders. In many cases, complaints by defenders about violations of their rights are not investigated or are dismissed without justification. A State's lack of investigation into violations is immediately seen as condoning attacks against defenders and could nurture an environment where further attacks are perceived as tolerated. Ending impunity is an essential condition for ensuring the protection and safety of defenders. NHRIs should thus ensure prompt and independent investigation of all violations against defenders, and the prosecution of perpetrators regardless of their status.

**(ii) Role of NHRIs as "Defender of Defenders"**

The national human rights institutions (NHRIs) have to play a key role as



स्व. दयाराम परियार स्मारिका

'defender of defenders" in ensuring a safe and conducive environment for defenders. NHRIs have a responsibility to protect human rights defenders. The Paris Principles were designed to allow NHRIs to successfully engage with that responsibility. However, the challenges NHRIs face in carrying out their duty in this regard are growing. These challenges largely stem from the avoidance of key components of the Paris Principles by governments, either in the forming of NHRIs, or in the engagement of governments with them once they have been formed. NHRIs must work in close solidarity with human rights defenders to overcome these challenges and continue to fight for universal human rights.

Margaret Sekkagya, Former Special Rapporteur on Human Rights Defenders has strongly recommended that national institutions have a designated focal point for human rights defenders with responsibility to monitor their situation, including risks to their security, and legal and other impediments.

**(iii) Human Rights Defenders Protection Mechanism**

For the effective human rights protection and promotion it is necessary to have a set of effective protection policies and mechanisms, including public support for the work of defenders. Number of countries have promulgated and implemented policies and plans to ensure effective protection of human rights defenders. There should be consultation and participation of human rights defenders throughout the setting up mechanism or policy regarding protection programs and the structure of such programs . Protection programs should include an early warning system in order to anticipate and trigger the launch of protective measures. It should also assess the safety of the defenders' family members.

**(iv) Capacity Building**

Security and law enforcement officials involved in protection programs should receive specific training on human rights and gender issues. The physical protection of defenders should not be out sourced to third parties unless these have received specific training. Furthermore, adequate

financial resources should be allocated to protection programs.

**(v) Rapid Response Mechanism**

It is important to address the special needs of human rights defenders who face extraordinary risks due to the work that they do and the contexts in which they operate. There should be efficient system for rapid response for the safety of Human rights defenders who are at particular risk of violations, including judges and lawyers; journalists and media workers; trade unionists; youth and student defenders, those working on sexual orientation and gender identity; defenders working on environment and land issues and whistleblowers.

**(vi)Role of NGOs and Civil Society**

The trend of increasing number of acts of intimidation and reprisals against human rights defenders in connection with their engagement with the United Nations and its human rights mechanisms or with regional human rights organizations emerging challenge of the time. Such reprisals include travel bans, harassment, intimidation, threats, physical attacks and killings. Therefore, it is necessary to end such acts of reprisals against human rights defenders.

*****

(लेखक आयोगका उप-निर्देशक हुन् ।)



स्व. दयाराम परियार स्मारिका

# राज्यको दृष्टिमा मानव अधिकार ऐच्छिक विषय भएको छ -*टेकनाथ बराल*



*वि. सं १९९६ सालमा पोखरामा जन्मनुभएका* ***टेकनाथ बराल*** *लामो समयदेखि नेपालको लोकतन्त्र र मानव अधिकारको क्षेत्रमा क्रियाशील हुनु हुन्छ । जीवनको पूर्वाद्‍र्धमा सात वर्ष जति शिक्षण पेसामा संलग्न भएर दलित विद्‍यार्थीहरूलाई विद्‍यालयमा भर्ना गराउने, बालिहरूलाई पढाउने जस्ता काम गर्दा तत्कालीन शासकको तारो बन्नु भएका उहाँलाई २०१७ सालको परिवर्तनपछि शिक्षण पेसाबाट विभिन्न लाञ्छना लगाई निष्काशित गरियो । शिक्षण पेसाबाट निष्काशित भएपछि उहाँ बनारस पुगेर वीपी कोइराला र पुष्पालालको संसर्गमा रहनु भयो र त्यहीँ प्रजातान्त्रिक आन्दोलनमा सरिर्क हुनु भयो । बनारसमा रहँदा नेपाली वाराणसी छात्र परिषद्‍मा आबद्‍ध भई छात्र-प्रवाह प्रकाशन गर्नुभयो । दुई वर्षको भारत बसाइपछि नेपाल फर्कनु भयो । तर उहाँलाई तत्कालीन प्रशासनले पक्राउ गरी जेलमा राख्यो । तिन वर्ष जेल जीवन यापन गरी बाहिर निस्केपछि बराल निरन्तर नेपालको लोकतन्त्र र मानव अधिकारको आन्दोलनमा लाग्नु भयो । २०४६ सालको जनआन्दोलनमा वाममोर्चा गण्डकीको संयोजक समेत हुनु भएका बराल पछिल्लो समय भने पूर्ण रूपमा मानव अधिकारको अभियानमा लाग्नु भएको छ । सादा जीवन र उच्च विचारका धनी बराल समाजमा रहेको महिलालाई धर्मको नाममा गरिने दान (कन्यादान) लाई कुसंस्कार ठान्नुहुन्छ । आफ्‍नो जीवनको सम्पूर्ण अवधि मानव अधिकार र प्रजातन्त्रका लागि समर्पण गर्नु भएका बराल पश्चिमाञ्चलको मानव अधिकारको पर्याय नै हुनु हुन्छ । उहाँको मानव अधिकारप्रतिको कार्यको मूल्याङ्‍कन गर्दै राष्ट्रिय मानव अधिकार आयोगले उहाँलाई २०६९ सालको दयाराम स्मृति मानव अधिकार सम्मान प्रदान गऱ्यो । प्रस्तुत छ, आयोगको यस प्रकाशनका लागि डा.टीकाराम पोखरेलले बरालसँग लिएको अन्तर्वार्ताको सारसङ्‍क्षेप :*

**१. लोकतन्त्र र मानव अधिकारको क्षेत्रमा कहिलेदेखि लाग्नु भयो ?**

साँच्चै भन्ने हो भने म आफैँले थाहै नपाई मानव अधिकारको क्षेत्रमा लागेछु। त्यसवेला मानव अधिकारकै क्षेत्रमा काम गर्छु भनी घोषणा गरेर त लागिएन तर मैले गरेका क्रियाकलाप मानव अधिकारसँग जोडिन पुगेछन् । एउटा विद्यालयमा आठ कक्षामा पढ्दै गर्दा म अर्को विद्यालयमा शिक्षक पनि थिएँ । एकातिर शिक्षक थिएँ, जहाँ चेतनाका कुरा गर्थें; अर्कातिर विद्यार्थी थिएँ र म विद्यार्थी सङ्गठनमा आबद्ध हुन पुगेँ; जहाँ अधिकारका कुरा गर्थें । अधिकारका लागि विद्यार्थीहरूलाई सङ्गठित गर्ने एकातिर काम गर्थें भने अर्कातिर आफूले पढाउने विद्यालयमा दलित र महिलालाई भर्ना गराउने अभियानमा लागेँ, जुन त्यति वेला सामाजिक रूपमा अपराध जस्तै नै थियो । पछि पोखरा छोडेर बनारस पुगेर पनि त्यहाँको नेपाली विद्यार्थी छात्र परिषद्मा आबद्ध भएर लोकतन्त्र र मानव अधिकारको पक्षमा काम गरेँ । नेपालका हरेक प्रजातान्त्रिक आन्दोलनमा मेरो सधैँ सहभागिता रह्यो । जीवनका सुरुवातीमा लोकतान्त्रिक आन्दोलनमा लाग्दालाग्दै मानव अधिकारको पनि समानान्तर रूपमा वकालत गर्दै गएँ । जीवनको पछिल्लो चरणमा भने राजनीतिभन्दा बढी मानव अधिकारलाई नै कर्म ठानेर काम गरिरहेको छु।



**२. त्यस वेला मानव अधिकारको अभियानमा लाग्दा जोखिम र चुनौतीहरू के के थिए ?**

धेरै जोखिम थिए । त्यस वेला राजनीतिक रूपमा खुला वातावरण थिएन । जहाँ राजनीतिक रूपमा अनुदार शासन व्यवस्था हुन्छ त्यहाँ मानव अधिकारको कुरा गर्नु निकै जोखिमपूर्ण हुन्छ नै । स्याङ्जामा दलित विद्यार्थीलाई विद्यालय भर्ना गराउँदा मैले विद्यालय सञ्चालक समितिबाटै विरोधको सामना गर्नुपर्‍यो । बालिकाहरूलाई विद्यालय भर्ना गराउँदा तत्कालीन समाजले पचाएन र मेरो विरोध गर्‍यो । म बैदामको तालबाराही स्कुलमा हेडमास्टर थिएँ । शिक्षकका साथै सामाजिक अभियन्ता पनि थिएँ । मेरो समाजलाई चेतनशील बनाउने गतिविधि मन नपरेर तत्कालीन





सरकारले मलाई विभिन्न आरोप लगाएर विद्यालयबाट निष्कासन गर्‍यो । त्यसपछि बनारसमा निर्वासित भएँ । बनारसमा पनि लोकतन्त्रका लागि सक्रिय भएँ । बनारसको सक्रियताको सूचना नेपालको अनुदार सरकारलाई नहुने कुरै थिएन । पछि नेपाल फर्केपछि तत्कालीन सरकारले मलाई पक्राउ गर्‍यो र तिन वर्ष जेलमा राख्यो । जेल जीवनबाट छुटेपछि पनि कहिल्यै सुखको सास फेर्न पाइएन । सधैँ सत्ताको तारो बनियो । तर पनि, आफ्नो काममा अविचलित लागि रहेँ । जोखिमले मेरो अभियानलाई कहिले पनि रोक लगाउन सकेन । कुकुर भुक्दै गर्छ हात्ती लम्किँदै गर्छ भने झैँ मैले कहिल्यै विश्राम गरिनँ ।

**३. नेपालमा अहिले मानव अधिकारको अवस्था कस्तो छ ?**

अहिले नेपालको मानव अधिकारको अवस्था ज्यादै कठिन घडीमा छ। मानव अधिकारप्रति सबैको आशा छ, तर आशा गरे अनुरूप प्रतिफल नपाएकाले निराशा पनि त्यत्तिकै छ । मानव अधिकार सम्बन्धी संस्था र व्यक्तिहरूमा पनि आफ्नै खालका स्वार्थहरू छन् । धेरैमा यथास्थितिवादी र व्यक्तिवादी प्रवृत्ति हाबी छ । लोभले र स्वार्थले कर्मलाई अछुत रहन दिएको छैन । तर पनि, खुसीको कुरा चाहिँ पछिल्लो समयमा मानव अधिकार चेतना भने बढेको छ। यदि मानव अधिकारको अवस्थामा अझ सुधार गर्ने हो भने हाम्रो आफ्नै सोचाइ, बुझाइ, व्यवहार र आचरणमा सुधार ल्याउनु आवश्यक छ।

**४. नेपालको मानव अधिकारको अवस्था सुधार्न चाल्नुपर्ने कदमहरू के के हुन् ?**

सबैभन्दा पहिले त राज्य नै जिम्मेवार हुनुपर्दछ । राज्यलाई जिम्मेवार बनाउन नागरिक समाजले पनि दबाब दिनु पर्दछ। वास्तवमा भन्ने हो भने गैरसररकारी संस्थाहरू पनि आफ्नो मूल्य र मान्यतामा बस्नु पर्दछ। मानव अधिकारको नाममा कोही व्यक्ति र संस्थाहरू नाफामुखी हुनु हुन्न । कसैले पनि मानव अधिकारलाई बदनाम गराउने काम गर्नु हुन्न ।

**५. पश्चिमाञ्चलमा अहिले सम्बोधन गर्नु पर्ने मानव अधिकारका जल्दाबल्दा मुद्दाहरू के के हुन् ?**

पश्चिमाञ्चलका मानव अधिकारका जल्दाबल्दा मुद्दा भनेकै महिला, बालबालिका, दलितका मुद्दाहरू हुन् । जतिसुकै नारामा समानताका कुरा गरे पनि अहिले पनि महिलाहरू छायामा छन् । कन्यादान जस्तो कुरीति

अझै पनि मानिसले इन्कार गर्न सकेका छैनन् । महिलाहरू घरेलु हिंसाका चपेटामा पनि छन् । जातीय विभेदका घटना पनि यस क्षेत्रको अर्को समस्या हो । पिछडिएका वर्ग र समुदायका हक अधिकार पनि हामीले सम्बोधन गर्नुपर्ने विषय हुन् । समग्रमा शिक्षा, स्वास्थ्य, रोजगारी आदि सबै प्रकारका समस्या कुनै न कुनै रूपमा यस क्षेत्रमा विद्यमान छन् ।

६. **मानव अधिकारप्रति राज्यको भूमिका कस्तो पाउनुभएको छ ?**

मानव अधिकारप्रति राज्यको भूमिका उदासीन छ । त्यसमाथि वर्तमान सन्दर्भमा त झन् नाकाबन्दीले गर्दा मानव अधिकारको विषय छायामा परेको छ । भ्रष्टाचारका कारण सुशानका कुरा सपना भएका छन् । कालोबजारी बढेको छ । राज्यले कालोबजारीमाथि आँखा चिम्लेको छ । समग्रमा भन्दा राज्यको आँखामा मानव अधिकार ऐच्छिक विषय जस्तो मात्र बनेको छ । यो अनिवार्य विषय बन्नुपर्छ ।

७. **वर्तमानमा मानव अधिकार रक्षकको अवस्था कस्तो देख्नु हुन्छ ?**

मानव अधिकार रक्षकको अवस्था पनि त्यति सन्तोषजनक छैन । मानव अधिकारकर्मीहरू आफैँमा सुरक्षित छैनन् । मानव अधिकार रक्षकको रक्षा गर्ने दायित्व राज्यको हो तर राज्यले रक्षकको संरक्षण गर्ला भनेर विश्वास गर्ने आधार छैन । जे भैरहेको छ सबै आफ्नै बल र बुतामा चलिरहेको छ । आफ्नो क्षमताको भरमा काम भएको छ । कतैबाट पनि मानव अधिकारकर्मीलाई उत्साह दिने काम भएको छैन । बरु निरुत्साहन पार्ने काम भएको छ ।

८. **नयाँ संविधानलाई मानव अधिकारका दृष्टिले कसरी बुझ्नु भएको छ ?**

संविधान बन्यो । यो अत्यन्त राम्रो कुरा हो तर संविधान सबैको साझा बन्न सकेन । संविधान सर्वस्वीकार्य हुनु पर्दथ्यो । सबैले अपनत्व महसुस गर्न सक्नु पर्दथ्यो तर त्यसो हुन सकेन । महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायका मुद्दामा संविधानमा खासै प्रभावकारी व्यवस्था गर्न सकिएन । नागरिकसँग भएको क्षमता उपभोग गर्ने र नागरिकलाई सम्मान दिने व्यवस्था गर्न सकेको भए अझ राम्रो संविधान हुन्थ्यो । समग्रमा भन्दा यो संविधान लोकतान्त्रिक र गणतन्त्रमय चाहिँ बन्न सकेन । तर, अब यसलाई स्वीकार गर्नुको अर्को विकल्प पनि छैन । त्यसैले यसबाट जे जति अधिकार प्राप्त भएको छ





त्यसको उपभोग गर्दै आगामी दिनमा थप अधिकारको लागि संविधानको सुधार गर्ने कुरा नै बढी बुद्धिमानी हुन्छ ।

९. **मानव अधिकारको संरक्षणमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका कस्तो पाउनु भएको छ ? आयोगलाई के कस्ता सल्लाह र सुझाव दिन चाहनु हुन्छ ?**

अहिलेसम्मको आयोगको भूमिका सकारात्मक छ । तर, आयोगले यति गरेर मात्र पुग्दैन । अझै पनि आयोग छ भन्ने धेरैलाई थाहा छैन । आयोगलाई घरघरमा पुऱ्याउनु पऱ्यो । सबै नागरिकलाई हाम्रो अधिकारको रक्षा गर्ने आयोग छ भन्ने अनुभूति दिलाउनु पऱ्यो । खास गरी आयोगका सिफारिसहरू कार्यान्वयन भएका छैनन् । सिफारिस कार्यान्वयन गराउन आयोगले विशेष पहल गर्नु पर्छ । नागरिक समाजको सहयोग आवश्यक भए त्यो पनि आयोगले लिनु पर्छ । नागरिक समाजले पनि आयोगलाई सहयोग गर्नु पर्छ र राज्यलाई पनि नागरिक समाजले दबाब दिनु पर्छ । आयोग संस्थागत रूपमा पनि आफैँमा सक्षम हुनु पर्छ । स्रोत साधनसम्पन्न आयोगबाट मात्र सही अर्थमा मानव अधिकारको रक्षा हुन सक्छ ।

१०. **दयाराम मानव अधिकार सम्मान पाउँदा कस्तो अनुभूति भयो ?**

मैले सम्मान र पुरस्कार पाउँला भनेर कहिल्यै केही गरिनँ । सामान्य नागरिकको रूपमा नियमित किसिमले लोकतन्त्र र मानव अधिकारका पक्षमा आफूलाई लगाइरहेँ । तर पनि, आयोगबाट दयाराम मानव अधिकार सम्मान पाएँ । यो सम्मान पाउँदा सामान्य नागरिकको रूपमा जीवन बिताउँदा पनि केही गरेछु भन्ने लाग्यो । आयोगलाई धन्यवाद ।

***

# १९. स्व. दयाराम परियारसम्बन्धित केही तस्वीरहरू









स्व. दयाराम परियार स्मारिका






# २०. स्व. दयाराम परियार सम्बन्धित समाचारहरू











दृष्टिकोण
अधिकार आयोगबारे दस यथार्थ
मान्छे मार्ने नयाँ प्रवृत्ति
जनआन्दोलनमा बर्बर दमन गर्न आदेश दिने चार सुरक्षा निकायका प्रमुख र तत्कालीन गृहमन्त्रीउपर कारबाहीको सिफारिस
कारबाही नगरेकामा सर्वोच्चको प्रश्न
मानव अधिकार आन्दोलनका प्रथ
नेपालीमञ्च
'Rights activists are still unsecur
पाठक मञ्च
भावपूर्ण श्रद्धाञ्जली
स्व. दयाराम परियार
हार्दिक समवेदना
जन्म: २०४०/११/०५
देहावसान: २०६२/१२/१५
राष्ट्रिय मानव अधिकार आयोग सम्पर्क कार्यालय जनकपुरका मानव अधिकार सहायक दयाराम परियारको असामयिक निधन भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।
राष्ट्रिय मानव अधिकार आयोग कर्मचारी परिवार
सहिद दयाराम प्रति हार्दिक श्रद्धा सुमन
देशको राजनीतिमा कालो बादल मडारिएको थियो । भय र आतंकले जनजीवन त्रसित थियो । निरंकुश खूनी शासकहरू जनाधिकार माथि धावा बोलिरहेका थिए । कहाँ कति बेला के हुने हो ? मुलुक संत्रस्त थियो । ठीक त्यसैबेला मानव अधिकार अभियानका होनाहार युवा दयाराम परियार माथि बर्बर ढङ्गले गोली बर्साइयो । चैत्र ११ गते साँझ जनकपुरको जनक चोकमा गोलीको निशाना बनेका परियारको त्रिविवि शिक्षण अस्पतालमा चैत्र १५ गते निधन भयो । उनी सँगै गोलीका शिकार बनेका राजनीतिक कार्यकर्ता रामचन्द्र यादवको घटना स्थलमै मृत्यू भएको थियो । उनीहरूको मृत्यूले सिङ्गो मानव अधिकार क्षेत्र स्तब्ध भयो । परिवारजन शोकग्रस्त भए । संवेदना र सहानुभूतिका शब्दहरू ओइरिए । तर दुर्भाग्य लोकतान्त्रिक सरकारले नत उनलाई सहिद घोषणा गऱ्यो । नत क्षतिपूर्ति नै दिइयो । परियार माथि गम्भीर अन्याय भएको छ । तर पनि मानव अधिकार क्षेत्र मुकदर्शक छ । उनी कार्यरत राष्ट्रिय मानव अधिकार आयोग स्वयं निरीह बन्यो । राजनीतिक दलहरू प्रतिक्रिया विहीन छन् । परिवारजन अदालत धाउन विवश छन् । शोकाकुल परिवारमा संवेदना व्यक्त गर्दछौं । मृतक परियारप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै उनलाई मानव अधिकार क्षेत्रबाट लोकतान्त्रिक आन्दोलनको प्रथम सहिद घोषणा गरियोस् भन्ने माग गर्दछौं ।
राष्ट्रिय उपेक्षित विकास मञ्च
परियार, काठमाडौं, नेपाल